# अध्याय-एक

# परिचय

## १.१ पृष्ठभूमि

भौगोलिक विविधता सँगै नेपाल विभिन्न जातजाति, भाषाभाषी तथा सांस्कृतिक समूहको वसोवास गर्ने थलोको रुपमा परिचित छ । परापूर्व कालदेखि नै यहाँ विभिन्न जाति जनजातिका मानिसहरु बसोवास गर्दै आएको र विभिन्न भौगोलिक क्षेत्र सँग आवद्ध भएको हुनाले उनीहरुको उत्पत्ति, भाषा, संस्कृति मूल्य मान्यता, धार्मिक विश्वास, परम्परा, भेषभूषा, सामाजिक आर्थिक अवस्था आदिमा विविधता रहेको पाइन्छ ।

नेपालमा १०३ जातजाति र ९३ भाषाभाषी समूहको बसोबास रहेको पाइन्छ । (केन्द्रीय तथ्याङ्क विभाग २०५८) । नेपालमा पहिलो पटक वि.सं. २०४८ मा जातजाति सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो । संकलित तथ्याङ्क अनुसार नेपालमा ६० भन्दा बढी जातजातिहरुको बसोवास भएको पाइन्छ । नेपाल एक भौगोलिक विविधतायुक्त देश भएकोले यहाँ जातजातिहरुको बसोवासमा भिन्नता रहेको पाइन्छ । हिमाली प्रदेशमा कुल जनसंख्याको ७.२९ प्रतिशत जनसंख्या बसोवास गर्दछन् (केन्द्रीय तथ्याङ्क विभाग २०५८) । जहाँ शेर्पा, भोटे, ल्होमी आदि जातिको मुख्य वसोवास पाइन्छ भने जसको तिब्बती समाजको भाषा र संस्कृतिसँग समानता छ । यस्तै पहाडी प्रदेशमा कुल जनसंख्याको ४४.२८ प्रतिशत बसोवास गर्दछन् । यहाँ बसोवास गर्ने मुख्य जातिहरुमा ब्राह्मण, क्षेत्री, राई, लिम्बु, गुरुङ, मगर, जिरल, तामाङ्ग, कुमाल, माझी, दनुवार तथा सुनुवार आदि छन् । धरातलीय आधारमा समथर रहेको तराई प्रदेशमा कुल जनसंख्याको ठूलो हिस्सा अर्थात ४८.४३ प्रतिशत मानिसहरु बसोवास गर्दछन् । (केन्द्रीय तथ्याङ्क विभाग २०५८) । यस प्रदेशमा बसोवास गर्ने मुख्य जातिहरुमा थारु, राजबंशी, सतार, धिमाल, मुसहर, चमार, पासवान, यादव, मेहता, राई, मेचे, झाँगड, किसान, ताजपूरिया आदि हुन् (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

पूर्वी तराइको भारत सीमासम्म जोडिएको झापा जिल्ला पनि विभिन्न जातजाति समूहको बसोवासको क्षेत्र रहेको छ । राजवंशी, गनगाई, थारु, ताजपुरीया, धिमाल, मेचे, किसान, माझी, मुण्डा, गुरुङ्ग, राई, लिम्बु, वानियाँ, सुनुवार, राजपुत, हलुवाई, यादव,

वंगाली, दमाई, कामी, सतार आदि विविध जातजाति समूहको बसोवास रहेको छ । (जिल्ला परिचय झापा, २०६३) । त्यसमध्ये सतार एक आदिवासी जाति हो । यिनीहरु हिन्दु धर्म अवलम्बन गर्दै आएका छन् । आफ्नो छुट्टै धर्म भएको वताएपनि अधिकांश सतारहरुले हिन्दु धर्म मान्दै आएको बताएका आधारमा **२०६८** सालको जनगणना अनुसार नेपालमा सतार जातिको जनसंख्या **४२ ,६९८** छ अर्थात कुल जनसंख्याको। **०१९** प्रतिशत हुन आउँछ ।

सतारहरु स्वभावमा संकोची प्रवृत्ति र कुनै अपरिचित प्रति बढ्ता आकर्षित भएर चाडो घुलमिल हुन नसक्ने तथा नयाँ कुराहरुप्रति उत्सुक भएर पनि परिवर्तनलाई स्वीकार गरी हाल्ने आँट नभएका आर्थिक पछौटेपनका कारण सामाजिक चेतना कम भएका सतार जाति झापा र मोरङ्गको एक पुरानो आदिवासी जनजाति मानिन्छ (राजधानी दैनिक, २०५८, माघ २३) । नेपालको आदिवासीको रुपमा बसोवास गर्दै आएपनि आफ्नो कतिपय संकीर्ण सामाजिक मान्यताका कारणले राष्ट्रिय प्रवाहबाट यो जाति वर्तमान अवस्थामा पनि भिन्न रहेको अनुभव हुन्छ । आफ्नो समुदाय छोडेर अरुको समुदायमा बसोवास गर्न नरुचाउने यो जाति पूर्णतः कृषि र पशुपालन व्यवसायमा आस्रित छन् । केही दशक अघिसम्म यी जाति झापा र मोरङ्गका अधिकांश कृषियोग्य भूमिका स्वामी थिए । त्यसताका उनीहरुको जीवन सुखी र सामान्य थियो । तर हालको समयमा बढ्दो जनसंख्या, भूमि विखण्डनमा आएको तिव्रता कृषिको वैकल्पिक रोजगारको अभाव तथा तिनीहरुको सरल र सहज स्वभाव आदिको कारण यो जातिको जनजीवन दिन प्रतिदिन कष्टकर र लोप हुँदै गइरहेको छ ।

देशका विभिन्न भू-भागमा छरिएर परापूर्व कालदेखि बसोवास गर्दै आएका विभिन्न जातजातिहरुमा आ-आफ्नै सामाजिक र सांस्कृतिक परिवेशमा जीवनयापन गर्दै आएता पनि एक अर्काको सामीप्यता तथा समिश्रणणबाट सामाजिक तथा सांस्कृतिक परिवर्तनले गर्दा यिनीहरुको सामाजिक तथा सांस्कृतिक विशिष्टतामा समेत गम्भिर अतिक्रमण शुरु भएको पाइन्छ । यस्तो अवस्थामा विभिन्न जातिहरुले अन्य जाति समूहको मानिससँगको संगत र सम्पर्कबाट आफ्नो परम्परागत रितीरिवाजलाई विर्सदै आफ्नो पहिचानलाई समेत गुमाउन सक्ने सम्भावना विद्यमान रहन्छ ।

हरेक जातजातिहरुको आ-आफ्नै सांस्कृतिक रितीरिवाज, सामाजिक संस्कार एवम् भाषा हुन्छ त्यसैगरी चन्द्रगढी गा. वि. स. हाल भद्रपुर नगरपालिका मा वसोवास गर्ने विभिन्न

जातजातिहरु मध्ये सतार एक आफ्नै छुट्टै विशिष्ट संस्कृति भएको जाति हो त्यसैले यस अध्ययनमा सतारको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवश्था र उनीहरुमा आएको परिवर्तन आदिलाई समेटिएको छ ।

सतारहरु यहाँ मात्र नभएर भारतमा पनि शोसित भएर बाचेका छन । भारतमा पनि यिनिहरु को भाषा र संस्कृति लोप भैरहेको छ. अत परिवर्तनशील समाज को प्रभाबमा परेर सतारहरु पनि आफ्नो उत्थान र बिकाश को लागि सक्रिय भए संगठित भएर अन्तरास्ट्रिय सन्थाल काउन्सिल को स्थापना गरेकाछन । ई १९९१ मार्च १३, १४, १५ मा भारत को जम्सेदपुरमा भाषा र साहित्यको लागि पहिलो अन्तरराष्ट्रिय सम्मेलन भएको थियो भने दोस्रो अन्तरास्ट्रिय सम्मेलन ई १९९३ मार्च १३ र १४ मा नेपालको झापा जिल्लाको चन्द्रगडी स्थित अध्ययन क्षेत्र कल्बल्गुरिमा सम्पन्न भएको थियो । उक्त सम्मेलन मा संथाली भाषाको समस्या र यसको समाधान नामक कार्यपत्र राँची विश्व बिद्धयालयका जनजाती र छेत्रीय भाषा विभागमा कार्यरत श्री गणेश मुर्मुले प्रस्तुत गरेका थिए

## १.२ समस्याको कथन

नेपालको ५९ जनजाती मध्ये झापा, मोरंग जस्तो तराई भेगमा पाइने सतार समुदाय धेरै नै पिछडिएको समुदाय मध्ये एक हा । सतारहरु राम्ररी नेपाली भाषा बोल्न नसक्ने र लजालु प्रबृत्तिक कारण उनिहरु बाट प्रश्नको उत्तर संकलन गर्न अप्ठ्यारो पर्नु स्वाभाविक हो । विहान ६ वजेदेखि बेलुका ६ वजेसम्म निरन्तर रुपमा काम गर्न सक्ने सतारहरु वास्तवमा परिश्रमी र लगनशीलताको प्रतिमुर्ती हुन् । सतारहरु आफ्ना ब्रम्हले देखेको र चित्तले खाएको कुरा भन्न कति पनि हिचकीचाउदैनन् । त्यसैले अन्य जातिय समाजमा निहित जालझेल र कुटनैतिक प्रपञ्चको शिकार भएका छन् । आफ्नो व्यवसाय सोझो तरिकाले निरन्तर कायम राख्नुनै सतारहरु आफ्नो परम कर्तव्य सम्झन्छन् । बाक्लो जङ्गलमा तिरको भरमा शिकार खेल्न र गाउँमा लाग्ने डाकुहरुसँग आफ्नो कमजोर स्थितिमा समेत डटेर मुकाविला गर्न सक्नुले यिनीहरुको साहासलाई सहजै अनुमान गर्न सकिन्छ । आफ्ना परम्परागत बाजा बजाउनु, खेतवारी मेला पातमा समेत गीत गाएर रमाइलो गर्नु, यिनीहरुको अर्को विशेषता हो । विभिन्न चाडपर्वमा अत्यधिक मदिरा सेवन गर्नु यिनीहरुको कमजोर पक्ष मान्न सकिन्छ ।

यो अनुसन्धानले चन्द्रगढी गा. वि. स. हाल भद्रपुर नगरपालिका जुन झापा जिल्लामा रहेको छ, त्यसै ठाउँका सतारहरुमा अध्ययन केन्द्रित रहेको छ । यिनीहरुको आफ्नो किसिमको रितथीति, सामाजिक मान्यता धार्मिक परम्परा र चाडपर्वहरु रहेका छन् । तर अहिले सम्म पनि यिनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक पक्षलाई समेत समेटेर विस्तारपूर्वक अध्ययन र अनुसन्धान खासै भएको पाइदैन । त्यसकरण यस अध्ययनमा तल दिइएका प्रश्नहरु वारेमा खोज गरिएकोछ ।

सतार जातिको उत्पत्ति, पुख्यौली इतिहास समाजिक परम्परा, चाडपर्व, भेषभुषा, कलाकौशल के कस्ता थिए र अहिले कसरी परिवर्तन भए र परिवर्तनका कारणहरु का कारणहरु के के रहेका छन्

सतार समुदायको आर्थिक क्रियाकलाप के के छन?

## १.३ अध्ययनको उद्देश्य

कुनैपनि अध्ययनको आफ्नै किसिमको उद्देश्य रहेको हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य झापा जिल्ला चन्द्रगढी गा.वि.स.सतार जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन गर्नु हो । यसप्रकार यस अध्ययनको निम्न उद्देश्यहरु रहेको छ।

क.सतार जनजातिको उत्पत्ती, इतिहास, परम्परा र भेषभुषा वारेमा अध्ययन गर्ने ।

ख.सतार जनजातिको आर्थिक, सामाजिक र सांस्कृतिक जनजीवनमा देखा परेको ग।

ग.परिवर्तनका कारण र त्यसका पारीणाम वारेमा अध्ययन गर्ने, तथा

घ.सतार जातिका आर्थिक कृयाकलापहरु वारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र भौगोलिक विविधताले भरिपूर्ण भएको हुनाले विश्व समुदायको लागि एक सांस्कृतिक संग्रालयको रुपमा रहेको छ । तसर्थ नेपालमा बसोवास गर्ने सम्पूर्ण जात जातिको अध्ययन विना नेपाली समाज र संस्कृतिको अध्ययन सम्भव छैन । देश निर्माणमा सम्पूर्ण जात जातिको योगदान समान रुपमा भएता पनि वर्तमान अवस्थामा कुनै समुदायको अस्तित्व समेत मेटीन सक्ने अवस्था छ, तर त्यस जाति वा समुदायको खोज र अध्ययन हुन सकिरहेको छैन वा अत्यन्त न्यून मात्रामा छ । यसको उहाहरणको रुपमा रहेको छ । आदिवासी जनजाति समुदाय भित्रको सतार

जाति/संस्कृतिको धनी यो जाति परम्परादेखि नै पिछडिएको जातिको रुपमा रहदै आएको छ ।

पूर्वी तराई क्षेत्रको झापा र मोरङ्ग जिल्लामा बस्ने विभिन्न जातिहरु मध्ये सतार जाति पनि एक मानिन्छ । यी जातिको विषयमा विभिन्न विद्वान्हरुले विभिन्न समयमा अध्ययन अनुसन्धान गरेको भएपनि झापा र मोरङ्ग जिल्लामा आदिवासीको रुपमा वसोवास गर्दै आएको सतार जातिको सामाजिक सांस्कृतिक र आर्थिक अवस्था साथै परिवर्तनको वारेमा गहन अध्ययन अनुसन्धान भएको पाइदैन । त्यसैले दिनानुदिन निर्धन हुदै गइरहेको यो जातिको सामाजिक तथा आर्थिक अवस्थाले गहन रुपले अध्ययन र अनुसन्धान गरी लोपोन्मुख रहेको संस्कृतिको संरक्षण गर्नु नितान्त आवश्यक हुन्छ । वर्तमान सन्दर्भमा आधुनिकीकरण, बढ्दो शैक्षिक गतिविधि साथै अन्य जातजातिगत समूहको सम्बन्धले गर्दा यि सतार जातिमा दिनप्रतिदिन परिवर्तन आइरहेको छ । त्यसैले यो अनुसन्धान सतार जातिसँग नजीक भई सम्बन्धित क्षेत्रमै गएर वास्तविक तथ्याङ्क संकलन गरिएको हुनाले सतार जातिको उन्नतिको निम्ति नीति निर्माण गर्नमा यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्दछ । विभिन्न जात जातिको अध्ययन र अनुसन्धान गर्ने व्यक्ति र संस्थाहरुलार्य अध्ययन सामग्रीको रुपमा सहयोग पुऱ्याउनुको साथै सतार जातिको सम्बन्धमा नेपाल सरकार र गैरसरकारी संस्थाहरुलाई योजना बनाउन सहयोग पुऱ्याउने छ ।

यो अध्ययनको कारण के पत्ता लगाउन सकिन्छ भने यीनीहरुमा अशिक्षा र अज्ञानता ज्यादा मात्रमा रहेको कारण उन्नती र प्रगती गर्न नसकेको रहेछ. यिनिहरुलाई लक्छित गरी बिभिन्न आर्थिक र सामाजिक कार्यक्रमहरु गर्न आवश्यक छ ।

## १.५ अध्ययनको सिमा

प्रस्तुत अध्ययन चन्द्रगढी गा.बि.स हाल भद्रपुर नगरपालिकाका सतारहरु सँग मात्र गरिएको छ । यो अध्ययनमा यस् क्षेत्रका सतारहरुको सामाजिक जनजीवन, आर्थिक अवस्था पहिलेको र हाल को अवस्थामा आएको परिवर्तन बारे थाहा पाउने उदेश्य रखिएको छ।

अध्ययनलाई अझ बिस्त्रित बनाउन अन्य क्षेत्र को सतारहरु सँग पनि सोध खोज गरी उनीहरु को बारेमा पनि उल्ल्खेख गरिएको छ । नेपाल आधिराज्य भरिका सतार जातिको बारेमा अध्ययन गर्दा ज्यादै बिस्त्रित हुनुका साथै बिभिन्न प्राविधिक कारण सम्भब नहुने

कुरलाई अध्ययन गरेर झापा जिल्ला को चन्द्रगढी हाल भद्रपुर नगरपालिकालाई मात्र अध्ययन क्षेत्रको लागि चुनिएकोहो ।

झापा जिल्ला भरी नै सतार जतिको बसोबास छ तर सम्पूर्ण सतारको अध्ययन गर्दा भन्दा निस्चित क्षेत्रलाई लिएर अध्ययन गर्द वास्तविक अध्ययन गर्न सजिलो पर्छ भनेर सानो र सिमित क्षेत्र चन्द्रगडीलाई अध्ययन सिमा बनाइएको हो। सबै सँग भेट गर्न असम्भब भएकोले कुल सङ्ख्यामा ४० घर सँग मात्र सोधखोज गरी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन चन्द्रगढी हाल भद्रपुर नगरपालिकामा बसोबस गर्ने सतारहरुले दिएको उत्तरमा पूर्णतया आधारित छ। अन्य क्षेत्रको तुलनमा यस् क्षेत्रका सतार जाती केही मात्रामा साक्षरता पनि छन जस्को कारण उत्तर सटिक र सत्य छन।

## १.६ अध्ययनको सङ्गठन

यो अध्ययनलाई जम्मा सात भागमा विभाजन गरिएको छ । प्रथम अध्यायमा अध्ययनको परिचय, दोस्रो अध्यायमा सन्दर्भ सामाग्रीको समीक्षा, तेस्रो अध्यायमा अनुसन्धानको क्रममा प्रयोग गरेका विधि, चौथो अध्यायमा ो अध्ययन गरिएको क्षेत्रको परिचय, पाँचौ अध्यायमा सतार जातिको सामाजिक,सास्कृतिक,राजनैतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन र यसका कारणहरु, छैठौ अध्यायमा सतार जातीको आर्थिक र सामाजिक अवस्था, र सातौं अध्यायमा साराशं, निष्कर्ष पेश गरिएको छ ।

# अध्याय -दुई

# सन्दर्भ सामग्री समिक्षा

## २.१ सतार जनजातिको परिचय

नेपालको पूर्वी तराईमा बसोवास गर्ने सतार जातिको वारेमा विस्तृत रूपमा अध्ययन र खोजहरु भएका छैनन् । त्यसैले यी जातीका वारेमा लेखिएका गहन अध्ययनहरु त्यति पाउन सकिएको छैन । बुहभाषी, बहुजाति र बहुसंस्कृतिको संगम भएको देश नेपालमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरुले विभिन्न दृष्टिकोणबाट विभिन्न जातिहरुको अध्ययन अनुसन्धान गर्दै आएका छन् । पहाडी र हिमाली क्षेत्र प्राकृतिक सुन्दरताले भरिपूर्ण अर्थात अन्य वातावरणको कारणले गर्दा विद्वानहरु यस क्षेत्रमा बढी आकृष्ट भई अध्ययन अनुसन्धान गर्ने क्रममा नेपालको पूर्वी क्षेत्रलाई भन्दा पश्चिमी क्षेत्रलाई बढी महत्व दिएको देखिन्छ । तर पनि नेपालको पूर्वी तराई क्षेत्रमा केही मात्रामा अध्ययन अनुसन्धान भने नभएको होइन ।

विशेष गरी तराईको जनजातिको वारेमा अध्ययन गर्ने क्रममा सवैभन्दा पहिला विष्ट (१९६७) ले  सतार लगायत बाह्र वटा जनजातिको अध्ययन गरी ''People of Nepal'' नामक ग्रन्थ प्रकाशित गरेको पाइन्छ । यस लेखमा सतार जातिको रितिरिवाजको बारेमा सामान्य चर्चा गरिएको छ । यसमा सतार जातिको विवाह पूर्व यौन सम्बन्ध छम्य भएतापनि कन्या गर्भवती भएमा सम्भव भएसम्म कन्याको प्रेमी आफैंले विवाह गर्नुपर्दछ । अन्यथा अर्को दुलाहा खोजी विवाह गरिन्छ, त्यसलाई ज्वाई किन्ने विवाह भन्ने गरिन्छ । यिनीहरुको मुख्य देवता माराङ्ग वरु ठाकुर नामले उनीहरु महान सृष्टिकर्ताको अस्तित्वलाई स्वीकार गर्दछन् । उनको अर्को पुस्तक ''सवै जातको फूलवारी'' (२०३०) मा उनले नेपालका विभिन्न जाति जनजातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरेका छन् । सम्भवतः धेरै जनजातीलाई समेटेर विभिन्न पक्षको अध्ययन गरिएको यो पुस्तक नै समाजशास्त्र र मानवशास्त्रको क्षेत्रमा महत्वपूर्ण  मानिएको पहिलो पुस्तक हो । यस लेखमा सतार जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको सामान्य चर्चा गरेका छन् । उनीहरुको पछौटेपनको कारणहरु पनि औल्याएको पाइन्छ ।

Dalton,(1972) ले "Ethnic History of Eastern India" मा सतार जातिको उत्पत्ति, वसाई, संस्कृतिको वारेमा विस्तृत उल्लेख गरेको भएतापनि सामाजिक परिवर्तनको वारेमा प्रकाश पार्न त्यति सफल भएको देखिदैन ।

Calplon, (सन् 1960) ले पूर्वी नेपालको किपट जग्गा स्वामित्वको लागि राई, लिम्बु र बाहुन बीच चलेको द्वन्द्वको चित्रण गरेका छन् । पहिला लिम्बुहरुले पाएको किपट जग्गा पछि क्रमशः बाहुनहरुले हत्याउँदै लगे । यसरी आफ्नो जग्गा बाहुनले कब्जा गरेका कारण लिम्बुहरु बसाई सर्न बाध्य भए । जसबाट जातिगत आधारमा माथिल्लो जातिले तल्लो सोझा सिधा सन्यालहरुलाई कसरी आफ्नो जाल भित्र पारेर उनीहरुको जग्गा आफ्नो कब्जामा लिए भन्ने चित्रण गर्न सकिन्छ ।

Nepali ,(सन् 1975) ले विशेष गरी कीर्तिपुरका नेवार समुदायमा आधारित रहेर तयार पारिएको कृति "The newar" भन्ने पुस्तकमा नेवारहरुको भौतिक सामाजिक संरचना र त्यस संरचना भित्र रहेको प्रकार्यात्मक एकता, मौलिक, सांस्कृतिक एकताको व्याख्या गरेका छन् । उनले नातेदारी विवाह, परिवार, पर्व, संस्कार, सामाजिक संगठन आदिको पकार्यात्मक एकता रहेको व्याख्या गरेका छन् । सतार जातिमा पनि यि माथिका विषयहरुमा पकार्यात्मक एकता रहेको छ । कुनै पनि चाडपर्व मनाउँदा सामूहिक रुपमा मनाउने यसमा विभिन्न व्यक्तिको भूमिका भिन्न भिन्न हुने र सामाजिक एकता कायम रहेको पाइन्छ । यस विषयलाई पनि शोधपत्रमा उल्लेख गरिएको छ ।

Prasain, (सन् 1985) ले सतारको वारेमा सामाजिक, आर्थिक पक्षको गहन अध्ययन अनुसन्धान गरेको भएता पनि उनीहरुको परिवर्तनलाई देखाउन सकेका छैनन् ।

विष्ट, (२०२४) सन्याल जातिको नृत्य हाम्रो संस्कृति वर्ष १ अंक घ मा लेखकले सतार जातिको नृत्य, शृङ्गार आदिम शिकारी युगका आभिनयहरु, प्रकृति प्रकोपका भयहरु हिंस्रक जनावरका कथा, शत्रुहरुलाई पराजित गरेपछि त्यसमा नक्कलहरु गरेर गित वाद्यवाधनका साथ विजय उल्लास प्रकट गरेका दृश्य रहेका हुन्छन् । तिनै पुराना प्रर्दशन विषयहरु तथा माया प्रितीका विषयहरु नै सतार जातिका लोक नृत्यका मुख्य स्रोतहरु छन्

शर्मा, (२०५४) नेपालमा सतारहरु भन्ने शिर्षकमा लेखकले ४ वटा शिर्षक राखेर अध्ययन गर्नुभएको पाइन्छ । यस पुस्तकमा सतार जातिले भारतको पश्चिम वंगालबाट डेढसय वर्ष अघि नेपाल प्रवेश गरेका हुन् भन्ने विश्वास गरिन्छ । उक्त पुस्तकमा

सतारहरुको प्रारम्भिक बसाईको क्रममा नेपाल प्रवेश, हालको जनसंख्या उल्लेख गरिएको छ भने सतारहरुको जन्म संस्कार, विवाह, मृत्यु सांस्कृतिक रहनसहन आदिको वारेमा पनि विस्तृत चर्चा गरिएको पाइन्छ ।

दाहाल, (२०५०) सन्याल जाति र तिनीहरुको सामाजिक सांस्कृतिक स्वरुप विषयमा लेखकले सन्याल जातिहरुका सामाजिक र सांस्कृतिक पक्षमा अध्ययन गरेका छन् । यसमा लेखकले सन्याल जातिको उत्पीडन, नामाकरण देखि लिएर सतार जातिको थरहरु, सामाजिक, अवस्था, संस्कार, संस्कृतिको विस्तृत अध्ययन गरेको पाइन्छ । नेपालमा सतार जातिहरु लोप हुनुका कारण, उनीहरुको सामाजिक जीवनमा पारेको प्रभावको वारेमा पनि चर्चा गरिएको  छ । सामाजिक संरचनामा गाउँ संचालनको लागि विभिन्न पदहरु बनाइने गरेको पनि उल्लेख छ । यस पुस्तकको अध्ययनबाट वास्तवमा सतार जाति घुमक्कड जाति हो । सन्याल जाति झट्ट हेर्दा अफ्रिकन हब्सी जस्ता देखिन्छन् ।

पन्त, शास्त्रदत्त, (२०४१) झापाका आदिवासी भन्ने पुस्तकको अध्ययनबाट वास्तवमा सतार जाति घुमक्कड जाति हो । सतार जाति झट्ट हेर्दा अफ्रिकन हब्सी जस्ता देखिन्छन् । प्राय घुम्रिएको कपाल हुन्छ । यिनीहरुलाइ आफूलाई फूल, गहना र प्वाखहरुले सजाउन रुचाउछन् । झट्ट हेर्दा आदिम युगको सम्झना गराउँदछन् । राजवंशी, चौधरी भन्दा यिनीहरु हट्टाकट्टा शारीरीक रुपमा सुन्दर पनि हुन्छन् । यिनीहरुको शारिरीक बनावट ठूलो हून्छ । यस पुस्तकमा सन्याल जातिको जात, थर, गोत्र, जात, कर्म, चालचलन, विवाह, प्रथा, मृत्यु संस्कारको विषयमा लेखिएको छ । यस लेखनमा विशेष गरेर सतार जातिको रितिरिवाजको वारेमा उल्लेख गरिएको छ ।

रा.ज. म.स., (२०५०) सन्याल जातिको एक चिनारी भन्ने लेखमा उनले सतारहरुको सामाजिक र सांस्कृतिक अवस्थालाई खासै नछाए पनि सतारहरुको आर्थिक पक्षलाई भने राम्ररी अध्यन गरेका छन् । विभिन्न जाताजातिहरुको अध्यननसँगै झापाका सतारहरुको विदेशी नागरिकले गरेको यो पहिलो अध्ययन हो । यो हल्दीवारीका सतारहरुको वारेमा गरिएको स्थलगत अध्ययनमा आधारित छ । यो ३० पृष्ठ लामो लेखमा सतारहरु आर्थिक रुपले कमजोर हुनको कारणहरु तथा उनीहरु भूमीहीन कसरी भए भन्ने वारेमा विस्तृत अध्ययन गरेका छन् । अशिक्षित सतारहरुलाई शिक्षित भनाउँदा पहाडेहरुले जालझेल गरेर फकाएर उनीहरुको जग्गा आफ्नो नाममा पारि सतारहरुलाई भूमीहिन बनाएको विभिन्न उदाहरण प्रस्तुत गरिएको छ ।

नेपाल, (२०६१) सतार समुदायको शैक्षिक स्थिति भन्ने विषयमा अनुसन्धानात्मक कार्य गरेको पाइन्छ । यसमा अनुसन्धानकर्ताले झापा जिल्ला चन्द्रगढीमा रहेका सताहरुको आर्थिक र शैक्षिक अवस्थाको विश्लेषण गरेको पाइन्छ । यसमा शिक्षामा बढी जोड दिएका छन् अर्थात सतारको साक्षरता प्रतिशत कम हुनाको कारण र स्कुल छोड्ने बच्चाहरुको वारेमा गहन अध्ययन गरिएको छ । सतार बालबालिकाहरुको शैक्षिक स्थिति र स्कुल छोड्ने दर उच्च हुनका कारणहरु आर्थिक साथै चेतनाको अभावको पनि अनुसन्धानात्मक तरिकाले व्याख्या गरिएको छ ।

मानव विकास प्रतिवेदन,(२०६१), मानव विकास प्रतिवेदन २०६१ मा सशक्तिकरण र गरिवी निवारण भन्ने विषयलाई मुख्य लक्ष्यको रुपमा लिइएको छ । यसमा नेपालका विभिन्न जातजाति, महिला आदिवासी, जनजाति, दलितको शैक्षिक, सामाजिक, आर्थिक सहभागिताका वारेमा तथ्याङ्कीय विश्लेषण प्रस्तुत गरिएको छ । शैक्षिक सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा आम समूदायलाई सशक्त नपारी गरिवी निवारण हुन सक्दैन भन्ने यसको मूल उद्देश्य रहेको छ । अत यस मानव विकास प्रतिवेदनमा पनि विभिन्न जातिहरु जस्तै सतार जातिको पनि उल्लेख गरिएको छ । यसमा उनीहरुको शैक्षिक स्थिति, भूस्वभित्वको स्थिति, स्वास्थ्य स्थिति, रोजगारमा सहभागिताको स्थिति आदिको वारेमा तथ्याङ्कीय विश्लेषण प्रस्तुत गरिएको छ । अध्ययनमा यसले पनि केही हद सम्म सहयोग गरेको छ ।

नेपालको तराई क्षेत्रमा वसोवास गर्ने सतार जातिको वारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले अध्ययन अनुसन्धान गर्ने कार्य गरे पनि सो कार्य पूर्ण र विस्तृत रुपमा नहुनुको साथै वर्तमान समयमा सतारको जीवनशैलीमा भएको परिवर्तनलाई समेत समेट्न असफल छ । तसर्थ उपयुक्त अध्ययनलाई पूर्ण नमानि सतार जातिको अध्ययनको रुपमा गरिएको एक जमर्को मान्न सकिन्छ ।

त्यसैले यस अध्ययन अनुसन्धानलाई उपरोक्त विषयहरुमा आधारित भएर झापा जिल्लाको चन्द्रगढी गा.वि.स. मा वसोवास गर्ने सतार जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षका साथै भौगोलिक विवरण तथा परिवर्तन आदिमा सिमांकन गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## २.१.१ सतार जातिको उत्पत्ति र इतिहास

विष्ट, २०५८, पृथ्वीमा कुनै समयमा जताजतै पानीको मात्राले ढाकिएको थियो । जमिनको नामनिशान थिएन । ठाकुर ज्यू देवता र तिनका सेवकहरु मात्र थिए । एकदिन मानव सृष्टिको विषयलाई लिएर कुरा चल्यो । कुराकै क्रममा ठाकुर ज्यू ले पानीमुनि बस्ने बूढीलाई बोलाई मानव मूर्ती बनाउन भने । उनले मानव मुर्ती बनाई घाममा सुकाएको समयमा वायुपंखी घोडा आई विगारी दिए । पुनः मुर्ती बनाइए । मानव मुर्तीमा प्राण प्रतिष्ठा गरेपछि ती मुर्तीहरु आकाशतिर उड्न थाले । मानव मुर्ती यसरी आँकाशमा उड्न थालेपछि तिनीहरुको नाम हाँस र हाँसीन राखिदिए । ति हासँ र हाँसिन नामका चराहरु उडी मात्र रहनु पर्ने भएकाले आराम गर्न जमिन चाहियो भनी ठाकुर ज्यू कहाँ अनुरोध गर्न जादाँ ठाकुर ज्यू को आदेश अनुसार गड्यौलाले कछुवाको आङमाथि माटो जम्मा पार्दै गएछ । त्यही निक्षेप माटोवाट पछि पृथ्वीको सृजना भयो । पृथ्वीको सृजना भएपछि त्यहाँ करमको विरुवा रोपे, रुखको फेदमा सिरोप (धाप) उम्रियो । त्यसपछि अनेक प्रकारको रुखहरु उम्रे । एकदिन ति रुखमा दुई चराले फूल पारे जसबाट दुई बच्चा जन्मिए । तिनीहरुको नाम पिल्चुहाडम, पिल्चुबूढी रह्यो । ठाकुर ज्यू बाट नियुक्त संरक्षक माारङ्गबुरुले तिनीहरुलाई खेती गर्ने, भात पकाउने, जाँड बनाउने तरिका सिकाइदिए । एकदिन खुव जाँड खाएर नसा लागेको समयमा तिनीहरुले भाइ बहिनीको नाता भुलेछन् । कालान्तरमा तिनीहरुबाट सात भाइ छोरा र सात बहिनी छोरी जन्मिए । एकदिन बूडाबूढीको आपसी कलहको कारण बाबुले छोराहरु लिएर सुइपुर गएर बसे र बूढीले छोरीहरु लिएर पुइपुर बसिन् ।

एकदिन सुरकुचको जंगलमा शिकार खेल्न निस्केका ती केटाहरुले भेट त्यही जंगलमा कन्दमुल टिप्न गएका केटीहरुसँग भयो । तिनीहरुले आफ्नो नाता सम्बन्ध पूर्ण रुपमा विर्सिसकेका थिए । केटाकेटीहरुबाट नाँचगान हुँदै गयो । केही समय पछि तिनीहरु आ-आफ्नो जोडी लिएर जंगल भित्र पसे । यसरी सातजना दाजुभाइ र दिदीबहिनीवाट किस्कु, मुर्मु, हेमरम , सोरेन, हासदा, मारडी र टुडु नामका सातवटा वंशको उत्पत्ति भयो ।

धेरै समयको अन्तरालपछि सात भाइका सन्तान मिलेर एउटा समाजको निर्माण भयो । जेठा भाइका सन्तान किस्कु, मध्येवाट एकजना राजा छानियो । माहिला मुर्मुको

सन्तानबाट मन्त्री छानियो । त्यसैगरी हासदा र मारडीवाट राजमण्डारी छानियो भने टुडुहरुलाई गाउने र बजाउने काममा लगाइयो । यसै स्वरुपको आधारमा उनीहरुको राज्यरुपी समाज चल्दै रहयो ।

सतार जातिको वास्तविक जातिय थलो भारतको गंगा र वैतरणी बीचको ३५० माइलको भूभाग मानिएको छ । वरीपरीको भूभागहरुमा मंगलपुर, दुम्गापरगन , वकरा, हजारीवाग, मिदनापुर, सिंहपुर, भिपुरमग्न र वालसोर रहेका छन् (पराजुली, २०५२ः ८) ।

सतार जातिलाई उत्पत्तिको वारेमा सोध्दा पृथ्वीमा सवैभन्दा पहिला उनीहरुको सृष्टि भएको बताउदछन् । यिनीहरु शारिरीक बनावटले द्रवीण हुन् । अहिले सम्मका जानकारीका आधारमा मोहन्जोदहारो तथा हडपा सभ्यता द्रविडको मानिएकोमा त्यो सभ्यता उनीहरु हाम्रो हो भनी दावी गर्दछन् । यस सम्बन्धमा उनीहरुको कथन छ त्यहाँको पूजा विधि, चित्रकारि, शिवपुण्य, वली दिने प्रथा घरका आकृति आदि कुराहरु हाम्रो संस्कार सित मिल्ने भएकोले सो सभ्यता हाम्रो हो । बौद्धिक आर्यहरुले हामीलाई विस्थापित गरेपछि यत्रतत्र छरिएका छौ । जसले गर्दा हाम्रो उन्नत समाज, सभ्यता र भाषामा आघात पुगेको छ (दाहाल, २०५०:७०) ।

चन्द्रमा र सूर्य वा इश र छत्पटे पद्धमिनी र सर्वमनी नामकै आधारमा यस पृथ्वी उत्पत्ति भएको हो भन्ने भनाइ रहेको छ भने त्यस्तै अर्को पृथ्वीमा भएका विविध जीवजन्तु प्राणी, वनस्पति र मानव सृष्टिकै क्रममा सतार जातिको थरको रुपमा स्वयं भगवान सृष्टि गरिएको छ भनी उल्लेख गरेको पाइन्छ (पन्त, २०४१:१२)

झारखण्ड प्रदेशको छोटा नागपुरको सन्थाल परगनामा भारतकै सिन्ध क्षेत्रबाट आई सतारहरु बसोवास गरेका देखिन्छन् । उनीहरुलाई सोध्दा भन्छन् पुर्खाहरुको भनाइमा हिहडी र पिपिडी भन्ने स्थानबाट सन्याल परगनामा आई बस्न थालेका हुन् । सवै सतारहहरु झट्ट जवाफ दिनुपर्दा हिहिडी र पिपिडीको नाम उल्लेख गर्छन । हिहिडी र पिपिडीको नाम पछि जर्पी, दोसोभ, नागपु, सात विजोग हुँदै सन्थाल परगनाको उल्लेख उनीहरुको लोक साहित्यमा पाइन्छ । वर्तमान समयमा हिहिडी, पिपिडी कुन स्थानमा पर्छ भन्ने सम्बन्धमा स्पष्ट जानकारी प्राप्त हुन नसकेता पनि सन्थाल परगनामा आई वसोवास गर्ने जाति सतार पनि हो (वास्के, १९७८:२१) ।

सतारहरुलाई उत्पत्ति वारे सोध्दा पृथ्वीमा सवभन्दा पहिला उनीहरुको नै सृष्टि भएको बताउँदछन् । अरुले विभिन्न नामले बोलाएपनि सतारहरु आफूलाई होड भन्दछन्, होड भनेको अंग्रेजीमा म्यान, हिन्दीमा आदमी भने जस्तै हामीले आफूलाई "होड" भनेको भन्दछन् । होडको अर्थ मानव प्राणी हो (श्रेष्ठ, २०५५:८०) । सतार जातिको प्राचीन इतिहास किम्वदन्तीका आधारमा अनुमान मात्र लगाउन सकिन्छ र भारत आगमनको पनि स्पष्ट रुपरेखा पाउन सकिएको छैन ।

## २.१.२ सतार नामाकरण

सतार शब्दको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा विभिन्न विद्वान्हरुको आ-आफ्नो मत भिन्नता रहेको पाइन्छ, यिनीहरुको शारिरीक वनावट झट्ट हेर्दा थारु, राजवंशी र मेचे, कोचे, जाति सरह देखिएपनि सांस्कृतिक दृष्टिकोणले आफ्नो छुट्टै अस्तित्व तथा विशेषता रहेको छ ।

भारतमा सन्ताल, सन्थाल, सौताल भनिने यो जाति लाई नेपालमा सतार भनिन्छ । सतार शब्दको उत्पत्तिको सम्बन्धमा वंगालको मेदनीपुर जिल्लामा रहेको "सिलगा" प्रगन्नाको एक प्राचीन नाम "सात होड" हो जो कालक्रम अनुसार सान्ताङ र सातरुड हुदै 'सन्ताल' भएको हो । डोमन साहुसमिर सन्ताली भाषा और साहित्य, पंचदश लोकभाषा निबन्धवली विहार (राष्ट्र भाषा परिषद (राष्ट्र १९६० :१००) ।

यसरी सतार जातिको नामाकरणमा एकमत नभए पनि कतिपय भनाईहरुलाई केही हदसम्म सही मान्न सकिन्छ । सन्थाल प्रगन्नाको सन्थालीहरुसँग नेपालका सतार जातीको भाषा, संस्कृति तथा सामाजिक जनजीवन प्रायः मिल्ने भएकोले सतार जाति त्यहीकै सन्थाल जातिकै हुन् भन्ने भनाइबाट सतार शब्द सन्थालकै परिमार्जित र विकसित रुप हो भनि विश्वास गर्न सकिन्छ । यसै गरी जतिवेला सन्थााल जातिहरु कामको खोजीमा नेपाल प्रवेश गरेका थिए । काम गर्दा आफ्नो नाम दर्ता गराएर मात्र गर्न पाइने हुँदा आफ्नो नाम दर्ता गराउदा उनीहरुले आफ्नो थर सन्थालनै भनेका थिए होलान तर कर्मचारी सँगको सुनाई र लेखाइको फरक परि "सतार" भनि दर्ता गराएकाले उक्त जातिकै थर नै सतार रहन गयो (मिश्र, २०५७ :१९) ।

सतार जातिको नामाकरणका सन्दर्भमा एक कथन पनि जोडिएको छ । कुनै एक समयमा अंग्रेजहरु भारत घुम्दै जादाँ हालको कलकत्ता पुगेर यो ठाउको नाम के हो भनी

त्यहाँका किसानहरुले अंग्रेजको प्रश्न नबुझेर अन्दाजको भरमा यो धान केले काटेको भन्ने बुझेर कलकाँटाले काटेको भन्ने उत्तर दिए र पछि गएर उक्त स्थानको नाम कलकत्ता रहन गएको हो भन्ने उखान जस्तै यी सतार जातिहरु भारतमा सन्याल जातिकै रुपमा चिनिन्छ भने नेपालमा सतार भनेर अनुमान गर्न सकिन्छ ।

### २.१.३ सतारहरुको नेपाल आगमन

नेपालको पूर्वी तराइको झापा र मोरङ्गमा सतार जातिहरुको कहिलेकाही वसोवास भएको हो भन्ने क्रममा अनुसन्धानकर्ताहरुले विभिन्न समयको अनुमान गरेका छन् । सवैको अनुमानलाई अध्ययन गर्दा १००- १२० वर्ष अघि देखि नै क्रमिक रुपमा नेपाल पसेका हुनुपर्दछ । अहिलेको युवा पूस्ताको उत्तरमा उनीहरुका ४/५ पूस्तासम्म यही रहेको बताउछन् । एक व्यक्तिको जीवनक्रम ५० वर्षसम्म राख्दा पनि तिन पुस्तालाई १५० वर्ष सम्म पनि अडकल गर्न सकिन्छ सतारको नेपाल आगमन सम्बन्धमा विभिन्न विद्वान्हरुको भनाई यसप्रकार रहेको छ ।

ई. १८२६ को अकालले भारतको वंगाल र विहारको कृषिमा ठूलो परिवर्तन ल्यायो । यस वर्षको भयानक अकालले गर्दा यस क्षेत्रका एक तिहाई मानिसहरु मरे, बाँचेकाहरु आफ्नो ठाउँ छोडेर राम्रो ठाउँको खोजीमा हिंडे केहि जाति नेपाल पसे तिनलाई नेपाल सरकारले तराइमा स्थायी रुपमा वसोवास गर्न प्रोत्साहन दियो (कट्टेल, २०४२ :२० ) ।

पुख्यौली केलाउने क्रममा स्थानीय सतारहरुको भनाई अनुसार करिव ३/४ सय वर्ष पहिले विहार राज्यको दुम्का जिल्ला स्थित सतारो भन्ने स्थानबाट नेपालको पूर्वी तराई जिल्लाको घनघोर जङ्गललाई पार गर्दै झापा जिल्लाको राजगढमा आई बसोबास गरेको बताउँदछन् (शर्मा, २०५४) । नेपाल प्रवेश गर्दा झापाको राजगडलाई केन्द्र मानेता पनि त्यहाँ जनसंख्याको चाप र अनियन्त्रित जङ्गल विनाशको कारणले राजगढवाट विस्तारै बसाई सराईको क्रममा आफ्नो जीवीकोपार्जनको खाजीको लागि झफपा, मोरङ्ग र सुनसरीका विभिन्न स्थानहरुमा आफ्नो स्थायित्व कायम गरी सकेका छन् । (विष्ट, २०२३ :२३२) ।

(पाण्डेय २०६०), “नेपालका जनजातिहरु” भन्ने यस पुस्तकमा नेपाली जनजातिहरुको सामान्य चर्चा गरिएको छ । यस पुस्तकमा सतार जातिको आगमन वि.सं. १९०२ को अवधि या त्यसैको आसपासमा भएको अनुमान गरिएको छ । यो जाति

भारतबाट बसाई सरेर आएको मानिन्छ । भारतमा यो जातिलाई सन्थाल भनिन्छ । नेपालमा चाँहि यसको अपभ्रंश भएर सतार भएको हो भन्ने चर्चा गरिएको छ ।

(शर्मा २०५२), ‘‘नेपाली जनजीवन’’ भन्ने पुस्तकमा नेपालका विभिन्न जातजातिको अध्ययन गरिएको छ । यस पुस्तकमा सन्याल जातिको नेपाल आगमनको वारेमा उल्लेख गरिएको छ । सतार जाति भारतको पश्चिम वंगालबाट नेपाल प्रवेश गरेका हुन् भन्ने विश्वास गरिन्छ । सन्थाल परगना जिल्ला यिनीहरुको केन्द्रविन्दु मानिएको छ । साथै सन्यालहरुको उत्पत्ति वारेमा उनीहरुले सुनाएका लोक-कथाहरु र उनीहरुले मान्ने देवी देवताहरुको विषयमा यस पुस्तकमा अवगत गराएको छ ।

यसप्रकार विभिन्न विद्वान्हरुको व्यक्त विचारलाई अध्ययन गर्दा सतारहरु एकैचोटी नेपाल नपसी विभिन्न समयमा क्रमशः नेपाल पसेको हुनुपर्दछ । खास समयको किटान गर्न नसकिए पनि ११० देखि १२० वर्ष अघि देखि नै सतारहरु नेपाल पसेका हुन् । यो पनि अनुमान गर्न सकिन्छ कि भ्रमणसील शिकारी प्रवृत्तिका यी सतार जाति एकै ठाउँम लामो समयसम्म नबस्ने भएकोले यिनीहरुको वारेमा अध्ययन गर्न नसकिएको हो की ?


एकिकरण पश्चात पृथ्वीनारायण शाहको पालादेखि नै भारतीय व्यापारीहरुलाई प्रोत्साहित गरेको आशय पाइन्छ । ई.सं. १७६८ देखि १८४५ सम्म नेपाल सरकारले तराईका इलाकामा भारतीयहरुलाई ल्याएर खेती गर्न उत्साहित गर्‍यो । जसको उद्देश्य व्यापारिक नभई बढी भन्दा बढी भूमी आवादी गरी खेतीबाट मालपोत संकलन गर्नु थियो । ई.सं. १७५८ मा राजा रणबहादुर शाहले पनि तराइका भागमा जङ्गल फडानी गरी वसोवास गर्नमा विशेष लालमोहर गरी दिएको पाइन्छ ।

यि विभिन्न कुराको अध्ययन गर्दा नेपालमा कृषकहरुको कमी भएको कारण नै भारतबाट रोजगारको खोजीमा आएका भारतीयहरुलाई खेती गर्न नेपाल सरकारले विना रोकावट प्रोत्साहित गरेको देखिन्छ । यसैगर्रा सतार जातिहरु पनि जग्गा र रोजगारको आशाले आफ्नो जातिय थलो छोडेर नेपाल पसेका हुन् जसलाई नेपाल सरकारबाट रोकावट नभएर प्रोत्साहन मिलेको देखिन्छ ।

पहाड र तराईको हावापानीमा व्यापक भिन्नता भएको कारण पहाडी मुलका मानिस तराइमा बसोवास गर्न डराउँथे । त्यस समयमा तराईमा औलोको प्रकोप वढी थियो, जसबाट अकालमानै मृत्यु हुन्थ्यो । भनाई नै थियो ‘‘ एक माना चामल लिएर तराई

झर्दा खान पनि पुग्ने, काजकृया गर्न राखे पनि पुग्थ्यो ।'' यसरी खेती गर्ने कृषकको अभावमा भारतीयहरुको वढी आगमन हुनु स्वभाविक नै हो । तराई प्रदेश उर्वरायुक्त भएकोले जंगल फडानी गरी खेती योग्य बनाउन सकेमा सरकारी आम्दानीमा स्वतः बृद्धि हुँदै जाने उद्देश्यले नेपाल सरकारले भारतीयहरुलाई खेती गर्न अनुमति दिएको पाइन्छ । भारतीय मुलका वंगाल र विहार खासगरी सन्थाल परगन्नावाट आएक इ सतार जतिलाई नेपालको तराइ प्रदेश जस्लाई कालो पानी पनि भनिन्थियो जहाको हावा पनि सँग जुध्न आप्ठ्यरो परेन करण दुबै ठाउँको हावा पानी मिल्दो जुल्दो हुनु हो । पछि श्री ५ सरकाले औलोको उन्मुलन गरेपछि मात्र पहाडी बासिन्दा तराईतर्फ बसाई सरेका हुन् । बसाई सर्नुको कारण उक्त ठाउँको उर्वरा जमिन, सुलभ शिक्षा र यातायातको सुविधा नै थियो । चलाख ब्राह्मण, क्षेत्री तथा नेवार जातिले यहाँका आदिवासी जनजातिहरु धिमाल, राजबंशी, र आगन्तुक सतार जातिसँग थोरै पैसामा जग्गा किनी खेती गरी बस्न थाले । खेती गर्ने क्रममा यी पहाडी मुलका जाति र श्री ५ को सरकारबाट उपहार स्वरुप जग्गा पाएका विर्तावालहरुले सतारहरुको लगनशीलता र इमान्दारिता देखेर कृषि कार्यको लागि यस्ता व्यक्तिको आवश्यकता पर्ने हुँदा यहाँ बसोवास गरेका सतारहरु मार्फत समय समयमा भारतमा रोजगार र अनिकालले पिडित सतारहरुलाई नेपाल पसी खनजोत गर्न दिएको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि सतारहरुको सवैभन्दा वढी आगमन २००७ साल पछि द्रुत गतिमा भएको देखिन्छ ।

## २.२ अवधारणात्मक ढाँचा



# अध्याय-तीन

# अनुसन्धान पद्धति

यस अध्ययनमो क्षेत्र, अध्ययनको किसिम, अध्ययन को प्रकृति, अध्ययनका बिधी, अध्ययनको श्रोतहरु, अध्ययनको सिमाहरु साथै अध्ययनबाट संकलित सुचनाहरुको पुनरवोलकन र बिस्लेषण बारेमा व्याख्या गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

यो अध्ययन मूलतः वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस अनुसन्धानमा सतार जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको वारेमा वर्णन गरिएको छ । अध्ययनको क्रममा अनुसन्धानको लागि अन्वेषणात्मक र वर्णनात्मक रुपरेखालाई अंगालिएको छ ।

सतार समाजमा लुप्त रहेका सामाजिक, सांस्कृतिक र आर्थिक पक्ष र तिनीहरुको समस्या खोज्न वा समस्या पत्ता लगाउन यस किसिमको अनुसन्धानको माध्यम अपनाइएको हो त्यसको लागि यस विषयमा प्रकाशित लेख, रचना, पत्र पत्रिका र कितावको सहारा लिएको छ । त्यसैगरी सम्बन्धित व्यक्तिहरु समाजसेवी त्यस विषयमा जानकारी प्राप्त व्यक्तिहरुको सहयोग पनि लिइएको छ । जसबाट अध्ययनसँग सम्बन्धी भित्री कुराहरुको ज्ञान लिने सक्दो प्रयास गरिएको छ ।

त्यसैगरी अध्ययनको लागि किन ? बढी विश्वासिलो पक्षपात रहित स्पष्ट र निश्चित लक्ष्यमा पुग्नको लागि अनुसन्धानका विभिन्न विधिहरु जस्तै प्रश्न पत्र , अन्तर्वार्ता, अवलोकन, सामुहिक छलफल आदि विधि अपनाइएको छ । अनुसन्धानसँग सम्बन्धी सवैसँग भेटघाट गर्न, सर्म्पक राख्न र सवै क्षेत्रलाई अगाल्न नसकिने भएकाले नमूना सर्वेक्षण विधि अपनाइएको छ । संकलीत तथ्याङ्कलाई जाँच्न, सरलीकरण गर्न टेवुलेसन गरिएको छ ।

## ३.२ तथ्याङ्कको प्रकृति तथा स्रोतहरु

अध्ययनको उद्देश्यहरुलाई पूरा गर्नको लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुलाई यस अध्ययनमा समावेश गरिएको छ । आवश्यक तथ्याङ्क प्राथमिक तथा द्वितीय दुवै स्रोतवाट एकत्रित गरि यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्ने कार्य अन्तर्वार्ता, अवलोकन, प्रश्न पत्र, सामूहिक छलफल आदिको

माध्यमबाट गरिएको छ भने द्वितीय तथ्याङ्क विभिन्न पुस्तक, पत्रपत्रिका गा.वि.स. को प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभाग टि.यू. लाइब्रेरीको साथै अप्रकाशित पुस्तक पुस्तिका आदिबाट सङ्कलन गरिएको छ ।

### ३.२.१ समग्रता र नमूना छनौट

यस अनुसन्धानको केन्द्र विन्दु झापा जिल्लाको चन्द्रगढी  गा बि स (हाल भद्रपुर नगरपालिका) वार्ड नं. १,२,३,४,५,६, ८  का सतार गाउँहरुमा रहेका १३२ घर धुरी परिवार मध्ये ४० घर धुरीलाई अध्ययनका लागि नमुन छनौट सम्पूर्ण सतारहरुको सामाजिक परिवेश राजनैतिक,आर्थिक पाविेशल उस्तै उस्तै खालको देखिएको ले छनौट गरिएका नमुनाहरु ले नै सम्पूर्णको प्रतिनिधित्व गर्दछ ।

### ३.२.२ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा प्रयोग गरिने विभिन्न स्रोतहरुमध्ये प्राथमिक स्रोतलाई महत्वपूर्ण मानिन्छ । यसमा अनुसन्धानकर्ता स्वयम् अनुसन्धान सहभागी हुने भएकोले पनि विश्वसनीय मान्न सकिन्छ । प्राथमिक स्रोतमा निम्न विधि जस्तो अर्न्तवार्ता, अनुसुची फर्म, अवलोकन, सामुहिक छलफल, मुख्य जानकार व्यक्तिहरु आदिलाई सहारा लिइएको छ ।

- **अर्न्तवार्ता**

सामाजिक अनुसन्धानका क्रममा अन्तर्वार्ता विधि अत्यन्तै लोकप्रिय र प्रचलित विधि हो । तथ्याङ्क संकलनको सिलसिलामा अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गएर त्यहाँका व्यक्तिहरुसँग प्रत्यक्ष तरिकाले अन्तर्वार्ता लिइएको छ । गुणात्मक तथ्याङ्कहरु एवं जानकारीहरु प्राप्त गर्नको लागि सम्बन्धित समुदायका सुझबुझ भएका सम्मानित व्यक्तिहरुलाई मुल आधार बनाइएको छ ।

अन्तर्वार्ताको क्रममा सम्बन्धित क्षेत्रका जानकार व्यक्तिहरुको सहयोगमा गुणात्मक तथ्याङ्क संकलन गर्नुको साथै कुनै सवालहरु ज्वलन्त समस्याहरु तथा विवादहरुमा व्यक्तिको राय पनि संकलन गरिएको छ ।

- **प्रश्नावली**

अध्ययनको लागि आर्थिक तथा सामाजिक पक्षसँग सम्बन्धित तथ्याङ्कहरु प्रश्नावली को माध्यमबाट लिएको छ । अध्ययन क्षेत्रका अधिकांस सतारहरु अशिक्षित भएकोले मैले आफै

प्रश्न सोधेर उत्तर लिएको छु । अनुसुची फर्म जनसांखीक संरचना, पेशा, जग्गा, पशुपालन, परिवार संख्या, परिवारको प्रकार आदिको वारेमा तथ्याङ्क संकलन गरिएको छ भने असंरचित प्रश्नावलीबाट उनीहरुको उत्पत्तिको इतिहास सामाजिक, सांस्कृतिक संगठन, खेती गर्ने तरिका, अन्य मानिससँगको सम्बन्ध आदिको वारेमा जान्ने प्रयास गरिएको छ ।

**अवलोकन विधि**

यस विधिवाट सतार जातिको पहिरन, खानपान, सामाजिक विधि, व्यवहार, दैनिक जीवन पद्दति, सामाजिक सांस्कृतिक काममा सामुहिक सहभागिता, गरगहना, बाजागाजा, नाचगान, घरको बनावट आदिको वारेमा बुझ्न प्रत्यक्ष सहभागी अवलोकन विधि प्रयोग गरिएको छ ।

**सामूहिक छफफल**

तथ्याङ्क लिने क्रममा अनुसन्धानकर्ता स्वयम्ले अध्ययन क्षेत्र मध्ये वार्ड न.  २, ५, मा गएर एक-एक समूह बनाई आवश्यक छलफल गरी सत्य तथ्य सूचना लिएको छ । नारीको स्थान, पारस्परिक सम्बन्ध सतार जाति पिछडिनुको कारण आर्थिक पक्ष सांस्कृतिक पक्ष आदिको वारेम सामूहिक छलफलबाट सूचना लिएको छ।

### ३.२.३ द्धितीय स्रोत

विभिन्न प्रकाशित अप्रकाशित लेख, रचना, किताव, पत्र, पत्रिका साथै अन्य सन्दर्भ सामग्रीबाट पनि सहयोग लिएको छ ।

## ३.३ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययनको लागि आवश्यकता अनुसार प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई अलग अलग शीर्षक उपशीर्षक राखि छुट्ट्याएको छ । सवै प्रकारको तथ्याङ्कको वर्गीकरण गरी विश्लेषण गर्दा कुनै सँख्यात्मक, कुनै प्रतिशतमा निकालिएको छ । तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय तालिकिकरण र चित्र अन्तर्गत सामान्य रुपमा प्रयोग गरिएको छ । तथ्याङ्क आफै बोल्दैन त्यसैले वैज्ञानिक तर्कसंगत ढंगले तथ्याङ्कको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा संख्यात्मक र गुणात्मक दुवै पक्षलाई समेटिएको छ । प्राथमिक तथ्याङ्कको पुष्टिको निम्ति द्धितीय तथ्याङ्क पनि प्रयोग गरिएको छ ।

# अध्याय-चार

# अध्ययन गरिएको क्षेत्रको परिचय

## ४.१ झापाको भौगोलिक पृष्ठभूमि

नेपाल अधिराज्यको पूर्वी तराई क्षेत्रको मेची अञ्चल भित्रका ४ वटा जिल्ला मध्ये झापा जिल्ला एक हो । पूर्वमा मेची नदी, पशिचममा मावा खोला, उत्तरमा इलाम जिल्लाको सिमाना र दक्षिणमा भारतको विहार राज्य सित यो जिल्ला जोडिएको छ । गर्मीयाममा ३६°C देखि ४०°C सम्म तापक्रम पुग्ने र जाडोमा ८°C देखि १५°C सम्म तापमान हुने भएकाले यहाँ गर्मीमा अति धेरै गर्मी र जाडोमा पनि धेरै जाडो हुने गर्दछ (जिल्ला परिचय झापा, २०५८) ।

यो जिल्लाको भौगोलिक परिचयको मुख्य आधार नेपालको सबैभन्दा होचो ठाउँ 'किचकवध' पनि यही जिल्लामा पर्दछ । किचकवध झापा जिल्लाको सदरमुकाम चन्द्रगढीबाट १७ कि.मी. को दुरीमा दक्षिण दिशामा रहेको छ । झापा जिल्ला समुन्द्री सतहबाट २२० फिट देखि ७०० फिट सम्म उचाई रहेको छ । यो जिल्लाको कुल क्षेत्रफल १६०६ वर्ग कि.मी. र उत्तरी अक्षांश २६°२०' देखि २६°५०' सम्म र देशान्तरमा ८७°३९' देखि ८८°१२' सम्म फैलिएर रहेको छ (जिल्ला परिचय झापा, २०५८) ।

कृषि उब्जाउको दृष्टिकोणले झापा जिल्ला उर्वर रहेको छ । झापालाई खाद्यान्नको भण्डार पनि भनिन्छ । तर हाल आएर खाद्यान्न बाली घटेको छ भने चिया उत्पादनमा बृद्धि भएको देखिन्छ । धान र चिया अतिरिक्त मकै, गहुँ, कोदो, तोरी नरीवल, सुपारी आदिको उत्पादन पनि यस जिल्लामा हुन्छ ।

वर्षायाममा वंगालको खाडीबाट आएको मनसुनबाट वर्षा शुरु हुन्छ । वंगालको खाडी नजिक पर्ने भएकाले यो जिल्लामा सुख्खाको प्रकोप ज्यादै न्यून हुन्छ ।

एकातिर पहाडी क्षेत्रसंग जोडिएको र अर्कोतिर भारतको वंगाल र विहार राज्यका तराई क्षेत्रसँग जोडिएको हुनाले यो जिल्लामा विभिन्न संस्कृति पाइन्छ । पहाडि क्षेत्रबाट आई वसोवास गर्ने विभिन्न जातिको आ-आफ्नै संस्कृति रहेको पाइन्छ ।

यहाँका प्रमुख खोलाहरुमा निन्दा, विरिङ्ग, कनकाई, रतुवा, मावा, मेची रहेका छन् । वर्षेनी यी खोलाहरुबाट हजारौं विगाह जमिनको वाली नाली नोक्शान पुऱ्याउँछ (जिल्ला परिचय झापा, २०५८) । सिचाईको राम्रो सुविधा र व्यवस्था नभएकोले खोलाको पानी खेर गैरहेको छ । बाँधको राम्रो प्रबन्ध नभएकाले वर्षेनी जग्गा कटानी पनि हुने देखिन्छ । यि खोलाहरुमा बाँधको राम्रो व्यवस्था गर्ने हो भने हजारौं विगाहा खेतीयोग्य जमीन निकाल्न सकिन्छ र उत्पादनबाट फाइदा लिन सकिन्छ ।

झापा जिल्लामा यातायातको व्यवस्था राम्रो भएकोकारण प्रत्येक गाउँ गाउँमा मोटरगाडी पुगेको छ । संचारको क्षेत्रमा पनि यो जिल्ला निकै राम्रो छ । गाउँ-गाउँ फोनको सुविधा रहेको छ भने मुख्य शहरहरुमा इमेल, इन्टरनेटको सुविधा रहेको छ ।

झापालाई समग्रमा हेर्ने हो भने नेपालको पूर्वी तराईको प्रवेशद्वार हो । वाह्य क्षेत्रबाट यहाँ हुने आप्रवासले गर्दा यहाँको जनघनत्व १२० जति पुगेको छ (जिल्ला परिचय झापा, २०५८) । जुन लगातार रुपमा बढ्दो छ । जसको असर आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा पर्न थालेको छ । यदि यसलाई नियन्त्रण गरिएन भने यहाँको आदिवासीहरुमा निकै ठूलो असर पर्ने देखिन्छ र उनीहरु् विस्थापित हुन सक्ने सम्भावना बढी छ । त्यसरी विस्थापित हुने विभिन्न जनजाति मध्ये सतार पनि एक हो ।

यस जिल्लामा विभिन्न जात जातिहरुको भिविन्न वसोवास पाइन्छ । यहाँ पहाडि मुलका जातिहरुमा ब्राह्मण, क्षेत्री, नेवार, राई, लिम्बु, कामी, दमाई, सार्की आदि छन् भने आदिवासी/जनजातिहरुमा धिमाल, राजबंशी, थारु, वातर, मुसहर, गनगाई, मेचे, किसान, ताजपुरीया, आदि जात जातिका मानिसहरुको वसोवास रहेको पाइन्छ ।

### ४.१.१ चन्द्रगढी गा बि स (हाल भद्रपुर) को भौगोलिक अवस्था

नेपाल अधीरजयको पुर्व सिमान मेची अञ्चलको चार जिल्ला मध्ये झापा जिल्लाको दक्षिणि पुर्बी भाग म चन्द्रगढी  जा बि स आवस्थित छ । प्रस्तुत अध्ययन क्षेत्र चन्द्रगढी जा बि स (हाल नगरपालिका) मा ३३ वटा गाउँहरु छन ।  यसको पूर्वी सिमाना भद्रपुर नगरपालिका पश्चिममा अनारमनी र गोलधाप गा.वि.स. दक्षिणमा हल्दिवारी गा.वि.स. र उत्तरमा दुवागढी गा.वि.स.सँग जोडिएको छ (गा. वि. स. चिनारी, २०६४) ।

यो गा.वि.स. उष्ण प्रदेशीय हावापानी भएको क्षेत्र भएकोले यहाँ गर्मीमा बढी गर्मी र जाडोमा कम जाडो हुने गर्दछ । यहाँ सरदर गर्मीमा ३६-४० डिग्री सेन्टीग्रेड र जाडोमा

९-१५ डिग्री सेन्टीग्रेड सम्म न्यूनतम तापक्रम रहन्छ । यो करिव २६°२८' उत्तरी अक्षांस र ८७°४६' पूर्व देशान्तरमा पर्दछ । यस गा.वि.स. को सम्पूर्ण भू-भाग समथर जमिनले ढाकेको छ (गा. वि. स. चिनारी, २०६४) । यहाँको माटो खेती योग्य भएपनि सिचाइको अभावले गर्दा सन्तोषजनक उत्पादन भने हुन सकेको छैन । चन्द्रगढी  गा बि स म जम्मा ३९१२ बिगाहा जमिनमा कृषि कार्य गरिन्छ । यहाँको माटो उर्बरा भएको करण यहाँ उब्जनी राम्रो हुन्छ । यहाँको माटो बलौटे कालो र नरम छ । यहाँ मकै, गहु, पाटा, धान प्रसस्त मात्रमा उब्जनी हुन्छ । यस्तै भौगोलिक वातावरणमा अनुकुल हुँदै सतारहरु पनि आफ्नो जिवनयापन गरिरहेका छन् । सतारहरु सिकारी प्रवृतिका भएका करण जंगल नजिक बस्न मन पराउछन साथै पानीको दैनिक आवश्यकता पर्ने हुनाले खोला, नदी, नाला नजिक घर बनएर बसेका छन । अन्य  जाती सितको समुह भन्दा आफ्नै समुहमा बस्न मन पराउने प्रवृतिका   कारण  पनि उनिहरु आलग बसेका पाईन्छन ।

यस गा.वि.स. मा वनजंगल नभए पनि चारआली जङ्गल नजिकै रहेको छ । त्यहीबाट घास दाउराको समस्यालाई पूर्ति गरिरहेको पाइन्छ । स्वयम् मानिसहरु आफ्नो खेतवारीमा सिसौ, कदम, वकैना, वाँस जस्ता विरुवा लगाई काठ दाउराको समस्यालाई पूरा गरिरहेको देखिन्छ । यहाँ वर्षा याममा वंगालका खाडि यस क्षेत्राट नजिक पर्ने भएकोले मन्सुनी वर्षा हुने गर्दछ । यहाँका अधिकांश कृषकहरु मनसुनी वर्षामा भर पर्दछन् भने हिउँद याममा डिपवोरिङ्ग मोटर आदिको सहायताले सिचाई गरिन्छ ।

## ४.१.२ चन्द्रगढी गा बि स (हाल भद्रपुर नगरपालिका) का पिछडिएका जनजाती

**तालिका नं. १ : चन्द्रगढी गा. बि. स (हाल भद्रपुर नगरपालिका) का पिछडिएका जनजाती**

| जनजातीको नाम | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| राजबंशि | ३६७३ | १८११ | १८६२ |
| सन्थाल | ९२३ | ४५१ | ४७२ |
| धिमाल | ४८ | २६ | २२ |
| मेचे | १२ | ६ | ६ |
| दलित | ७६ | २८ | ४८ |
| थारु | २२८ | १२७ | १०१ |
| राइ | ४६४ | २१४ | २५० |
| बादी | ४१ | २१ | २० |

*Source: http://cbs.gov.np/image/data/Population/VDC-Municipality*

चन्द्रगढी गा बि स हाल भद्रपुर नगरपालिकाका १८९४९ जनसंख्या (९०१३ पुरुष र ९९३६ महिला) मध्ये ९२३ संख्या सतार जातिहरुको छ जस अनुसार कुल जनसंख्याको ४.८७ प्रतिशत हुन आउँछ ,जसको घरधुरी १२७ हुन जान्छ यस गा बि स मा बाहुन (६५५८), छेत्रीको (२६१२), तुलनामा सन्थाल समुदयको जनसंख्या निकै न्युन देखिन्छ । त्यसैले यिनीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा केही न केही अन्य जातिबाट प्रभावित भएको पाइन्छ ।

# अध्याय - पाँच

# सतार जातिको समाजिक सास्कृतिक , राजनीतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन र यसको कारणहरु

## ५.१ जीवनचक्र

### ५.१.१ बालकपन

सतार जाती पनि पितृ सत्तात्मक परिवार प्रथाका भाएकाले बाबु घरको मुखिया हुन्छन। बालक हुर्काउन जुनसुकै समाजमा पनि आमाको प्रमुख भूमिका भए जस्तो सतार जाती पनि यासबाट आलग छैनन् । छोराछोरीको स्याहार सुसार आमाले नै गर्छिन । आमा काममा व्यस्त भएपनी बच्चालाई सँगसगै चेपेर आफु सँगै राख्नु पर्ने बाध्यता सतार जातिमा पाईन्छ। वास्तवमा सामान्यतया सबै जातिमा छोरा छोरी ४।५ बर्षको हुन्जेल आमाले नै हुर्काउने कर्तब्य ठानिन्छ । छोराछोरी हुर्काउने काममा आमाले बच्चाको स्याहार सुसार गरी ख्वाउने, पियाउने गर्छिन भने अरु कार्यको लागि बाबुले आफ्नो कर्तब्य ठान्दछन् । छोराछोरिको नाम राख्द बाबुकै सल्लाह बमोजिम राखिन्छ । पहिलो छोरा व छोरी भएमा बाबुको बुवा या आमाको नाम राखिन्छ जसबाट बाबुको नै प्रमुख अधिकार दर्सिन्छ । बाबुको जे थर हुन्छ छोरा या छोरी को त्यहि थर हुन्छ । बच्चा प्राय ४।५ बर्ष सम्म धेरैजसो समय आमा सँघै रहन्छ। घरमा बच्चा हेर्ने मान्छेको आभाब (सबै जना काममा जानु पर्ने बाध्यता) भएकाले आमाले नै बच्चा आफ्नो काधमा राखेर बोक्छिन र दिन भरी काममा ब्यस्त हुन्छिन । यदि कसैकोमा बुढा बुढी तथा केटा केटी छन भने तिनीहरुले पनि साना बच्चालाई हेर्ने गर्छन् । साना बच्चालाई कुनै कष्ट नदिइकन प्रसस्त माया दिएर हुर्काउनु पर्छ भन्ने मनस्थिती सतार जातीमा पनि पाईन्छ । उनीहरुमा बच्चालाई कुट्नु हुँदैन भन्ने छ ।

बच्चालाई दिशा पिसाब गर्ने राम्रो बनी लगाउनु पर्छ भन्ने ज्ञान धेरै जसो सतार परिवारमा पाइएन । पाइखाना बनाउने चलन छैन सबैको केटाकेटी यत्रतत्र दिशा पिसाब गर्दछन। घरको वारीपरी फोहर गर्नु हुदैन भन्ने ज्ञान कसैमा पनि बसेको छैन । कसै कसैले साधारण भए पनि आजभोली चर्पी वनाएको देखियो । बच्चा बिरामी भएको खण्डमा

डाक्टरको साटो धामी भाक्री र जडिबुटिद्वरा उपचार गराउने प्रयास गर्दछन यसमा स्वास्थ्य नभए मात्रा हस्पिटल जाने गरेको पाईन्छ । सतार साधारण बिरामी भएको मतलब राख्दैनन बच्चा निकै साह्रै भए मात्र औषधोपचार तिर लग्दछन् ।

सतार समुदायमा पहिला वाल मृत्युदर पनी बढेको देखिन्थ्यो भने हिजोआज वाल मृत्युदर कम देखिन्छ । हिजोआज चेतनशिल सतार पनि शिक्षित जातिको प्रभावमा परेर बच्चा जन्माउनको लागि अस्पताल नै जानुपर्ने रहेछ भन्ने कुरा सतार जातिमा आइसकेको पाइयो । वच्चा गर्भमा आएदेखि नै डाक्टरलाई जाँच गराउन स्वास्थ्य चौकि ,अस्पताल आदि जाने गरेको पाइयो । वच्चा जन्मिए पछि दिइने खोप जस्तै, वि सि जि, डि पि टि, पोलियो आदि पनि नियमित दिने गर्दछन् । हाल यस्ता इन्जेक्सनहरु दिनु पर्ने ज्ञान उनिहरुको पहिलाको वाल मृत्यु प्रतिको डर बुझिन्छ । यसरी पहिला आज्ञानताको कारण सुई नलाउनु र हाल सुई सबैले लाउनुको कारण सरकारका तर्फवट गाउ गाउका स्वास्थय संघ सेविकाको व्यबस्थ गरेर पनि हो । हिजोआज सतारहरुमा बच्चालाई स्कुल पठाउनु पर्छ भन्ने धारणा आई सकेको छ । प्राय धेरैले नै ८ कक्षा सम्म स्कुलमा पठाएको बुझिन्छ । काम गर्ने सक्षम भएपछी उनिहरुलाई पढ्न वाट वन्चित गरिन्छ कारण जीवन निर्वहको लागि काम गर्नु पर्ने वध्यता । धेरैजस्तो केटाकेटी १० देखी १५ बर्षको उमेर सम्म गाइवस्तु हेर्ने, अरुको घरमा नोकरी गर्ने, वावु आमालाई काममा सहयोग गर्न गर्दछन । सतारहरुमा यहाँक अरु जाति राइ, लिम्बु, क्षत्री, धिमालको जस्तो गलैचा बुन्ने काममा काठमाडौं पठाएको पाइदैन । सतार केटाकेटी १४।१५ बर्षको उमेर देखी चिया वगानमा ज्यालादारी काम गरेको पाईन्छ ।

## ५.१.२ युबावस्था

सतार केटीहरु लजालु प्रब्रीतीका हुन्छन लज्जा उनिहरुको गहना हो । बाबु आमाले छोराछोरिलाई ब्यभिचार हुनमा नियन्त्रन नै गर्छन् । धेरै जसो सतार युवा युवती बाबु आमाले भनेको नै सँग विवाह गर्दछन । अनुसन्धानको क्रममा मैले सबै सतार युवक युवतीको फोटो खिच्ने क्रममा युवती सतार हरु केटासँग फोटो नाखिच्ने भनी लाज मानेको र टाउको निहुराएर बसेको देख्दा उनिहरुको केटा सँग स्वतन्त्र निसन्कोच पुर्व बोलचाल गर्दैनन भन्ने पाइयो ।

पहाडी मुलुक मतवाली जाती राइ लिम्बुले जस्तो नलजाइ कुरा गर्ने केटाकेटी जिस्किने लाज नमान्ने , छाडा कुरा बोल्ने जस्ता कुरा सतारहरु गर्दैनन । राइ लिम्बुमा विवाह गर्दा रोदी नाच , धान नाच गरी युवक युवती जिस्कने नाच्ने हतेमलो गर्ने आदी कार्य गर्छन् भने सतारहरुमा आफुले केटाकेटी रोजेर विवाह गर्ने चलन छैन तर प्रेम बिबाह अपबादको रुपमा देखिन्छ । सतार आईमाई पुरै जिउ धाकिने लुगा लगाउने प्रचलन क छ । याहाँ आदिबासी राजबन्शी धिमालहरु चोलो नलगाएर पेटानी जस्तो लगाऊछन् भने सतारनीहरु पेटानी मात्र नलगाएर चोलो पनि लाउछन तर आज भोली परिर्वतित समाजको प्रभाव र टेलिभिजन, सिनेमाको प्रभावको कारणले यूवायुवतिहरु आधुनिक पहिरन प्रति आकर्षित भएको देखिन्छ । यूवायुवतिहरु , यूगल जोडिहरु सिनिमा हलमा र मेलामा पनि घुम्ने गरेको भेटिन्छन् । यूवायुवतिहरु परम्परागत कपडा र पन्छी को सट्टा पुरुषहरु जिन्स पाइन्ट , सर्ट, कुर्ता सुरुवाल, अस्कोट आदि प्रयोग गर्छन भने महिलाहरु लुङ्गि र चोलोको सट्टा सारि ,कुर्ता सुरुवाल ,भेस्ट पेन्ट , फ्राक आदी लगाउछन् जुन पहिलाका सतार केटीहरु लगाउदैनथे ।

### ५.१.३ गाउले जीवन

चन्द्रगढीका सतारहरु विहन ६  बजे देखी वेलुकका ५ वजेसम्म निरन्तर रुपमा काम गर्दछन । कृषकहरु आत्यधिक परीश्रम गरेर भुमिलाई हराभरा तुल्याएका छन् । आफ्नो व्यवसाय सोझो तरिकाले निरन्तर कायम राख्नु सतारहरुको प्रमुख कर्तब्य हो । आफ्ना परम्परागत वाजा वजाउनु चाडपर्वमा रक्सी खानु यिनीहरुको जिन्दगी हो ।

सतारहरुमा जातिय एकता पाईन्छ । एक आर्कामा मेलमिलाप राखेर नै यि जाती सन्तोषपुर्वक वसेका छन् । आफ्नो पेट पाल्न आफैले काम गर्नु पर्ने वाध्यताले गर्दा निरन्तर परीश्रम नै गरेका पाईन्छ । परिवारमा सम्पत्ती सम्वंधमा झै झगडा त्यती हुँदैन । बुद्ध वावु आमालाई आदरपुर्वक प्रेम सहित पाल्दछन् । आधुनिकिकरणको प्रभाव आजका प्रत्येक समाजमा पाइए जस्तै सतार समुदाय पनि अपवादको रुपमा रहन सक्तैन्न । सतारहरुमा पनि विभिन्न जातिहरुको देखासिखिको कारणले भए पनि जिवन शैलिमा परिवर्तन भएको छ ।

## ५.२ नाता सम्बन्ध

परिवारको बृहतरुप नाता सम्बन्ध हो । नाता सम्बन्ध भित्र हजुरबा, हजुरआमा, सानो बुवा, सानी आमा र मामा माइजु, सासु ससुरा हुन्छन् । नाता त्यो सम्बन्ध हो जसमा

विभिन्न कुरामा कठोर प्रतिबन्ध लगाइएको हुन्छ । जुन समाजद्वारा संस्कार परम्पराको दाहेराले बन्देज गरेको हुन्छ । यसमा माया र सद्भाव निस्वार्थ हुन्छ भने सामाजीकीकरणमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । नाता सम्बन्ध विचमा यौन सम्बन्ध, विवाह वारी आदि परम्परा र जाति अनुसार बञ्चित गरिन्छ । यसले सबै जाति समूहको परम्परा अनुसार कडाइका साथ पालना गरेको हुन्छ ।

यिनीहरुको अध्ययनबाट यो जाति पनि नाता सम्बन्धमा अति महत्व राखेको देखिन्छ । यिनीहरु नता सम्बन्धलाई रगतको नाता, मावली पट्टिको नाता, ससुराल पट्टीको नाता र टाढाका नातामा विभाजन गरेको बताउँदछन् । जसमा नाता सम्बन्धको वैवाहिक सम्बन्धलाई संस्कारले मान्यता दिएको छैन, त्यसलाई यो जातमा कडाइका साथ पालना गरेको पाइयो । साथै घर ज्वाइको चलन पनि यो समुदायमा प्रष्ट रुपले देखिन्छ भने कतिपय नाता सम्बन्धमा मागी विवाह नभए पनि चोरी विवाह गर्ने चलन देखिन्छ ।

अध्ययनको आधारमा यिनीहरुको विवाहवारी नचल्ने नाताहरुमा आफ्नो घरमा कुनै किसिमको विवाह चल्दैन । मावली घरमा पनि विवाह गर्दैनन् मावली घरमा छुटफुट चोरी विवाह भएको भए पनि यो चलन नभएको वताउँछन् । यस समुदायमा ससुराली पट्टी जेठान, साला, जेठी सासुका छोरा छोरीमा विवाहवारी नचलेको बताउँछन् । यिनीहरु दिदी बहिनीका नन्दहरुसँग पनि मागी विवाह नचल्ने गरेको बताउँछन् ।

## ५.३ चालचलन र वानी व्यहोरा

सतारहरु सरल सोझा र मिलनसार प्रकृतिका हुन्छन् । उनीहरु ठूला वडा प्रति सम्मान र आदरभाव प्रकट गर्दछन् र भेट हुँदा आफ्नै परम्परागत हिसावमा सम्मान र स्वागत गर्ने प्रचलन छ । यिनीहरुको ढोग भेट अनौठो र रमाइलो प्रकारको हुन्छ । आफ्ना पितृ, बीर पुरुष, आदि पुर्खा र भगवानलाई मान्ने गरेकोबाट पनि थाहा हुन्छ की उनीहरु आफूभन्दा ठूलालाई आदरभाव गर्दछन् । बुहारीलाई उनीहरु भन्दा ठूला लोग्ने मान्छेले छुनुहुदैन र बुहारीले पनि छुनु हुदैन । ठूला लोग्ने मान्छेको अगाडि ओछ्यानमा बस्ने, कपाल कोर्ने काम गर्नुहुदैन । यो उनीहरुको पहिलेदेदिको चलन हो ।

युवा युवतिहरु पुराना रुढिबादि परम्परालाइ परिवर्तन गर्न चाहान्छन किनकि उनिहरु आफुलाइ अन्य समुदाय भन्दा फरक देखाउन चाहादैनन् । आफु भन्दा ठूला र अभिवादन गर्नु पर्ने मान्यतालाइ परम्परागत तरिकाले नमस्कार,हेलो भन्न थालेका छन् ।

पहिलेका सताहरु वटोमानै सुतेर ढोगभेट गर्थे तर आजभोली त्यो परम्परामा परिवतर्न गरेर नमस्कार मात्र गरेको देखिन्छ । पुरुष अथवा स्त्री प्रत्येकको सम्बन्ध अनुसार अभिवादन गर्ने तरिका पनि अलग अलग छन् । विशेषगरी भेटघाट भएको वेलामा अभिवादन गरेर मात्र अन्य कुराकानी हुन्छ ।

अतिथिलाई स्वागत सम्मान गर्ने, ज्वाई भान्जा भान्जीलाई सम्मान गर्ने चलन यो जातिमा पनि पाइन्छ । यसरी सम्मान गरेपनि काम गर्नु र गराउनुलाई अनौठो र अप्ठ्यारो मानिदैन । किनकी सतार जाति श्रमजीवी भएकाले श्रमलाई आदरको दृष्टिले हेर्छन् ।

## ५.३.१ आदर, सम्मान र पारिवारिक सत्कारमा

यो जातिमा आफूभन्दा नातामा ठूलो पर्नेलाई र पाहुनालाई सम्मान, सत्कार गर्ने प्रचलन रहेको छ । त्यसैगरी समाजमा नाम कमाएका मान्यजनहरुलाई पनि आदर सत्कार गर्छन । यिनीहरु आफ्ना घरमा आएका पाहुनाहरुलाई ज्यादै सम्मान गर्दछन् । यदि आफ्नो घरमा आफूले आदर गर्नुपर्ने व्यक्ति आएको छ भने उनीहरु देख्ने वित्तिकै खाटमा बसाउँदछन् र लोटामा पानी राखी भुइमा पाहुनालाई स्वागत स्वरुप ढोग्दछन् । पाहुनालाई उनीहरु मासुभात र जाडरक्सी खान दिन्छन् । पाहुना भएको वेला सतारका घरमा मासु अनिवार्य हुनैपर्छ । पाहुना आएपछि नजीकका हाटबजारबाट मासु ल्याउने र जाँड रक्सीसँग खाने गर्दछन् ।

सतार जातिको परम्परागत खानामा गाइ,गोरुको मासु खाने गर्दथे तर हाल हिन्दु संस्कृतिवाट प्रभावित भएर खान छाडेको पाइन्छ । त्यतिमात्र नभइ गाइलाइ पूज्य देवताको रुपमा पुजा गर्न थालेको पनि पाइन्छ । पाउनालाई रक्सिले स्वागत गर्ने परम्परामा पनि परिवर्तन गरेर चियाले स्वागत गर्न थालेका छन् भने आफुहरु पनि विहान उठेर चिया नपिए सम्म केही कामको  थालनी गर्दैनन् जुन पहिलेका सतारहरुमा थिएन ।  चाडपर्वमा छोरी चेली वोलाएर सत्कार गर्ने चलन छ । सोहराय पर्वमा विशेष गरेर छोरी ज्वाई बोलाएर सम्मान गरिन्छ । तिजमा जस्तै सोरायमा छोरीलाई बोलाउने चलन रहेको उनीहरु बताउँदछन् । बुहारीले खाना बनाउने, सासु वा जेठानीले तरकारी केलाउने जस्तो कुराहरु यिनीहरुमा पाइन्छ । त्यसकारण पारिवारिक संरचना आदर सत्कार भन्ने कुरा यिनीहरुको समाजमा व्यापक रुपमा लागु भएको पाइन्छ । सासु र बुहारीमा पनि प्राय राम्रो सम्बन्ध

रहेको हुन्छ । हेपाह प्रवृत्ति यिनीहरुमा त्यति पाइदैन । त्यसैले सतार समाजमा ठूलाले माया र सानाले आदर गर्ने संस्कारले विकास राम्रोसँग भएको देखिन्छ ।

## ५.४ सतार जातिको थर

सतार जातिको किम्बदन्तीमा उल्लेखित दुई प्राणी पिल्छुहाडम र पिल्चुबुढी लोग्ने स्वास्नीमा परिणत भएपछि तिनका सातभाइ छोरा र सात बहिनी छोरी जन्मिए ति दाजुभाइ र दिदी बहिनी पनि कालान्तरमा अज्ञानतावश श्रीमान श्रीमती हुन पुगे जसले आ-आफ्ना बच्चा लगायत सात थरको निर्माण गरे । यी सात थरमै सतार जातिका मूल थर हुन् भन्ने भनाई सतारहरुमा पाइन्छ । समय संगसंर्ग यी थरहरुमा अन्य पाँच थपिए र बार वटा थर हुन पुग्यो ।

वुढापाकाहरुको भनाइमा आ-आफ्नो व्यवसाय वा कर्म गरेको आधारमा थरको विकास भएको थियो । उनीहरुको १२ थरहरु यसप्रकार रहेको छ ।

किस्कु- राजाका वंश (शासक)

किस्कु थरलाई राज खानदानको वंश (शासक) मान्दछन् । यिनीहरु पहिला पहिला अरुलाई आफ्नो इशारामा चलाउने (राज) गर्दथे भन्ने उनीहरुको भनाई छ ।

मुर्मू- पुरोहित गाउँ समाजमा विवाह पुजा, पर्व आदि भएमा मुर्मू थरको व्यक्तिले पुरोहितको काम गर्दछन् ।

सोरेन - सिपाही

गाउँ समाजमा रक्षाको निम्ति केही व्यक्तिको व्यवस्था गरिएको हुन्छ । ती व्यक्तिहरु सोरेन थर भएका हुन्छन् ।

हेम्ब्रम- राज परिवार सँग सम्बन्धित

हेम्ब्रम थर पनि राजपरिवारसंग सम्बन्धित मानिन्छ । उनीहरु आफुलाई पनि राजाको वंशको रुपमा नै उच्च रुपमा लिने गर्दछन् ।

मरडी- महाजन सम्प्रदाय

मरडी थर गाउँ समाजको महाजन सम्प्रदाय भित्र पर्दछन् । गाउँमा कसैलाइ अप्ठ्यारो परेमा ऋण सापटी दिने यो थरका सतारहरुले गर्दछन भन्ने उनीहरुको भनाइ छ ।

टुडु- संगीत विधाको काम गर्ने

टुडुहरु सगीत प्रति अत्यन्त लगाव भएका मानिन्छन । यीनीहरुको बाजा बजाउनु, नाचगान गर्नु हो ।

वास्के- व्यवसायी र व्यापारी वर्ग

वास्के थर भएकाहरु व्यापारी वर्गमा पर्दछन् । उनीहरु खेती किसान भन्दा पनि व्यापार-व्यवसाय गर्दछन् ।

हासदा-  खेती किसान गर्नेमा यो थर पर्दछ । उनीहरु माथिको अन्य जातिभन्दा आफ्नो स्तर निम्न रहेको बताउदछन् ।

पौरिया - पौरिया थर वेघा, वेसुरा र चौडे भन्दा माथि अन्य माथिका भन्दा तल्लो स्तरमा यो जात पर्दछ । सामान्य संबन्ध जस्तो खानपान र सरसहयोग यो थरका व्यक्तिहरूसँग अन्य थरको पनि हुने गर्दछ ।

वेघा, वेसुरा- यी थर बीचमा आपसी विवाहवारी सम्बन्ध साथै अन्य सँग पानी चल्दछ । आर्थिक पछौटेपन यसमा वढी पाइन्छ ।

चौडे - अन्य थर भन्दा चौडे तल्लो जातको भनिन्छ । यो थर संग अरु थरको विवाह वारी चल्दैन र पानी पनि चल्दैन ।

## ५.५ सतार जातिको सांस्कृतिक पक्ष

White, (1973) संस्कृति भनेको मानवले आफ्नो जीवन निर्वाहका लागि आफ्ना स्वभाव व्यवहार र दृष्टिकोणलाई पथपर्दशन गर्न निर्माण गरिएको शैली हो । वास्तवमा संस्कृतिको साब्दीक अर्थ असल संस्कारहरुको विकास गर्नु हो । मानवको दैनिक जीवनमा आवश्यक पर्ने सम्पूर्ण जीवन बाँच्ने साधन र शैली सम्पूर्ण मानवद्वारा नै निर्माण गरिएको हुन्छ । त्यसैलाई समग्रमा संस्कृति भनिन्छ । संस्कृति भौतिक र अभौतिक गरी दुई प्रकारको हुन्छ ।

Tylar, (1988) को संस्कृति सम्बन्धी भनाई यसप्रकार रहेको छ । संस्कृति त्यो पूर्ण समूह हो जसमा मानिसले समाजको एउटा सदस्यको नाताले प्राप्त गरेको ज्ञान, विश्वास, कला, आचरण, नियम, चालचलन, र क्षमताहरु सम्मेलित हुन्छ ।

प्रत्येक जातिको आ-आफ्नै संस्कृति हुन्छ । ति मध्ये सतार जाति जनस्तरिय संस्कृति भएको प्रजाति हो । आफ्ना सांस्कृतिक कुराहरुलाई उनीहरुले विकसित रुपमा अगाडि बढाउन सकेका छैनन् । आजभोली गितहरुलाई संगीतात्मक रुपमा ढालेर लाने प्रयास भने गर्न थालेको पाइन्छ । लोक गीतका अतिरिक्त आधुनिक गित तर्फ पनि प्रयासरत देखिन्छन् ।

यिनीहरु चाडपर्व र मेला भनेपछि हुरुक्क हुन्छन् र अधिकांश मनोरञ्जनको आधार शिला नै सतार संस्कृति हो भन्ने धारणा उनीहरुमा पाइन्छ । उनीहरु सरल, इमान्दार र सोझो प्रकृतिको भएकाले उनीहरुमा सामाजिक लघुताभाषापाइन्छ । त्यसैले अन्य जातिको परम्परा वाह्य, दवाव र अतिक्रमणले उनीहरुको एकतामा असर पारेको छ । उनीहरुको सांस्कृतिक सम्पदा मिलेर वस्तु तथा सेवा भाव राख्नु हो र तर यो सम्पदालाई बचाई राख्न मुश्किल परेको देखिन्छ । आधुनिक सम्भता र नयाँ समय सित आफ्नो पहिचान गराउने आवश्यकताले उनीहरुको संस्कृतिमा पनि परिवर्तन लगाउन थालेको छ । जसमा सामाजिक स्तर देखाउने, उच्च वर्गको सिको गर्ने र क्रिश्चिन धर्म तथा सभ्यतातिर लाग्ने कुराले प्रभाव पारेको छ । सतार जातिको सांस्कृतिक कुराहरुलाई प्रष्टायाउन निम्न कुराहरुलाई समावेश गर्न सकिन्छ ।

### ५.५.१ भेषभुषा र गरगहना

सतारहरु पहिरनको प्रयोग सामान्य रुपमा गर्दछन् । सतार जातिको आफ्नै परम्परागत पहिरन छ । तराईको गर्मी क्षेत्रमा बसोवास गर्ने भएकाले त्यहाँको हावापानी मिल्दो लुगा लगाउनु स्वभाविक हो । सतार पुरुषहरु पारम्परिक पहिरनमा पातलो धोती, गन्जी, कछाड, र गम्छा हो । घरमा बस्दा धेरैजसो कछाड र गम्छा वेर्दछन् भने बाहिर हिड्दा कमेज र सेतो धोती लगाउँदछन् । सतार भाषामा उनिहरुको पहिरनलाई ‘‘पन्ची’’ भन्दछन् भने महिलाहरुको पहिरनलाई ‘‘पालाहस्दै’’ भन्दछन् । महिलाहरु चोलो, लुङ्गी, सारी, लगाउँदछन् र सेतो दुई मिटर जति लामो कपडाले ओड्ने गर्दछन् । लुङ्गी चारपाटे कोठे बुट्टा भएको हुन्छ भने चोलो हरियो, रातो, पहेलो, निलो आदि रङ्गको हुन्छ ।

अहिलेको वर्तमान समयमा परिवर्तन र आधुनिकताले छोएको समाजसँग यिनीहरु टाढा छैनन् भन्ने कुरा सतार जातिका युवक युवती तथा केटाकेटीले आधुनिक पहिरन लगाएको देख्दा बुझिन्छ । युवा सतारहरु सर्ट, पाइन्ट र युवतीहरु कुर्ता, सुरुवाल, मिडी, सारी र पाइन्ट, सर्ट लगाउँछन् ।

सतारजातिहरु सामान्यतया स्त्री र पुरुष दुवै आभुषणको सौखीन हुन्छन् । सतार जातका पुरुषहरु कानमा चाँदीमा कुन्डल र नाडीमा चुराको प्रयोग गर्दछन् । हाल आएर यस्तो चलन हराउदै गएको पाइन्छ । सतार महिलाहरु तल गोडादेखि निधारसम्म सुन चाँदिका गरगहनाहरु लगाउँदछन् । तुलनात्मक रुपमा चाँदीका गरगहनाहरु बढी प्रयोग गर्छन् । विवाह, चाडपर्व, आदि अवसरमा गरगहना आदिको प्रदर्शन गर्नु आर्थिक सम्पन्नताको परिचय मानिन्छ। हाल आएर सतार जातिमा बढ्दै गएको आर्थिक विपन्नता, चोर डाकाको भय र अन्य जातिको भेषभुषा आदिले गरगहनाको प्रयोग घट्दो छ । विवाह, चाडपर्व र विशेष अवसर बाहेक दैनिक जीवनमा गलामा लगाउने चाँदीको माला, हातमा लगाउने चुरा, औठी, नाकमा लगाउने टप, कुण्डल, बाहेक अन्य गरगहनाको प्रयोग गर्दैनन् । विशेष गरि चाँदिको गहना मात्र लगाउने यो जाति हाल आएर वजारमा आएका नक्कली गहनाहरु र अन्य श्रृगार को समान पनि किनेर लगाएको पाइन्छ । गाँउका केहि वृद्ध वृद्धा वाहेक सवैले आधुनिक कपडा र गरगहना लगाउने गरेको पाइन्छ यसो हुनु भनेको आधुनिकिकरणवाट आएको परिवर्तन मान्न सकिन्छ ।

पुरुषले छोटो कपाल काटेका हुन्छन् भने महिलाहरुले लामो कपाल पाल्दछन् र पछाडि जुरो बनाउँदछन् । जुरोम काटा, फूल पनि लगाउँदछन् । तोरीको नरिवलका साथै बजारमा पाइने सुगन्धित तेलको प्रयोग कपालमा गर्दछन् । वैवाहिक कार्यमा बेहुलीले पहेलो पहिरन लगाउँदछन् । र बेहुलाले सर्ट र सेतो धोती लगाउदछन् । घरभित्र प्रयोग गरिने ओड्ने, ओछ्याउनेमा कम्बल, चटाई, घुसा, गुन्द्री आदि हुन् ।

### ५.५.२ खानपीन

मानिस आफू बसेको ठाउँमा उत्पादन भएको खाद्यान्नलाई दैनिक खाद्य वस्तुको रुपमा प्रयोग गर्ने गर्दछन् । त्यस्तै सतारहरु पनि आफ्नो ठाउँमा उब्जनी हुने वस्तुनै खाद्य वस्तुको रुपमा प्रयोग गर्ने गर्दछन् । सतार जातिको खाना सामान्य स्तरको नै हुन्छ । उनीहरु दैनिक दालभात तरकारी खान्छन् । खानामा बढी खोर्सानीको प्रयोग गर्दछन् ।

खोर्सानी विना खाना स्वादिष्ट नहुने बताउँदछन् । यिनीहरु विशेषगरी उसीना चामलको भात खान्छन् । सतारहरु नुन र चिनी राखेको चिया पिउँदछन् । चाडपर्वको वेलामा यिनीहरु अत्यधिक जाँड, रक्सी, पिउने गर्दछन् ।

सतारहरु मांसहारी हुन्, यिनीहरु माछा, मासु खान अत्यधिक मन पराउछन् । मासुमा कुखुरा, हाँस, परेवा, माछा, सुङ्गर, प्रयोग गर्दछन् । माछा यिनीहरुको अत्यन्त प्रिय खाद्यान्न मान्दछन् । यहाँसम्म कि यिनीहरु नजीकको खोला, पोखरी, पैनी आदिमा माछा मारेर उक्त माछालाई सिद्रा बनाई तरकारी नपाउने सिजनमा तरकारीको रुपमा संचित गर्दछन् । यिनीहरु बन विरालो, मुसा, गंगटो, शंखेकिरा आदिको मासु खाने गर्दछन् ।

गर्मीको समयमा यिनीहरु विहानको खाजामा पन्थी भात खान्छन् । अघिल्लो दिन पकाएर पानीमा भिजाएर राखिएको भातलाई पन्था भात भन्दछन् । यिनीहरु विहान ८/९ बजेतिर पन्था भातको खाजा खान्छन् । अपरान्ह १२ बजेतिर दिउसोको खाना र ७/८ बजी बेलुकाको खाना खान्छन् । दैनिक रुपमा प्रयोग गरिने खानेकुराको स्तर निर्धारण गर्ने कुरामा आर्थिक पक्ष ठूलो पर्खाल बन्ने भएकोले निम्न आर्थिक स्तर भएका सतारहरुको खानेकुराको स्तर पनि तल्लो स्तरको हुन्छ । कतिपय सतारका छोराछोरी स्कुलमा साथिहरुले खाएको खाजा चाउचाउ,दालमोठ देखेर आफुहरु पनि तेस्तै खाजा लैजान मन पराउन थालेका छन्। वगानमा मजदुरको रुपमा काम गर्ने सतारका छोराछोरीहरु घरमा पनि चाउचाउ आदी खाने वानि परेका देखियो । यूवायुवतिहरुमा पन्था भात खाने प्रचलन नभएको पनि पाइयो । यसो हुनु भनेको देखासिखि , चेतनामा वृद्धि र आधुनिकिकरणवाट आएको परिवर्तन मान्न सकिन्छ ।

## ५.४.३ प्रमुख हात हतियार र औजारहरु

आफ्नो दैनिक कामको लागि सतारहरु विभिन्न किसिमका हात हतियार र औजारहरु प्रयोग गर्दछन् । उनीहरुले शिकारका लागि बोक्ने र प्रयोग गर्ने प्रमुख अस्त्र नै धनुषवाण हो । हातमा धनुष र टोक्रामा वाण बोकी हिड्दा सुरक्षित महशुस गर्छन् र त्यो हतियार प्रति उनीहरुलाई औधी माया पनि गर्छन् । धनुष चलाउन उनीहरु सिपालु पनि हुन्छन् । उनीहरुको शिकार पर्व जसलाई 'सिरुवा विशुवा' भनिन्छ त्यसमा बोक्ने प्रमुख अस्त्र नै धनुषवाण हो ।

धनुषवाण र भालाको अतिरिक्त यिनीहरु बल्छी, टाँगा, फर्सा, भिन्टी आदिको प्रयोग गर्ने गर्दछन् । हिजोआज बजारमा पाइने दाउँ, बन्चरो, खुकुरी, हसिया, फरुवा, कुटो कोदाली खन्ती आदिको प्रयोग गर्छन । यो तराइमा बस्ने अन्य जातिले पनि प्रयोग गर्ने औजारहरु हुन् । यो औजार माछा मार्न शिकार खेल्न, खेती गर्न र आत्मा रक्षाको लागि प्रयोग गर्छन् । पढेलेखेका सतार यूवायुवतीहरु परम्परागत रुपमा गरिआएका शिकार खेल्ने कार्य गर्न मन नपराएका पनि पाइयो ।

भाला र धनुषवाणको प्रयोग आत्मरक्षा, जंगली जानवर धपाउन, शिकार गर्न, चोर डाकाबाट सुरक्षित हुन आवश्यक सम्भ्रेर प्रायः सवै सतारको घरमा यि हात हतियार रहनु आवश्यक मानिन्छ । सतारहरु कमै भ्रगडा गर्ने स्वभावका हुन्छन् तर उनीहरु माथि आक्रमण भएम हतियार उठाउँदछन् र निसंकोष प्रयोग गर्दछन् । त्यसैले अन्य जातिहरु सतारहरुको भाला र तिर देखि असाध्यै धेरै डराउँछन् ।

## ५.५.४ लोकगीत, लोक नृत्य/लोकबाजा

मानिस एक चेतनशील प्राणी भएकोले अन्य प्राणीभन्दा बढी नै संगीतप्रति आकर्षित हुन्छ । प्रत्येक भाषा भाषीहरुको आ-आफ्नै लोकगीतको परम्परा हुन्छ । सतार जाति पनि राजवंशी, धिमाल, लिम्बु, राई जस्तै नाचगान र मेलापात भनेपछि हुरुक्क हुने गर्दछन् । यस जातिमा लोग्ने, स्वास्नी, केटाकेटी, बूढाबूढी सवै चाडपर्व मेला र विवाहमा रमाएर नाच्ने गाउने मनोरञ्जन गर्दछन् । सतारहरुको गीतनै उनीहरुको अमूल्य सम्पत्ति हो । जो उनीहरुको संस्कृतिको अमूल्य सम्पत्ति हो, जसले उनीहरुको आफ्नो संघर्षपूर्ण जीवनयात्रामा हाँस्दै खेल्दै लगातार अघि बढिरहेको प्रेरणा प्रदान गरिरहन्छन् । उनीहरु भन्ने गर्दछन् सतार लोक गीत यस्ता छन्, जसको आधारले आफ्नो जीवनको जस्तोसुकै दुःख कष्ट सित दिनरात जुधेर पनि आफ्ना ओठमा सहज र सरल मुस्कान हृदयमा आनन्द र खुसी ल्याउन सक्दछ ।

संगीतको क्षेत्रमा यो जाति अन्य भाषा र लयबाट प्रभावित हुँदैनन् । सतारहरुमा शिक्षाको कमीले गर्दा प्रायः परम्परागत गीतहरु मत्र गाउँछन् । नयाँ गीतहरु लेख्ने कार्य नहुने हुँदा नेपाली गीतहरुमा जस्तो (लोक, आधुनिक गीत) छुट्टै पाटा सतार जातिको गीतमा पाउन सकिदैन् ।

यिनीहरु गीत गाउनमा अत्यन्त सिपालु र उत्सुक हुन्छन् । भाषिक कठिनाइले गर्दा गीतको भाव बुझ्न नसकिए पनि गीतको लय र स्वर सुन्दा मनै भुलाउने खालको हुन्छ ।

सतार जातिमा चाडपर्व, विवाह, मेला आदिमा गीत गाउनका साथै नाच्ने चलन पनि रहेको छ । यिनीहरुको नाच प्रायः सामूहिक नै हुन्छ । सामुहिक नृत्यमा एक अर्काको हात पकडेर जीउ र खुट्टाको चाल एकै किसिमको पारेर नाच्दछन् । लोक नृत्य यिनीहरुको आफ्नो पहिचान हो ।

सतारहरु आफ्नो वर्षभरिमा आउने विभिन्न चाडपर्व, विवाह र उत्सवमा नाचगान गरी रमाइलो मनाउँदछन् । यसरी नाचगान गर्दा साधारणतया दैनिक जीवनमा लगाइने कपडाहरु नै लगाउँदछन् । तर केटाहरुले नृत्य गर्दा टोपीको वरिपरि मयूरको प्वाख ठाडो पारेर बनाएको आकर्षक शिर टोप लगाउछन् । वाजामा ढोलक, मादल, बजाउँछन् । उनीहरुले आफैले निर्माण गरेको तिन ओटा तार भएको सारङ्गी जस्तो बाजा पनि यिनीहरु बजाउँछन् । यो बाजाले सर्पलाई पनि लठ्ठ पार्न सकिन्छ भने उनीहरुको भनाई छ । वृद्ध, वृद्धाहरुको भनाइ अनुसार यस्ता गीत नृत्यको शैली परिवमा र्तन गर्दै आइरहेका छन् । सतार यूवा युवतीहरु जसको आफ्नै सन्थाल भाषा गीत गाउने र नाच्ने परम्परा भएपनि अन्य जातिहरु ज्स्तो हिन्दी ,नेपाली, अगंग्रेजी गीत गाउने र नाच्ने गरेको पाइन्छ । यसो हुनु भनेको आधुनिकिकरणको प्रभाव  सकिन्छ । पहाडीमूलका मानिसहरुको घरमा विवाह,उत्सव,पुजा आदी भयो र उनिहरुलाइ पनि निमन्त्रणा गरिएको छ भने सतारहरु हिन्दी,नेपाली गीतमा नाच्ने गरेको पाइन्छ । मेलापात जादा होस या घरायसी काम गर्दा उनिहरु नेपाली  गीत नै  गुनगुनाउने गरेको पाइन्छ । यसवाट पनि प्रस्ट हुन्छकी गीत र नाचले सतार जातिहरुमा परिवर्तन आएको देखिन्छ ।

### ५.५.५ भाँडाकुडाहरु

सतारहरुको दैनिक प्रयोग गर्ने थाल, कचौरा, भाँडा, कराई, जग आदि प्रायः हलुङ्गेका नै हुन्छन् । स्टिलका सरसामान पनि प्रयोग गर्छन् । यसका साथै आधुनिकीकरणका साथै अन्य जातिको देखासीखीले गर्दा पनि होला सिसा, माटाका गिलास, थाल, कचौराको प्रयोग गर्ने चलन रहेको छ ।

### ५.५.६ घरको बनावट तथा टोलहरु

सतार जातिहरुको वस्ने शेली परम्परागत नै देखिन्छ । यिनीहरुको गाउँ एकै ठाउँमा झुण्ड भएर बसेको हुन्छ । सतार गाउँ एक पटक सतार गाउँ देखेका मानिसले सजिलै पहिचान गर्न सक्दछन् । यिनीहरुका घरहरु प्रायः सवै स्थानीय वस्तुहरुबाट निर्माण हुने भएकाले घर निर्माणमा खासै खर्च लाग्दैन । यिनीहर बाँस, काठ, खर, पराल र केहीले टिनको प्रयोग गरेर पनि घर बनाएको पाइन्छ । घरमा माटोले लेपन गरिन्छ । घरको ढोका एउटै हुन्छ ।

यसरी बनाएको घरलाई उनीहरु दुई कोठामा विभक्त गर्दछन् । एउटा कोठा ठूलो र अर्को त्यो भन्दा सानो कोठा हुन्छ । ठूलो कोठामा उनीहरु खानेकुरा पकाउने र सुत्ने गर्छन । अर्को सानो चाहिँ कोठा भित्तर भनिन्छ । त्यस कोठामा पूजा पाठ गर्छन् र भण्डारको रुपमा पनि त्यसैलाई नै प्रयोग गर्छन् । परिवारका सदस्य बाहेक त्यस कोठामा अरु कोही जान पाउँदैनन् त्यो कोठा पवित्र मानिन्छ ।

मुल घर बाहेक अर्को दुई पाखे सानो घर बनाउँछन् । त्यसलाई 'खुड्य' भनिन्छ । त्यसमा पनि सानो ढोका रहन्छ र घेरा चाहिँ वाँसको झिक्र आदिको लगाईन्छ । त्यस घरमा ढिकी र दाउरा रहन्छ । पाहुनाहरु आउँदा सुत्ने पनि त्यही घर हुनाले उनीहरुको अतिथि सदनको रुपमा त्यसै घरले काम गर्दछ ।

तेस्रो घर 'गोडा' भन्ने गर्दछन् । यो साधारणतया घेरा नभएको खुल्ला दुई पाखे बनाएको हुन्छ । त्यसमा गाई, गोरु, राँगा, भैसी, बाख्रा राखिन्छ । त्यसै गोडामा मचान राखी आलु, प्याज, खोर्सानी आदि राख्ने गर्दछन् । हाल आएर यस्ता ३ प्रकारको घर लोप हुँदै गइरहेको छ । किनकी आफ्नो जग्गा नभएकोले अर्काको थोरै जग्गामा मात्र सीमित हुनु परेकोले पनि हो ।

यिनीहरुको घरमा अनिवार्य सिकुवा, (कौशी) बनाएको हुन्छ । यो बाहिरी पाहुना आउँदा बस्न र खाना खाने रुपमा प्रयोग गरिन्छ । यिनीहरु आफ्नो घर, आँगन, राम्रो सफा सुग्घर राख्दछन् । माटोले लिपेको टाटी अति आकर्षक र कलात्मक हुन्छ । आज भोली सतारहरुले इटाको गारो लगाएको ,टिनको छाना लगाएका पक्का घर पनि वनाएको छन् । अन्यजातिको घरको रङ्ग जस्तै आफ्नो घरको रङ्ग पनि त्यस्तै राखेर उनिहरु भन्दा आफुलाइ अलग नभएको वताउन चाहान्छन् ।

## ५.६ सतार जातिको धर्म तथा देवी देवताहरु

नेपाल बहुजाति, बहुधर्मी र बहुसंस्कृति भएको राष्ट्र हो । त्यसैले यहाँ विभिन्न धार्मिक परम्परा रहेको छ । धर्मले मानिसलाई जहिले पनि अनैतिक कार्य गर्नबाट रोकी नैतिक कार्य गर्नमा प्रोत्साहन गर्दछ । विभिन्न जाति मध्येको एक जाति सतार पनि हो । चन्द्रगढीका सतारहरुको आफ्नै धार्मिक नियम र चाडपर्व छन् । सतारहरुका चाडपर्व प्रसस्त मात्रामा छन् जसलाई उनीहरुले हालसम्म शोषित र अपहेलित अवस्थामा पनि संरक्षण गर्दै आइरहेका छन् । यिनीहरु चाडपर्व र धार्मिक परम्परा धुमधामका साथ आफ्नो दुःख कष्ट विर्सेर मनाउदछन् (दाहाल, २०५०) ।

सतार जातिको धार्मिक भावना भनेको भगवान या इश्वरलाई पूजा आराधाना गर्नु नै हो । हिन्दुहरुले मानि आएका देवी देवताहरुनै सतार जातिले मान्दै आएका देखिन्छन् । त्यस्ता देवी देवताहरु कति हिन्दुवाट उनीहरुले लिए र कति उनीहरुबाट हिन्दुहरुले लिए त्यो छुट्टै विषय हो । तर धर्म र देवी देवता मानेका आधारमा उनीहरुलाई प्रकृति र शक्तिका पुजक हिन्दु धर्मावम्वी भन्न सक्ने ठाउँ देखिन्छ । खास गरेर सतारहरु हिन्दु र क्रिश्चियन दुई भागमा धर्मको आधारमा विभक्त छन् तर पनि आपसमा त्यस कारणलाई लिएर झगडा गर्दैनन्, हाल उनीहरु आफ्नो छुट्टै धर्म रहेको बताउँछन् । शिक्षित सतारहरु आफ्नो धर्मलाई "शरना" शरणइत जग धरम आदि नाम दिन्छन् । यसरी आफ्नो धर्मलाई नाम दिनुमा हिन्दु धर्मालम्बी भनाइबाट छुट्करा लिई आफ्नो छुट्टै पहिचान गर्न खोजेजस्तो देखिन्छ । धेरै सतारहरु आफूलाई हिन्दु नै भएको वताउँछन् । "शरना" भन्ने शब्द धेरैले त सुनेका पनि रहेनछन् ।

क्रिश्चियन सतारहरु प्रभु यिशुलाई मान्ने, चर्चमा पूजा गर्ने र त्यही अनुरुपका चाडपर्व मनाउने गरेको भए पनि आफ्नो परम्परागत कुराहरुलाई चटक्क छोडेका भने छैनन् तर भगवानलाई प्रार्थना गर्दा प्रभु इशुकै नाम लिन्छन् । प्रत्येक आइतवार चर्च जान्छन् । आफ्ना सवै पर्वहरु मान्छन् तर पर्वमा भने भोग, वली, प्रसाद, यिशुको नाममा गर्छन । पर्व मनाउँदा आफ्ना परम्परागत पर्वलाई इसाई पर्वसित मिलाएर गर्ने भएकाले इसाई धर्म मान्ने पनि इसाई हुन नसकेको भने देखिन्छ ।

परम्परागत रुपमा आफ्ना धर्म मान्ने सतारहरुले आफूले मानि आएका देवी देवतालाई पूजा आराधना गर्छन् । यिनीहरुको ठूलो देवता 'ठाकुर' हो । मराङवरु (ठूलो

पहाडको शिव) लाई पनि मान्दछन्, जसलाई उनीहरु सतार जातिको हित चिन्तक मान्छन् । उनीहरुको भनाइ छ आर्यहरुले शिव पूजा गर्न उनीहरुबाट सिकेको हुन् ।

सतारहरु अग्नि देवता, जंगल देवता, काली भगवती, लक्ष्मी आदिको पनि पूजा गर्छन् । सतार जातिको धर्मको वारेमा भन्ने हो भने शुरु शुरुमा उनीहरुका कुनै देवी देवता थिएनन् तर धेरै देश घुम्दै जाँदा र विभिन्न जातिहरुको सर्म्पकमा आउँदा विभिन्न देवी देवताको पूजा गर्न शुरु गरे । उनीहरुले देवतालाई स्त्री पुरुषमा पनि बाँडेको पाइन्छ । सूर्यलाई पुरुष देवताको रुपमा र चन्द्रमालाई सूर्यको स्त्री मानेर स्त्री देवताको रुपमा पूजा गर्न थाले भने ताराहरुलाई तिनीहरुको सन्तान मान्न थाले । यसरी क्रमिक रुपमा देवी र देवताको संख्यामा बृद्धि हुँदै गयो (शर्मा, २०५४) ।

धार्मिक दृष्टिकोणले यिनीहरु हिन्दु धर्मावलम्बी जस्ता देखिएता पनि यिनीहरुको आफ्नै जातिय परम्परा छ । मराङबुरु र ठाकुर जिउ जसलाई उनीहरु पूजा आराधना गर्छन् त्यसको मुख्य आधार सतार जातिको उत्पत्ति सम्बन्धमा उनीहरुको भूमिकाले गर्दा नै हो । जुन कुरा उनीहरुको उत्पत्ति सम्बन्धी किम्बदन्तीमा उल्लेख छ । यसैले यिनीहरुले शिवको रुपमा मान्ने मराङवुरु र अन्य हिन्दुहरुले मान्ने शिव भगवानको शक्तिमा फरक देखिन्छ । सतार जातिले मानी आएका देवी देवत यसप्रकार छन् ।

१) पिल्छुहाड्म (श्रृष्टिकारी)

२) अवाग ब्राङगा (कुल देवता)

३) आतु ब्राङगा (ग्राम देवता)

४) विर ब्राङगा (वन देवता)

५) सि ब्राङगा (सिमाना देवता)

६) जाहेर एरा (ठाकुर जीउका दुत)

७) ओडाक ब्राङगा (घर देवता)

८) मोराङ्ग ब्रु (पहाड देवता)

## ५.७ सतारको चाडपर्वहरु

वेला वेलामा आउने चाडपर्वहरुले जुनसुकै धर्म, संस्कृति मान्ने मानिसहरुलाई हर्षित र आनन्दीत बनाउँछ । चाडपर्व भन्नाले परापूर्व काल देखि विशेष खुशीयाली पूर्ण कार्य भएको वा त्यसको घटना घटेका दिन वर्ष वर्षभरिको साधारण दिन चर्चा भन्दा भिन्दै विशेष परिस्थिति र सामाजिक वातावरण सिर्जना गरी मनाइने दिन भन्ने बुझिन्छ । जसबाट व्यवहारिक तनावबाट बोझिलो भएको दिमागलाई हलुका, फुर्तिलो र जागरिलो बनाउँछ ।

सतारहरु हरेक चाडको स्वागत नृत्य र मीठो भोजनले गर्ने गर्छन् । सतारहरु श्रमजीवी भएकोले गर्दा मीठो खानेकुरा र जाँडरक्सी पिउन पाउनमा चाडपर्वको विशेष महत्व ठान्दछन् । श्रमको मुल्यको अनिश्चितताले गर्दा परम्परागत चाडपर्वहरु राम्रोसँग मनाउन नसक्नु यिनीहरुको दुःखको पक्ष हो । चन्द्रगढी गा.वि.स. का अधिकांश सतारहरुको आय न्यून भएको हुनाले मनोरञ्जनका अन्य साधनबाट परै रहेको अवस्थामा यी चाडपर्वमा ऋण कर्जा गरेर भएपनि आफन्तहरुसँग बसेर नाचगान गर्ने मनाउने प्रचलनले गर्दा उनीहरु खुसी हुन्छन् । तर आजकलका नयाँ पिडिहरुले कम खर्चमा यस्ता चाडपर्वहरु मान्न थालेका छन् । आफ्ना चाडपर्व थोरै खर्चमा संस्कृतिलाई कायम राख्नुपर्छ भन्ने चेतना आएको पाइन्छ । चन्द्रगढी गा.वि.स. मा प्राप्त जानकारी अनुसार सतारहरुले निम्न चाडपर्व मान्ने गरेको पाइयो ।

**(क) सोराही पर्व**

यो पर्व सतारहरुको ठूलो र महत्वपूर्ण चाड हो । यसमा प्रशस्त खर्च हुन्छ । यसमा सतारहरुले आफ्ना सवै इष्टमित्र र सम्बन्धितहरुलाई बोलाई राम्ररी खानपिन गराउनु पर्छ । यसवेला कुखुरा, हाँस, सुङ्गुर, परेवा, वोका आदिको वली चढाइन्छ ।

यो चाड नयाँ फसल तयार भएपछि माघ महिनामा मानिन्छ । यसको कुनै धार्मिक अथवा निश्चित मिति हुँदैन । गाउँका मानिसहरु माझी हडामका घरमा जम्मा हुन्छन् र सर्व सहमतिद्वारा उक्त चाडको दिन निश्चित गरिन्छ । यसैले यो चाड भिन्न भिन्न ठाउँमा भिन्न भिन्न मितिमा मनाइन्छ तर छेउछाउका गाउँले एक अर्कासँग सल्लाह गरी एकैचोटि पनि पार्न सक्छन् । यो चाड साधारणता ५ दिन लगातार विभिन्न उत्सवसाथ

मनाइन्छ । मिति निर्णय गर्दा केही समय अगाडि नै गरिन्छ जसले गर्दा सवैले जाँडरक्सी बनाउने प्रशस्त समय पाउछन् ।

पहिलो दिनको उत्सवमा आफ्ना कुल कुटुम्ब सवैलाई निम्त्याइन्छ । गाउँमा खवर दिने काम 'गोडित' ले गर्छ । उसले प्रत्येक घरबाट चामल आदि सामूहिक समारोहका निम्ति जम्मा गर्छ । गोहितले चामलका साथ तीन वटा कुखुरा पनि उसैको घरबाट ल्याएको हुन्छ ।

त्यो रात गाउँको पुजारी कसैसँग नमिसीई अलग बसेको हुन्छ । तीन वटा कुखरा पूजा गरिन्छ । पूजास्थल घर बाहिर तयार भएको हुन्छ र त्यसलाई जाहेर भनिन्छ । नुहाई धुवाई गरेर नाङ्गलोमा पूजा सामान लिई पुजारी विहानै पूजा मण्डपमा पुग्छ ।

पूजा मण्डपमा लिपपोत गरेपछि केही चामलमा कुखुराको फूल र सिन्दुर राखिन्छ । भरसक परेवा र एउटा वोकाको पनि प्रबन्ध गरिएको हुन्छ । यसरी परेवाको जगेडा छ भने सो परेवा चाहिँ पुजारीले आफै मात्र खान्छ । भेला भएका अरु सवै कुल कुटुम्बले अरु मासु तरकारी भोज खान्छन् ।

चारैतिरबाट गाई वस्तुहरु ल्याई त्यस पूजास्थलमा हिडाउँछन् । र जुन जन्तुले त्यहाँ राखेको फूल कुल्चेर फुटाउँछ त्यसको टाउँकोमा टिका लगाइन्छ र त्यो जन्तुको मालिकलाई काधमा राखी घरमा पुऱ्याइन्छ । यस्तो मण्डपको उत्सवमा आइमाइहरु जादैनन् ।

दोस्रो दिन अझ विशाल रुपमा घर घरमा भोज भत्तेर र जाँडको प्रबन्ध भएको हुन्छ । खसी काटिन्छ, पितृहरुको पूजा गरिन्छ र मासु खिचडी पितृलाई चढाइन्छ । तयार भएको अरु भोजन बाँडेर सवैले खान्छन् । सवैलाई आनन्द मनाउने स्वतन्त्रता दिइन्छ ।

तेस्रो दिन गाउँलेहरुले आफ्ना-आफ्ना गाई वस्तु गाउँको बीच बाटोमा बाध्छन् र तिनीहरुका सिङ्गमा मिठा मिठा भोजन, रोटी र रुपैया बाँधी दिन्छन् । जसले ति जन्तुका सिङ्गबाट ति भोजन र रुपया झिक्न सक्छ उसैले त्यो लान्छ । त्यो दिन पितृपूजा पनि हुन्छ ।

चौथो दिन घर घरमा जाने काम हुन्छ, जाँड रक्सी धेरै नै खाइन्छ । पाचौ दिन विहान नगराको आवाजको संकेत हुन्छ र गाउँका पुरुषहरु धनुकाड लिएर निस्कन्छन्, तिनीहरु सवै जङ्गल जान्छन् र शिकार खेल्छन् दिनभरी शिकार खेलेर बेलुका आएपछि गाउँ

देखि एक सय गज पर केराको झाङमा दुइवटा रोटी राखिन्छ । जसले केराको थामलाई तिरले छेडछ त्यसले ति रोटी पाउँछ र त्यस व्यक्तिलाई जगमाझीले काधमा बोकेर ल्याउँछ र घरघरमा सबै नाच्दै जान्छन् । खान पिन त्यस दिन घर घरमै हुन्छ र सोरही पर्व सकिन्छ । यसरी यस्ता चाडपर्व मनाउँदा उनीहरुमा सामाजिक एकता हुने गरेको देखिन्छ ।

### (ख) ब्राहा पर्व

सोराही पछिको यो सवैभन्दा ठूलो पर्व हो । यो चाड फागुन पूर्णिमा पछि मनाउने भएकाले त्यसवेलाको मौसम सुन्दरता हुने भएकोले त्यसको नाम ब्राहा राखियो । यो दिन अरु जातिले होली खेल्छन् तर सतारहरु शुद्ध पानी छयापाछयाप गरी यो चाड मनाउछन् । यो पर्वमा घरको नजीकै कुनै रुखको फेदमा बाँसको झाङमा वा छेउमा स-साना झुप्राहरु बनाइन्छ । सखुवाको फूलले 'नाइके' ले पूजा गर्छ यसरी वर्षमा एक पटक फुल्ने सालको पूजा गरेर यो पर्व मनाए पछि मात्र नयाँ फूल लगाउन पाउँने र घर छाड्नु हुने भएकोले यो पर्व मनाउनै पर्छ ।

पूजा गर्न तथा वलि दिनका लागि थान बनाइन्छ । त्यस थानमा नाइकेले सवै देवी देवताको नाममा कुखुराको वलि दिने काम गर्छ र रक्सी पनि चढाउँछ । गाउँका पुरुषलाई नाइकेले नै रक्सी र भात चडाउँछ र अन्तिम भाग जुन मान्छेलाई पर्छ, त्यसलाई अरुको भन्दा बढी दिइन्छ र त्यो मान्छेले खाईसकेपछि पर्व नसकुन्जेल घर जान पाउदैनन् ।

त्यसरी पहिलो दिनको पूजा र खानपिन सकेपछि रातभरी नाचगान गरि विताइन्छ । दोस्रो दिन नाइके र उसकी श्रीमतीले देवी देवताको नाममा पूजा गर्ने गर्छन् । पूजा सकिएपछि गाउँका युवायुवतीले नाइके बाट फूल लिएर प्रार्थना गर्दछन् । पूजा सकिएपछि भोज खान्छन् । नाइके र उसकी श्रीमतीले त्यही पूजा गर्दा वली दिएको कुखुरा पकाएर भोजन गर्छन् ।

अब नाइकेले होलीको सुरुवातको काम गर्छ, त्यसपछि सवै युवा-युवतीहरु खुसी र आनन्दपूर्वक शुद्ध पनि छयापछयाप गरी यो पर्व मनाउँछन् । उक्त दिन पनि नाचगान चल्छ ।

यसरी २ दिन मनाइने यो पर्वमा थानमा रक्सी चढाउने चलन छैन । रक्सी चढाउँदा थान बाहिर नै चढाइन्छ । सिन्दुर र फूल मात्र थानमा चढाइन्छ । यो पर्व सामूहिक पर्व हो । पूजा खर्च चन्दा उठाएर गरिन्छ । यो सोरहि जस्तो खर्चिलो पनि हुदैन ।

### (ग) एरोक पर्व

सताहरु यो पर्व बाली लगाउने समय वा असार महिनामा अब धान रोप्ने वेला भयो भन्ने संकेतको रुपमा आगामी वाली फलोस फुलोस भन्ने आशा एवम् कामनाका साथ देवी देवताको पूजा गरी धुमधामका साथ मनाउने चलन छ । यस पर्वमा पनि अन्य पर्व जस्तै, रक्सी, मासु भात खाने चलन छ ।

### (घ) सिरुवा विसुवा पर्व

प्रत्येक वर्ष सोरही पर्व मनाएपछि वैशाख १ गते सिरुवा विसुवा पर्व मनाउँछन् यो पर्व वर्षको एक पल्ट सामूहिक रुपमा जंगलमा शिकार खेल्न जान्छन् जे शिकार गरेर ल्याउँछन् त्यसको पुच्छर मराङवुरु देवतालाई चढाई मासु सवैले मिलेर खान्छन् । नेपाल सरकारले जंगली जनावर मार्न रोक लगाएपछि यो पर्व मनाउन अप्ठयारो भएको स्थानीय सतारहरु बताउँदछन् ।

### (ङ) हरियाड

सतार समाजमा तन्त्र मन्त्र र धामी झाक्री प्रति अटल विश्वास रहेको पाइन्छ । हुनत अन्य आदिवासी तथा पर्याप्त औषधी उपचारको सुविधा नभएको र नपाइएका ठाउँका मानिस र समाजमा पनि यस प्रति विश्वास रहेको पाइन्छ । नेपाल जस्तो विकशील देशमा धामी झाक्री प्रतिको विश्वास नमेटिनु स्वभाविक पनि हो । त्यसमाथि पनि अशिक्षित र पिछडिएको जाति तथा समाजमा मनोवैज्ञानिक औषधीको काम तन्त्रमन्त्र र धामी झाक्रीबाट भएको पाइन्छ । सतार जातिपनि एक अशिक्षित, गरिब र पिछडिएको जात भएकाले त्यसप्रति विश्वास रहनु स्वभाविक नै हो । विरामी भएमा घाउ, खटिरा आएमा, सर्पले टोकेकोमा तथा अन्य विराम लागेमा धामी झाक्रीबाटै उपचार गराउँदै गाउँ घुमाउने गर्छन् । यसैलाई सतारहरु हरियाड पर्व भन्दछन् ।

यो पर्व शुरुवात भदौ पूर्णिमाको दिन प्रत्येक साल गरिन्छ । यो पर्वको अन्त्य दशैको टिकाको भोलिपल्ट अथवा एकादशीको दिन हुन्छ । यसले त्यति लामो समय लिने देखिए पनि लगातार नाची पर्वको रुपमा मनाइन्न । विशेष गरी ५ दिन सम्म मात्र नाच्ने गरिन्छ । भाद्र पूर्णिमामा गाउँको मराङवूरुले माझी थानमा गाउँका धामी मन्त्र सिक्न चाहने केटाकेटीहरुलाई भेला गरेर बेलुका केही समय भन्न सिकाउँछ र यो काम पाच वर्ष सम्म गरेपछि त्यो मराङवुरु भएर निस्कन्छ । सतार जातिमा ओझा वा मराङवुरु भनिन्छ ।

नाच्ने जानु भन्दा अघि दुर्गा भगवतिको थानमा पूजाआजा गरिन्छ साथै सफलताको लागि आर्शिवाद पनि मागिन्छ । जसको पूजा माराङवुरुले गर्छ, जब दुर्गा भगवतीको पूजा गरि त्यसको पनि छर्किएर नाच्न थालेपछि नाच्ने चेलाहरुको आङमा देवता चढ्छ र त्यो लगातार काम्न थाल्छ । यस्तो अवस्थामा उसलाई दुख्दैन भनिन्छ जुन कुरा कामेर नाच्नेहरुले स्वीकार गर्छन् ।

गाउँ पस्ने अघिल्लो दिन देवीसँग आशिर्वाद माग्ने क्रममा उनीहरुले भन्ने गर्छन, भोली देखि हामी गाउँ जादैछौ, रक्षा गर्नु । यसरी सवैतिरबाट व्यवस्था मिलाएपछि धामी नाचको टोली वाजा गाजा सहित उफ्रदै काम्दै, हात र टाउको हल्लाउँदै, अगाडि र पछाडि फर्कदै गाउँ घुम्छन् यसरी नाच्ने काम ५ दिन सम्म चल्छ । त्यसपछि एकदशीको दिन नाचको अन्त्य हुन्छ र देवीको थानमा ल्याएर सामान थन्काइन्छ ।

गाउँ घुम्दा घर घरबाट प्राप्त चामल र पैसा पनि उनीहरु संकलन गर्छन् । धामी नाच नाच्दै हिड्दा बोक्सी वा डाइनले नाच्ने व्यक्तिमा कति शक्ति रहेछ भनी बान पार्न पनि सक्छन् । वान परेमा काम्दै नाच्ने व्यक्ति ढलेर र मुर्छा पर्छ । त्यस्तो मुर्छित व्यक्तिलाई विउत्याउन सकेमा त्यस्तो व्यक्तिलाई शक्तिशाली मानिन्छ । विउत्याउन सकेन भने बोक्सी वा वान सित माफ माग्नुपर्छ र बोक्सीलाई सम्झाउनु पर्छ अनि मात्र मुर्छित व्यक्ति होसमा आउँछ । विउत्याइएन भने त्यस्तो व्यक्ति (मुर्छा पर्ने) मर्न पनि सक्छ त्यसैले यो नाचमा संलग्न हुने धामी ज्ञानको प्रशिक्षण लिने र नाच्ने व्यक्तिले निकै आट बटुल्नु पर्छ भन्ने विश्वास उनीहरुको रहेको छ ।

**(च) जान्थाड पर्व**

यो पर्वको प्रचलन हेर्दा अन्य जातिमा भएको 'न्वागी' (नयाँ अन्न खाने) प्रथा सित मिल्ने भएकाले यसलाई न्वागी पर्व पनि भनिन्छ । यिनीहरुको यो पर्व व्यक्तिगत र सामूहिक दुवै हुन्छ । सामाजिक न्वागी ग्रामथानमा मनाइन्छ जो चन्दाबाट गरिन्छ । नयाँ अन्न पाकेपछि त्यसलाई अलिकति काटेर सवै घरबाट भेला पारिन्छ र देवी देवताको पूजा गर्दै नयाँ अन्न चढाइन्छ । साथै परेवा र कुखुराको वली पनि दिइन्छ । यिनीहरुका प्राय कुखुरा र परेवाको मात्र वलि दिइन्छ र वली दिनु अनिवार्य जस्तो मानिन्छ । यो जान्थाड पर्वको कुनै निश्चित महिना वा दिन हुँदैन । नयाँ धान पाकेपछि गरिने भएकाले कार्तिक या मंसीरमा प्राय हुन्छ ।

यो पर्व मनाउदा 'नाइकेले' स्नान गरि शुद्ध भएर खेतमा पाकिसकेको धान अलिकति काटेर ल्याई जाहेर देवीको थानमा चढाउछ । त्यसपछि अन्य देवी देवतालाई चढाइन्छ । प्रत्येक घरले जान्थाड पर्व मनाउँदा नयाँ धान ढिकीमा कुटेर चामल बनाएपछि दूधमा पकाएर खानुपर्छ जुन काम आफ्नो परिवारका सदस्यले मात्र गर्नुपर्छ । तर सामूहिक जान्थाड पर्वमा भने यस्तो हुदैन । यसको मुख उद्देश्य भनेको खाद्यान्नको सुरुवात भगवानबाटै शुरु गरी भगवानलाई खुसी बनाउनु तथा सम्मान गर्नु रहेको देखिन्छ ।

**(छ) साकरात उत्सव**

यो पर्व पुष महिनाको अन्ततिर मनाउँछन् । यो पर्वमा गाउँका सवै मिलेर मासु, रक्सी खाने, मनोरञ्जन गर्ने, गाउँको गठन, सामाजिक नियम बनाउने र छलफल गर्ने गर्दछन् ।

**(ज) दशै पर्व**

हिन्दु संस्कृति अनुसार दशै पर्व विभिन्न जातिले विभिन्न रुपमा मनाउँछन् । सतार जातिले पनि दशैलाई 'दशई' उच्चारण गरी यो पर्व मनाउँछन् । तर टिका लगाउने चलन उनीहरुमा छैन । घर घरमा देवीको पूजा गर्नुको साथै सामूहिक रुपमा देवीको मुर्ती राखी पूजा गर्ने चलन पनि पाइन्छ तर चण्डी पाठ गर्ने गरेको पाइदैन ।

यस पर्वमा मासु भात खाने तथा जाँड रक्सी खाई आनन्द लिने गरिन्छ । नाच्नु गाउनु उनीहरुका लागि सामान्य कुरा हो । यस पर्वमा पनि व्यक्ति नाच नाचिन्छ साथै दशैलाई दशरा पर्व भन्ने गरेको हुनाले यसलाई हरियाड पर्वको धामी नाच भनिन्छ । यसै पर्वमा सतार जातिहरु अनेक रङ्गि विरङी फुलहरुले आफूलाइ सजाएर अरु जातिहरु सँगै दशै मेलामाजाने गर्दछन् र अलिक पाका उमेरका सतारहरु अन्य जातिका घर घरमा गएर नाचगान गरि उत्सव मनाउने गरेका छन् ।

सतारहरुले कतिपय उत्सव र चाडपर्वहरु परम्परागत रुपमा आफ्नै जातिमा सिमीत रहने गरी मनाएको पाइन्छ भने केही उत्सव र त्यसता उत्सवमा पुजिने देवता अन्य जातिबाट सिकेर मनाउन थालेको पाइन्छ तर कहिले देखि यो थालनी भयो भन्न चाहिँ सक्दैनन् ।

## ५.८ सतार जातिको सामाजिक संस्कारहरु

जुनसुकै जातिमा पनि सामाजिक सद्व्यवहार संचालन गर्न र व्यवस्थित समाजको स्थापना गर्न तथा त्यसलाई कायम गर्न आफ्नो परम्परा र मर्यादा अनुसार संस्कारित हुनुपर्ने आवश्यकता हुन्छ । यो एउटा प्रचलन हो, व्यवहार सवैले गर्नुपर्दछ । त्यसको लागि व्यवस्थित विधान आवश्यक पर्छ जसले शिष्टता, एकता र सद्भावलाई प्रतिस्थापित गर्दै आफ्नो परिवार र समाजलाई व्यवस्थित पारेको हुन्छ ।

सतार जातिमा पारिवारिक संस्कारहरु पाइन्छन् जसबाट उनीहरुमा भएको जीवन दर्शनको कुरा पनि थाहा पाइन्छ । आफूले मान्दै आएको परम्परागत धर्म अनुसार संस्कारमा काम गरिन्छ । मानव समुदायमा मुख्य रुपमा तीन संस्कारहरु रहेका छन् । जुन सवै वर्गका मानिसहरुले आफ्नो परम्परागत आधारमा पालना गर्दछन् । सतार जातिको संस्कार र तिनीहरुले पालना गर्ने प्रक्रिया पनि आफ्नै प्रकारको छ ।

### ५.८.१ जन्म संस्कार

जन्म र मृत्यु प्राकृतिक प्रक्रिया हो । सतार जातिको आफ्नै छुट्टै जन्म संस्कार छ । पिछडिएको जातिमा पर्ने सतारहरुको जन्म संस्कार अत्यन्त रोचक अनि छुट्टै मौलिकता र पहिचान बोकेको छ । यिनीहरु जन्मलाई ‘जनम’ भन्दछन् (विष्ट, २०५८) ।

सतार जातिमा बच्चा जन्मनुलाई भगवानको आशिर्वाद नै मान्ने चलन रहेछ । छोराछोरीमा भेद नगर्ने भए पनि छोरा जन्मिएमा विशेष खुसी मान्दा रहेछन् तर छोरा छोरी जे भए पनि सुत्केरीको हेर विचारमा भेद गरिदैन । गर्भवती महिलालाई केही ध्यान दिए पनि विशेष हेरचाह गर्नुपर्ने ज्ञान नभएको तथा श्रमजीवी भएको कारणले वा आर्थिक अवस्था कमजोर भएको कारणले ध्यान दिन नसक्ने अवस्था आम सतार समुदायमा देखिन्छ । गाउँ घरमा सुत्केरी हुनु पर्ने वाध्यता उनीहरुमा छ । शिक्षित सतारहरुले भने अस्पताल सम्म पुऱ्याउने गरेको पाइन्छ । त्यसैले घरमै सुडेनी र जगमाझीको श्रीमतीको सहयोगबाट बच्चा जन्माउने गर्दा रहेछन् ।

बच्चा जन्मिएपछि सुढेनी बूढीले तिरले बच्चाको नाइटो काटछिन् भने कही कही सुत्केरी सामग्रीको प्रयोग गरेको पाइन्छ । यसरी सुढेनीको सहयोग लिने चलन नेपालका हरेक जातिमा अस्पतालको सुविधा नभएका क्षेत्रमा रहेको छ । यो एउटा बाध्यता पनि हो । यो जातिको  सुत्केरी चोख्याउने चलन जति सक्दो चाँडो गरिन्छ । सतार जातिमा बच्चा वा जन्माउन सहयोग गर्न  वोलाइएको सुडेनी (दर्गीन) लाई छोरा जन्मिए २०० रुपया र छोरी जन्मिए १५० रुपया दिने चलन छ । यो सामाजिक सेवाका साथै केही मात्रामा आर्थिक लाभ पनि हुने गर्दछ ।

बच्चा जन्मेको दिन देखि सुत्केरीलाई कुखुरा, खसी, हाँस परेवाको मासु, गहत, मुसोरो दाल, ज्वानको झोल प्रशस्त मात्रामा खान दिइन्छ । तिपटक सम्म एकदिनमा खानेकुरा खान दिइन्छ । बच्चा जन्मेको दिन भने सुत्केरीलाई नुन खान दिइदैन । १५ दिन सम्म सुत्केरीलाई केही काम गर्न लगाइदैन भने १५ दिन पछि शारिरीक परिश्रम कम पर्ने खालको काम लगाईन्छ

यसरी पुरानो मान्यतामा रहको सतार समाज विस्तारै परिवर्तनतिर पाइला चाल्दैछन् । गर्भवती महिलालाई घरमानै सीमित नराखेर अस्पताल लैजाने चलन पनि बढ्दो छ । यसका साथै सतारहरुमा नामाकरण र छेवर पनि गर्ने चलन ति क्रमशः यसप्रकार रहेको छ र

<u>नामाकरण</u>

सतार समुदायमा बच्चा जन्मिएकै दिन वा नभ्याएमा भोलिपल्ट बच्चाको नामाकरण गर्ने चलन पाइन्छ । बच्चाको नामाकरण गर्ने दिन आफ्ना आफन्तहरु र छरछिमेकहरुलाई आमन्त्रण गरिन्छ । नाम राख्नको लागि जगमाझीको बूढीले प्रमुख भूमिका खेल्छे र उसले आफूले मान्ने गरेको देवी देवता र अन्य देवीदेवता समेतको पूजा गरेपछि बच्चाको नाम राखिन्छ । त्यसमा निमको पात र अलुवा चामल मिसाएर पकाएको खिरलाई पहिला चढाइन्छ र बच्चाको नाम जुराइन्छ । बच्चाको नाम जुराउँदा उसको बाबु, काका, ठूलो बुवा, हजरआमा, हजुरबुवा, फुपु, मावलको हजुरआमा, हजुरबुवा, मामा आदिको नामबाट जुराइन्छ । बच्चाको नामाकरण दुई तरिकाबाट राख्ने चलन छ ति यसप्रकार रहेको छ । बच्चा जन्मेको वारको आधारमा नाम यस्तो छ ।

| बार | पुरुषहरुको नाम | महिलाहरुको नाम |
|---|---|---|
| **आइतवार** | एतबार | आइत |
| **सोमबार** | सोम | सुमी |
| **मङ्गलवार** | मंगल | मुङली |
| **बुधवार** | बुध | बुदीन |
| **बिहिवार** | लुखीराम | लुखी |
| **शुक्रवार** | सुकुल | सुकुरमुनी |
| **शनिवार** | शनिराम | शनिरा |

त्यसैगरी,

जेठा छोराको नाम- घरको हजुरवाको नामबाट

माइलाछोराको नाम- मावली हजुरवाको नामबाट

साइला छोराको नाम- वडाबाको नामबाट

कान्छा छोराको नाम- काकाको नामबाट

अन्य छोराहरु भए- मामाहरुको नामबाट

त्यस्तै,

जेठी छोरीको नाम- घरको हजुरआमाको नामबाट

माइली छोरीको नाम- मावली हजुरआमाको नामबाट

साइली छोरीको नाम- वदेमाको नामबाट

कान्छी छोरीको नाम- काकीको नामबाट

अन्य छोरीहरु भए- माइजुको नामबाट

अहिले आएर सतार समुदायमा पनि नाम राख्ने कुरामा केही परिवर्तन भएको पाइन्छ । उनीहरु जहाँ बस्छन् त्यहीको मानिसहरुको नामबाट प्रभावित भएर आधुनिक नाम राख्ने गरेको पाइन्छ । जस्तो- दिलीप, श्याम, हरि, मनोज, राम, अर्जुन, सीता, पार्वती, गीता, उर्मीला, राधिका, कमला आदि नाम राखेको पाइन्छ ।

नाम निश्चित भएपछि जगमाझीको बूढीले सवै आमन्त्रितलाई ढोग्दै बच्चाको नाम भयो भनी साउती मार्छे, जसबाट आमन्त्रित प्रतिको श्रद्धाभाव देखिन्छ । सवैलाई नाम बताइसकेपछि पाहुनालाई चढाएको खीर प्रसादको रुपमा बाडिन्छ । जसबाट आफ्नो घरपरिवार शुद्धताको लागि समाजमा चोख्याइन्छ । यसरी नाम राखेपछि सुत्केरी र घर परिवार शुद्ध हुन्छन्

जे जस्तो नाम राखेता पनि उनीहरुको पारम्पारिक नामबाट उनीहरुको संस्कृति बुझ्नमा मद्दत गर्छ । आखिर नाम भनेको अलग पहिचान मात्र हो । यसै कुरालाई उनीहरुले मानेकोले आधुनिक सभ्यता तिर मोडीदा आफ्ना नामहरु पनि उनीहरुमा आएको परिवर्तनको एउटा लक्षण हो भनी मान्न सकिन्छ ।

छेवर

सतार जातिमा पनि छेवरको प्रचलन रहेको छ । बच्चा ४/५ वर्षको भएपछि कपाल काट्ने (छेवर) गर्ने दिन आफ्नो समुदाय सक्षम व्यक्तिलाई बोलाउछन् । यसका साथसाथै आफन्तहरुलाई पनि बोलाउछन् । कपाल काट्न आफ्नो समुदायमा सक्षम व्यक्ति नभएमा कपाल काट्ने ठाकुरलाई बोलाई कपाल काट्न लगाउदछन् । यसरी कपाल काट्ने कार्य गर्दछन् । तर वर्तमान परिस्थितिमा आएर यसरी सामुदायिक भेला नभई २/३ वर्षको उमेरमा पनि कपाल काट्ने चलन रहेको छ ।

## ५.८.२ विवाह प्रथा

सतार जातिको विवाहवारे केही चर्चा गर्नु अघि केही विद्वान्को भनाई प्रस्तुत गर्नु उपयुक्त हुन्छ । Bogardus का अनुसार "विवाह नारी र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराउने संस्था हो" ।

यसैगरी होवेलका अनुसार "विवाह सामाजिक विषयहरुको एउटा जाल हो । जसले बन्धन पारस्परिक सम्बन्ध, सम्मान, तथा समाजप्रतिको सम्बन्धलाई परिभाषित गर्दछ "।

सतार जातिमा विवाह गर्नु परिवार कायम राख्नु र शारिरीक आवश्यकता पूरा गर्नु दुवै हो (दाहाल, २०४२:४५) ।

सतार भाषामा विवाहलाई 'वाप्ला' भनिन्छ । अन्य जातिमा भए जस्तै सतार जातिमा पनि विभिन्न प्रकारका विवाह प्रथा छन् । विधवा विवाह गर्ने, प्रेम, जारी, भाउजु

वेहोर्ने , जवरजस्ती विवाह गर्ने चलनलाई सामाजिक मान्यता प्राप्त छ । विधवा विवाहलाई सतार समुदयाले सहज रुपमा स्वीकारेको पाइन्छ । अन्य जात जातिसँग विवाह गरिदैन, भएमा पनि त्यसलाई सामाजिक मान्यता छैन । सामान्यतया एउटै थर, गोत्रमा विवाह, वर्जित मानिन्छ, यदि त्यस्तो भएमा त्यस विवाह गर्ने जोडीलाई समाजबाट बहिष्कृत गरिन्छ । यस्ता कुप्रचलनबाट जाति र समाज विग्रंन्छ भन्ने धारणा उनीहरुमा रहेको छ । एकै घरमा विवाह गर्दा समाजबाट बहिष्कृत गरिएपनि माझीहडामले केही दण्ड गरि समाजका मान्छेलाई भोज भतेर खुवाएपछि आफ्नो जातमा मिल्ने चलन छ । त्यसैले उनीहरुको समाजमा खुल्ला देखिन्छ । यसो हुनु भनेको उनीहरुमा विखन्डन भन्दा एकता प्रतिको सचेतना हो ।

जारी विवाह भएमा उसको विवाहमा भएको खर्चको दोब्बर दिनुपर्छ । उनीहरुमा साधारणतया बहुविवाह हुँदैन तर भाउजु विहे गर्नु हुने चलन भएको हुनाले कुनै कुनै देवरको एक भन्दा बढी स्वास्नी हुने अवस्था पनी उत्पन्न हुन्छ तर यो प्रथा विस्तारै हराउँदै जादैछ । अध्ययन क्षेत्रबाट प्राप्त जानकारी अनुसार सतार जातिको निम्न प्रकारको विवाह पाइन्छ ।

**(क) मागी विवाह (किरीन वाहु वाप्ला)**

सतार समाजमा रहेको वढी प्रचलित र सम्मानित विवाह मागी विवाह हो । आमा बाबुले वा आफन्तहरुले केटा या केटी पक्षसित कुराकानी गरी दुवै पक्ष राजी भएपछि गरिने विवाह मागी विवाह हो । साधारणतया केटा पक्षबाट पहल गरिन्छ । विवाहको कुराकानी केटाको तर्फवाट लमीद्वारा चलाइन्छ । जसलाई 'राइवर बूढा' भनिन्छ । उनीलाई पछि एक जोर जुत्ता र एउटा धोती दुवै तर्फबाट दिइन्छ । केटी हेर्न गएको लमीले केटी पक्षसित कुराकानी गरी केटा र केटीको बिचको हेराहेर गर्ने दिन निश्चित गरेपछि दुवैलाई हेराहेर गरिन्छ र दुवैले एक अर्कालाई मन पराएमा केटा पक्षले केटी पक्षलाई 'चुम्ना' (रित) दिने काम गर्छ भने केटी पक्षले केटालाई धोती उपहार स्वरुप दिन्छ । केटा पक्षले चुम्ना दिदा आफ्ना नातेदारहरु गएर दिने गर्छन । यति काम भएपछि दवै पक्षले विवाहको दिन निश्चित गर्छन् ।

विवाहको दिन निश्चित भएपछि दुवै पक्षले विवाहको निम्तो बाड्ने काम गर्छन । निम्तो बाड्दा हिजो आज कार्ड पठाउने गरेपनि गरिव सतारहरुमा भने निम्तो पठाउदा

पठाएको दिनबाट जतिदिन विवाहको दिन बाँकी रहन्छ, धागोमा त्यति गाँठो पारेर पत्ता वा टपरीमा हर्दी, अक्षेता र दुवो राखी दही लगाएर त्यो धागो निम्तोको रुपमा आफन्तहरुलाई पठाइन्छ ।

विवाहको दिन नजीक आएपछि केटा पक्षको घरमा विवाह मण्डप तयार गरिन्छ । केटी पक्षकोमा पनि त्यो काम हुन्छ । विशेष रितीरिवाज अन्तर्गत केटाकेटी बस्ने स्थान बनाइन्छ । विवाह कर्म गराउने काम जगमाझीले गर्छ ।

केटी हेर्न जाने, केटा हेर्ने र मन पराएर गराउने तथा एकअर्काले उपहार दिने तथा मण्डप तयार पार्ने काम वैवाहिक कार्यका सुरुका काम हुन् । केटीलाई पनि बोलाएर कपडा दिइन्छ । केटीलाई कपडा दिई सकेपछि अर्को दिन केटी पक्षकाहरु केटा पक्षकोमा केटालाइ कपडा 'धोती' लिएर आउँछन् । केटालाई कपडा, पैसा वा अन्य जे जति वस्तु दिने हो, दिन्छन् र भोलिपल्ट भोज खाएर फर्कन्छन् । यि काम भै सकेपछि त्यसको अर्को दिन केटा जन्ती लिएर केटीको घरमा जान्छ । जन्ती जाँदा वाजागाजा सहित जान्छन् । जन्तीहरु केटीका घरमा सरासर नगएर त्यसको अलित वरनै रुखको फेदमा बस्छन् । जब केटीले उनीहरुलाई बोलाउन आउँछन तवमात्र जन्ती अगाडी बढ्छ । जन्तीलाई बेहुलीको घरबाट नबोलाए सम्म बेहुलीको घरमा पस्न हुदैन केटी पक्ष नआई जवरजस्ती प्रवेश गरेमा त्यो गाउँको माझीहडामले जन्तीलाई दण्ड गर्छ र त्ये दण्ड केटा पक्षले तिर्नु पर्छ । केटीको घरमा छेउमा पुगेपछि घर पस्नु अघि केटीको आमाले वा दिदीहरले गाडिबाट केटालाई उतारेर नुहाइदिने र कपाल कोरीदिने गर्छन। त्यसवेला केटालाई विभिन्न प्रकारले जिस्काउने काम पनि हुन्छ । यो काम विशेष शुद्धताको लागि गरिएको देखिन्छ । केटालाई शुद्ध पारी तयार पारेपछि केटीलाई पनि नुहाएर शुद्ध बनाई मण्डपमा ल्याइन्छ र केटीले केटालाई पहेलो कपडा दिन्छन् । केटापक्षले पनि केटीलाई पहेलो रंगको साडी र अन्य कपडा दिन्छन । सतार जातिमा पहेलो कपडालाई शुभ मानिन्छ, यो उनीहरुको आफ्नो जातिय पहिचान हो । कपडा लिनेदिने काम सकिएपछि दुवैलाई घरमा लगिन्छ । केटीलाई घरभित्र लगेर फूलले सजाएको ठूलो ढाकीमा राखिन्छ र केटा पक्षले गएर ढाकीमै बोकेर बाहिर ल्याउछन् अर्कातिर केटालाई भने केटाको भिनाजुले र नभए भिनाजु पर्नेमा बोकेर ल्याउछन् । दवैलाई बोकेर ल्याएपछि बोकेकै अवस्थामा केटाले केटीलाई सिन्दुर हाल्ने कार्य सम्पन्न गर्छ र त्यसको जानकारी केटाले आफ्नो बुबालाई दिन्छ । सिन्दुर हाल्ने काम सकेपछि केटी केटालाई पाल्की/गाडामा बसाएर गाउँ घुमाइन्छ । गाउँका सवैबाट आशीर्वाद प्राप्त गर्न र

विवाह भएको जानकारी दिन यसो गरिएको  हो । गाउँ घुमाइसकेपछि घरमा ल्याई खान खुवाइन्छ । यो कार्य सकिएपछि केटो आफ्ना जन्ती भएको ठाउमा आउछ भने केटी आफ्नै घरमा बस्छे । यसरी पहिलो दिनको कार्यक्रम सकिन्छ ।

भोलिपल्ट केटालाई मण्डममा लगेर राखिन्छ यो अवसरमा केटालाई दान दक्षिणा दिने काम हुन्छ । आफ्नो इच्छा अनुसार दान दिन पाइन्छ । त्यसपछि विदाइको काम शुरु हुन्छ । बेहुला बेहुलीलाई गाउँको माभ्फी थानमा बोकेर लगिन्छ र दुवैलाई मिठाइ र गुड खुवाइन्छ र ढोग्न लगाइन्छ । माभ्फी थानको पूजा सकिएपछि फेरी दुवैलाई घरमा ल्याइन्छ र जन्ति सहित बेहुला बेहुली विदा गरेपछि केटी पट्टि वैवाहिक कार्यक्रम सकिन्छ । यो दुई दिनको लामो भएपछि नाच्ने, गाउने, जाँडरक्सी खाने काम चली नै रहन्छ ।

बेहुलीलाई घर ल्याइसकेपछि बेहुलाको घरमा बनाएको विवाह मण्डपमा दुवैलाई राखिन्छ । त्यहाँ पनि बेहुला पक्षकाले दुवैलाई आफ्नो इच्छाअनुसार दानदक्षिणा दिन्छन् । बेहुली पुऱ्याउन बेहुली पक्षका केही मानिस आएका हुन्छन् । त्यो दिन भोज भतेर खाइन्छ र भोलिपल्ट विदा गरिन्छ । यसरी मागी विवाह सम्पन्न हुन्छ । आज भोली सतारहरु अन्य जातिको देखासिखिमा विवाहमा हिन्दु शैलीमा वरियात जाने गरेको पाइयो । विवहामा कम खर्च गर्नु राम्रो हुने सोच पलाएर परम्परागत तरिका को ऋण लिएर भए पनि धेरै खर्च गरि विवाह गर्नु पर्ने तौर तरिकामा परिवर्तन ल्याउनु पर्ने सोच वनाएको पाइयो । निम्न स्तरका सतारहरुलेत अन्य जातिको जस्तो दिउँसोको नै विवाह उपयूक्त हुन्थयो भनेका छन् । आज भोली विवाहमा जाड रक्सी  अनिवार्य हुनै पर्छ भन्ने  धारणमा पनि परिवर्तन भएको पाइयो ।

**(ख) बहुविवाह (हिरोन चेतन वाप्ला)**

यस सतार समुदायमा बहुविवाहलाई राम्रो मान्दैनन् तर आवश्यक परेका खण्डमा चाहि विवाह गर्ने चलन छ । वाध्यता वा रहर दुवै कारणबाट बहुविवाह भएको पाइन्छ । घरमा स्वास्नी हुँदाहुँदै अर्को विवाह गर्न पाइदैन, तर पहिलेको श्रीमती राजी छ वा उसलाई अंश दिएर अलग राखिएको छ भने उसले अर्को विवाह गर्न पाउछ । उनीहरुको समुदायमा छोरो नभएमा वा छोराछोरी दुवै नभएमा दुवैको राजी खुसीले अर्को विवाह भएको पाइन्छ । जवरजस्ती विवाह गरेमा समाजका भद्रभलादमीले अंश दिलाइदिने गर्छन् ।

**(ग) विधवा वा विधुर विवाह (सागुंवा वाप्ला)**

सतार जातिमा विधवा वा विधुर विवाह पनि चलनमा रहेको छ । यस्तो विवाहलाई उनीहरुले सामाजिक मान्यताका साथै स्वीकार गर्छन । यो कुरा क्षेत्री, ब्राम्हण समाजका लागि एक चूनौती पनि हो । यस जातिमा सिन्दुर हालेपछि केटी माइतमा बसेकी छ भने सो केटीलाई विवाह गर्न घृर्ण गर्दछन भने विधवा महिलालाई सम्मान गर्दछन् । यस समाजमा केही कारणवश दाजुको मृत्यु भएर भाउजु विधवा हुँदा उक्त भाउजुलाई देवरले राख्ने चलन छ । जुन समाजले स्वीकृति दिन्छ । यसरी महिलालाई सम्मान गरेको पाइयो ।

**(घ) घर ज्वाई विवाह (घरदश जमाई वाप्ला)**

सतार जाति काम गरी खाने समुदाय हो । आर्थिक विपन्नताको कारण यस समुदायमा केटी पाउन गाऱ्हो भएकोले जसो गरेर पनि विवाह गर्न यो प्रथा स्वीकार गरेको पाइन्छ । यस विवाहमा घरज्वाई राखिन्छ र उसले पाच वर्ष सम्म ससुरालीमा काम सघाउछ । जसको कारण उसले ससुरालीको सम्पत्ति पाउने गर्छ । यस खालको विवाह छोरा नभएको घरमा सम्पत्ति नभएको केटालाई विवाह गरी घरज्वाई राख्ने गरिन्छ ।

**(ङ) साटी विवाह (गोलाट वाप्ला)**

साटी विवाह अर्थात छोरी साटासाट गरि गरिने विवाह प्रथा सतार समुदायमा पनि चलेको देखिन्छ । यस्तो विवाहमा एक अर्कामा छोरी साटासाट गर्छन् । विवाह खर्च कम गर्न तथा विवाहका लागि कन्या प्राप्त गर्न मुश्किल पर्ला की भनेर यो प्रथा प्रचलनमा रहेको पाइन्छ । यो प्रथालाई त्यति राम्रो मानिदैन । यस्तो विवाहबाट पारिवारिक समस्याहरु हुने गर्छन् ।

**(च) ज्वाई किन्ने विवाह (जवाई किरिनाको वाप्ला)**

कुनै पनि महिला विवाह अगाडि नै गर्भवती भई भने अर्को गरिव केटा खोजेर विवाह गर्ने चलन छ, त्यसलाई नै ज्वाई किन्ने विवाह भनिन्छ । त्यो विवाह गर्ने केटाले जन्मने बच्चाको बाबु बन्न तयार हुन्छ र गर्भवती महिलालाई सहर्ष स्वीकार गर्दछ यसो गरे वाफत उसले केही रकम केटी पक्षबाट प्राप्त गर्दछ । यस्तो विवाहलाई सतार समुदायले सम्मान गर्छन्

**(छ) केटीको इच्छा अुनसारको विवाह (निखोल वाप्ला)**

सतार समुदायको केटीले कुनै पनि केटा मन परेर विवाह गर्न पाइन भने उक्त केटाको घरमा जाँडको हण्डी लिएर जवरजस्ती केटाको घरमा पस्छे । केटाको आमाले घरबाट धपाउन अनेक प्रयन्न गर्छीन् घरमा खोर्सानी बालेर घरभरि धुँवा लाउछीन् तर यस्तो अवस्थामा पनि केटी चुप लागेर बसी भने केटीको जीत हुन्छ र ऊ त्यो घरकी बुहारी हुन्छे । यस प्रथाबाट पनि सतार समुदायमा महिलाको स्थान उच्च छ भन्ने देखिन्छ ।

**(ज) कम खर्चिलो विवाह (तुकी दिलीप वाप्ला)**

सतारहरुमा मागी विवाह नै सर्वमान्य र प्रचलित विवाह हो । मागी विवाह पछि अन्य विभिद विधिद्वारा पनि विवाह सम्पन्न गरिन्छ जसमा कम खर्चिलो विवाह हो । यस विवाहमा अरु विवाह जस्तो सवै विधि नअपाई गाउँका मानिसले सहयोग गरेर केटा र केटीको घरमा टोकरीमा सामान हाली ल्याइने र विवाह सम्पन्न गराइन्छ । यस विवाहमा वर वधु पक्षलाई आर्थिक सहयोग मिल्दछ । यस प्रकारको विवाह आफ्नो आर्थिक अवस्था अति कमजोर भएका सतारहरुले गरेको पाइन्छ ।

**(झ) प्रेम विवाह (अपाङगीर वाप्ला)**

प्रेम विवाहको प्रचलन प्राचीनकाल देखि नै सवै संस्कार धर्म सम्प्रदाय जात जातिमा रहेको छ तर पनि समाजले यसलाई राम्रो मान्दैन । सतार समुदायमा पनि प्रेम विवाह हुन्छ । युवक, युवतीको मन मिल्यो भने र विवाह कार्यमा वाधा आइलाग्यो भने कुनै ठाउँमा भागेर गएर वैवाहिक जीवन शुरु गर्छन् र केही समय पछि समाजले यस प्रकारको विवाहलाई पनि स्वीकृति दिन्छ । यसमा केटा र केटी गरेर हाटबजारबाट मौका छोपी भाग्छन् र अन्यत्र गएर बस्दछन् केही वाधा भएन भने गाउँ फर्केर आएर विवाह पनि गर्छन । सतार समुदायमा समाज व्यवस्थाको सवै अङ्ग भएकोले प्रेम विवाह गर्न मुश्किल हुन्छ । किनकी केटा र केटीको निगरानीको व्यवस्था पनि समाजले गरेको हुन्छ तर हाल त्यस प्रकारको समाज व्यवस्था हट्दै गएको र आधुनिक सभ्यताले पनि प्रभाव पार्न थालेकोले प्रेम विवाहको प्रचलन पनि वढेर गएको  पाइन्छ । सतार केटीहरु अन्य समुदायको केटा संग पनि प्रेम विवाह गरेर घरजम गर्न थालेको पाइयो ।

**(ञ) जारी विवाह (जारी वाप्ला)**

सतार समुदायमा अर्काको श्रीमती भगाई ल्याई स्वास्नी बनाउने प्रचलन पनि रहेको छ । जसलाई जारी विवाह भनिन्छ । यसरी विवाह गरेमा पहिलेको श्रीमानलाई विवाह खर्च दोब्बर र रित खर्च तिर्नु पर्छ र यसलाई सामाजिक हिसावमा मान्यता भए पनि राम्रो नमानिने भएको हुदा सतारहरुमा यस्तो प्रकारको विवाहको प्रचलन कम भएको पाइयो ।

**(ट) भाउजु वेर्होने विवाह**

दाजुको मृत्य भएमा विधवा भाउजुलाई देवरले विवाह गर्ने चलन पनि सतार समुदायमा पाइन्छ। यसमा भाउजुको मञ्जुरीको साथै समाजको स्वीकृति चाहिन्छ। आफ्नी स्वास्नी छदाछदै पनि यस्तो विवाह हुने गर्छ। चलन चल्तीमा रहेको भए पनि हिजो आज यो प्रथा त्यति प्रचलनमा छैन।

यसप्रकार सतार समाजमा विभिन्न किसिमले विवाह गरी व्यवहार संचालन गरको पाइन्छ। सतारहरुमा विवाह गर्ने उमेर १६ वर्ष भन्दा माथिको मात्र मानिन्छ। सामान्यतया केटीको उमेर १६ वर्ष र केटाको २० वर्ष पुगेपछि विवाह गर्ने गर्दछन्।

## ५.८.३ मृत्यु संस्कार

सतार समाजमा मृत्यु संस्कार परम्परागत रुपमा सरल तरिकाबाट हुन्छ । यस जातिमा मेरेको मानिसलाई जलाउने, गाड्ने दुवै प्रथा कायम छ । मान्छे मरेपछि घरको मुख्य व्यक्तिले माझीहडामलाई खवर दिन्छन् । गोडीतले गाउँमा सवैतिर खवर पुऱ्याउँछ । गाउँलेहरु बञ्चरो, वेसार, धान, कुखुरा, पराल आदि आ-आफ्नो इच्छा अनुसार लिएर आउँछन् । महिलाहरुले मृतकलाई डोरीको खाटमा तेल सिन्दुर टिका लगाईदिन्छन् मृतकलाई डोरीको खाटमा सेतो कपडा मात्र ओडाएर नजीकको नदी छेउमा लैजान्छन् । मृतकले प्रयोग गरेका थाल, कचौरा, लोटा, लौरो आदि सवै संगै लगिन्छ। आफन्तहरु मात्र भेला भएर मलामी जान्छन् जसलाई सतार भाषामा 'गोसान' भन्दछन् । लासलाई छोर लगायत अन्यले पालैपालो बोकेर घाटतर्फ लैजान्छन् लास घाटतर्फ लैजादा भुटेको धान र पैसा फ्याक्दै लान्छन् । यसरी धान र पैसा फ्याक्नुको अर्थ मृतकको आत्मा गाउँमा फेरी नआओस् र उसको आत्माले गाउँलेलाई दुःख नदिओस भनेर हो। मृतकले लगाएको सम्पूर्ण चिजबीज लास सँगै लगिन्छ , गरगहना पनि फिर्ता ल्याउन नहुने भएकोले मलामी मध्ये

कसैले त्यो चिज त्यही किन्दछन् । लासलाई जलाउने संस्कार भएकाले जलाउने र गाड्ने संस्कार भएकाले गाड्ने गर्छन् लासलाई चितामा राख्नु अगाडि शुद्धी कार्य गर्छन् र लाशको टाउको दक्षिणतर्फ फर्काई राखिन्छ ।

मृतकका छोराहरुले त्यही घाटमा केश काट्दछन् । सतार जातिमा नयाँ कपडा लगाउनु पर्दैन, पुरानो कपडा लगाउँदा हुन्छ । मलामीलाई फर्केर आएपछि कुखुराको मासु र जाँड रक्सी खान दिनुपर्छ । अन्त्यष्टि कार्य एकै दिनमा समाप्त हुन्छ । मान्छे मरेको आउने मंसीरमा मृतकको नाममा शोक, भोज गर्नुपर्दछ किनकी यो उनीहरुको पहिला देखिको चलन रहेछ । सतार भाषामा शोक भोजलाई 'माण्डान' भन्दछन् । त्यसपछि सतारहरु मृतकको नाममा श्राद्ध पूजा भोज आदि केही गर्दैनन् तर प्रत्येक चाडपर्वमा आ-आफ्ना मरेका पितृहरुको संझना गर्दै फूल चडाउँछन् ।

सतारहरु पनि मानव देह त्याग गरेपछि आत्माले अर्को जन्म लिन्छ भन्ने कुरामा विश्वास गर्दछन् । आइतवार मरेको मानिसको आत्माले अर्को जन्म लिन्छ र सांसारिक दुःख पाउँछ भन्ने विश्वासले गर्दा मानिस आइतवार मर्नुलाई अशुभ मान्दछन् । मानिस मर्दा धेरै शोक गर्नु हुँदैन शोक गर्दा आत्माले शान्ति पाउँदैन भन्ने विश्वास गरिन्छ ।

इसाई सतारहरुले इसाई धर्म अनुसार नै मृतकलाई गाड्छन् । आत्माले शान्ति पाओस् भनेर भगवान यिशुको प्राथना गर्छन् । मृत्यु संस्कार सकेपछि घरमा आई भोज गरेपछि सकिन्छ । सवै छोराले क्रिया गर्नुपर्दैन, जुन भएपनि एउटाले गरे हुन्छ ।

## ५.९ भाषा र साहित्य

सतार भाषालाई भारतमा सन्ताली वा सन्थाल भाषा भनिन्छ (साहु समीर, १९६०) । उनीहरुको वोलीमा भाषालाई 'पार्सी' भन्दछन् । सन्ताली पार्सी भन्नाले सन्थाली भाषा भन्ने बुझिन्छ । भाषा र साहित्यको विकास, उत्थान र प्रचार प्रसारको लागि सन्थालहरु संगठित भई अन्तर्राष्ट्रिय सन्ताल काउन्सीलको स्थापना गरी लागि परेका देखिन्छन् सन्थाली भाषा र साहित्यको लागि इ.वि. १९९३ को मार्च १३, १४ मा झापाको स्थानीय प्रशिक्षण केन्द्र कलवालगुडीमा दोस्रो सम्मेलन पनि भएको थियो । अहिले राष्ट्रिय रुपमा भाषा र संरक्षणका लागि "मराङवुरु सन्थाली कला परिषद" को गठन गरी संगठित रुपमा अघि बढेको पाइन्छ ।

यसप्रकार नेपालमा पनि सतारहरु आफ्नो भाषा र साहित्यको पहिचानको लागि सक्रिय हुन थालेको पाइन्छ। यसरी संगठित रुपमा अघि बढ्दा सतार जातिमा विशेष चेतना, जागरण, उत्साह पलाउने आशा गर्न सकिन्छ। यस्तै आफ्नो भाषा र संस्कृतिको संरक्षणमा जनचेतना र उत्साह पैदा गर्ने उद्देश्यले (२०६३) को दशैंको एकादशीमा गरामनीको स्कुल प्राङ्गणमा पूर्वाञ्चलका सतारहरु (झापा, मोरङ्ग) ले सांस्कृतिक कार्यक्रम गरेका थिए। उक्त कार्यक्रममा सतारहरुको भाषा र संस्कृतिको संरक्षणका लागि विभिन्न झलकहरु प्रस्तुत गरिएको थियो। झापाका सतार जाति तथा अन्य जातजातीको उल्लेख्य सहभागिता रहेको थियो।

झापा जिल्ला अन्तर्गत चन्द्रगढी गा.वि.स. का अधिकांश सतारहरुले पनि नेपाली भाषा बोल्ने गरेको पाइयो। अन्य जातिको सम्पर्कको साथै विद्यालयमा पनि नेपाली भाषामा नै अध्ययन अध्यापन हुने हुँदा नेपाली भाषा नै प्रयोग गरेको पाइन्छ।

**तालिका . २ : चन्द्रगढी गा.वि.स. मा भाषा माथिको वनौट**

| **भषा** | **कुल जनसंख्या** | **पुरुष** | **महिल** | **प्रतिसत** |
|---|---|---|---|---|
| नेपाली | ११८५४ | ५४७३ | ६३८१ | ६२।५५५ |
| मैथिली | ९९३ | ५१७ | ४७६ | २।६० |
| भोजपुरि | ३३ | १९ | १४ | ० ।१७ |
| थारु | १३९ | ७९ | ६० | ० ।७३ |
| उर्दु | ४० | २२ | १८ | ० ।२१ |
| लिम्बु | २८४ | १४४ | १४० | १ ।४९ |
| नेवार | २१८ | १०५ | ११३ | १ ।१५ |
| राजबंशी | ३७०३ | १८३५ | १८६८ | १९ ।५४ |
| सन्थाली | ८२८ | ४०९ | ४१९ | ४।३६ |
| बंगाली | ४८ | २४ | २४ | ० ।२५ |
| गुरुङ | ७३ | ३१ | ४२ | ० ।३८ |

स्रोतः *http://cbs.gov.np 2011*

**सतार भाषका केही शब्दहरु**

| सतार भाषा | नेपाली भाषा |
|---|---|
| गोडोम गोगो | हजुरआमा |
| गोडोम बाबा | हजुरबुबा |
| गोगो | आमा |
| बाबा | बुवा |
| हपनबा | काका |
| हपनगो | काकी |
| मोराङ वो | बढीबा |
| मोराङ आयो | बढेमा |
| नाना | फुपु |
| कुमङ्ग | फुपाजु |
| दिदी | दिदी |
| तियाङ्ग | भिनाजु |
| भई | बहिनी |
| वबु | भाइ |
| हपन | छोरा |
| हपनइराइन | छोरी |
| जवाई | ज्वाई |
| मई | भतिजी |
| वावु | भतिजा |
| मामा | मामा |
| ममी | माइजु |

| | |
|---|---|
| भाचोतेत कुदा | भान्जा |
| भाचातेत कुडी | भान्जी |
| इरलीङ्ग कोडा | साला |
| इरलीङ्ग कुडी | साली |
| गडम कुडा | नाती |
| गडम कुडी | नातिनी |
| इश्लीत कुडा | नन्द |
| इरलित कुडा | देवर |
| संगे | मित |
| संगकुडी | मितेनी |
| असुलगीद | पालेको छोरा |
| असुलगीढि | पालेको छोरी |
| घरदी जमाइ | घर ज्वाइ |
| जवई | श्रीमान |
| आयु | श्रीमति |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

## ५.१० नेतृत्व विकास र राजनीति

यस गा.वि.स. का सम्पूर्ण सतारहरुलाई राजनीतिको विषयमा गलत व्याख्या गर्दछन् । राजनैतिक पार्टीको चुनाव जित्ने स्वार्थले गर्दा भोजभतेर जाँड रक्सी, मासु, लत्ताकपडाहरुमा विचार साट्नेहरुको कमी यिनीहरुको समाजमा छैन । यद्यपि यिनीहरुकै समाजमा राजनीति गर्नेहरुको पनि कमी छैन । चन्द्रगढी गा.वि.स. को उपाध्यक्ष भएर कार्यभार सम्हालेका व्यक्ति पनि छन् । प्रजातन्त्रको पुनस्थापना पछि भने स्थानीय निकायमा नेतृत्व गर्नेहरुको कमी रहेको छ । पहिलेका सक्रिय भएर राजनीति गर्ने व्यक्तिहरु अहिले निष्कृय छन् । २०२८ सालको झापा काण्डमा पक्राउ परी १४ वर्ष जेल सजाय काटेका

सोम मर्डी अहिले राजनैतिक जीवनबाट टाढा रहेका छन् । चन्द्रगढी गा.वि.स. वडा नं. ६ मा स्थायी बसोबास गर्दै आएका उनी आफ्नो पार्टीले उचित मूल्याङ्कन गर्न नसकेको सतार जातिको उत्थानमा कुनै चासो नदेखाएको र त्यतिखेरका आफ्नै साथी अहिले विरानो भएको तितो सत्य बताउँछन् । सोझा सीधा जनतालाई अगाडि लगाएर आफ्नो दुनो सोझ्याउने गरेकोमा पछुतो छैन तर हालका नेताहरुसँग उनको गुनासो छ की सतार जाति पनि नेपाली हो र उसले स-सम्मान उसको भूमिमा वस्न पाउनुपर्छ भन्ने उनको माग छ ।

त्यसैगरी हाल आएर सतारहरुको युवापूस्ता अगाडि बढेको पाइन्छ । अहिलेको नयाँ पुस्ता आ-आफ्नो हक अधिकारको लागि सचेत भएका छन् । उनीहरुले आफ्नो संस्कृतिको संरक्षणको लागि उनीहरुले संयाली कला परिषद, जियाड झर्ना कला परिषद, हलिया आन्दोलन मार्फत हक अधिकारको लागि पनि लडिरहेको बताउँछन् । हाल यिनीहरुका पढेलेखेका युवाहरु विभिन्न स्कुल, संघसंस्थामा आवद्ध रहि सक्रिय रूपमा काम गरिरहेको तालाटुढु बताउँछन् ।

## ५.११ सतार समाजको आदरणीय व्यक्ति

परम्परागत सामाजिक व्यवस्थालाई कायम नै राखी सतार समाजले माझीहाडमकको आदर सत्कार र विश्वास गरिआएका छन् । समाजलाई नियन्त्रण गर्ने समाज सेवा र नेता पनि यस जातिको समाजमा देखिन्छ । जो समाजको अन्धविश्वास हटाउन र सतार जातिको उत्थान र विकासको लागि सक्रिय देखिन्छन् । यस्ता सामाजिक कार्यकर्ताहरुले समाजलाई आफ्नै किसिमले नियन्त्रण पनि गरेको देखिन्छ । यस्तो प्रभावशाली व्यक्तिमा सर्वप्रथम शरणामति गा.वि.स. मा बस्ने तुरसा हेम्ब्रम अग्र पंक्तिमा आउँछन् र उनकै प्रभावमा अन्य युवाहरु पनि सक्रिय देखिन्छन् । सतारहरुमा विर पुरुषका रुपमा सिद्दा कानू दाजुभाइ प्रति धेरै आदर गर्छन । यी दुई पुरुषहरुको सम्झना गर्दै सताहरु विभिन्न नाटक खेल्ने गर्दछन् । सिद्दा कान दुई जना जुम्ल्याहा दाजुभाइले उनीहरुको देशमा अत्याचार गर्ने वजल भन्ने व्यक्तिलाई पदच्युद गरी अन्याय र अत्याचारको निर्मुल गरेका थिए । वजल भन्ने व्यक्तिलाई कैद गरी देशमा शान्ति सुव्यवस्था कायम राखी अन्याय अत्याचारको उन्मुलन गरेर देशको स्वतन्त्रताको लडाई लडेका थिए । त्यसैले यी दुई दाजुभाइलाई सताहरु आदरणीय व्यक्तिको रुपमा सम्झना गर्दछन् ।

## ५.१२ सतार समाजमा महिलाको अवस्था

हाम्रो देश पुरुष प्रधान भएकोले महिलाहरुको स्थिति दयनीय छ । केही शिक्षित महिलाहरु बाहेक अन्य महिलाहरुको जीवन कष्टमय र अन्धकारपूर्ण रहेको छ । अन्य जातिको तुलनामा सतार महिलाहरुको स्थिति राम्रो देखिन्छ। शैक्षिक क्षेत्रबाट सतार महिला मात्र नभएर सम्पूर्ण सतारनै पछि परेको भएता पनि घरको सम्पूर्ण अधिकार महिलालाई नै सुम्पेको हुन्छ । हरेक आर्थिक तथा सामाजिक अधिकारको समान उपभोग गर्न महिलाहरु सक्दछन् ।

केटीले कुनै केटा मन पराई भने केटाको घरमा सरासर गएर भित्रिन सक्छे । केटा पट्टिले कुटपिट गर्न पाउँदैनन् उसलाई खेदाउन खुर्सानी डढाउने सम्म गरिन्छ त्यति गर्दा पनि केटाको घरबाट मागिन भने दुवैको विवाह गरिन्छ। यिनीहरुको सम्बन्ध विच्छेद पनि सजिलो छ । दाम्पत्य जीवनमा खट्पट् भएमा सतार दम्पती एक अर्कासँग छुट्टिएर बस्न सक्छन् । सामाजिक भेलामा दोषीको भन्ने कुरा टुङ्गो लगाउन कोशिस गरिन्छ। दोषी ठहरिनेले विहे खर्चको दोब्वर रकम बुझाउनुपर्छ । अन्य पहाडि समाजको जस्तो दोस्रो, तेस्रो विवाह गरेका महिलालाई हेलाको दृष्टिले हेर्ने चलन यो समाजमा पाइदैन ।

सासुले बुहारीलाई हेला गरेको यो जातिमा त्यति पाइदैन । बुहारीले खाना पकाइन् भने सासुले पनि त्यो बुहारीलाई सब्जी काटेर, केलाएर सघाएको पाइन्छ । यसरी हेर्दा यिनीहरुले एक अर्कालाई सम्मान गर्न जानेका छन् । यिनीहरु एकै ठाउँमा वसेर महिला पुरुष दुवै रमाइलो गर्ने जाँडरक्सी खाने, नाच्ने, गाउने, गरेको पाइन्छ । यसले पनि यस जातिमा महिला स्वतन्त्रता छ भन्ने थाहा हुन्छ ।

घर व्यवहारको कुरामा घरभित्रका कुराहरुको सम्पूर्ण हेरविचार घरको सवैभन्दा बृद्ध महिलाले गर्ने गर्छिन् । सामान्य महिलाहरु हास्न, वोल्न, नाचगान, सामान्य रुपमा लिने पारिवारिक स्वतन्त्रता हुन्छ । यति हुदा हुदै पनि छोरीको भन्दा छोराको महत्व बढी रहेको पाइन्छ यो जातिमा पनि, जुन हिन्दु संस्कारको उपजको रुपमा लिनुपर्दछ।

## ५.१३ औषधीउपचारको व्यवस्था

सतार जातिमा सकेसम्म विरामी हुँदा अस्पताल जानु नपरोस् भन्ने धारणा पाइन्छ तर शिक्षित र नोकरी गर्ने सतारमा यस्तो धारणामा परिवर्तन आउन थालेको छ । विरामी भएमा सकेसम्म घरमै झारफुक गर्ने, धामी झाक्री लगाउने गर्दछन् । कति

अस्पतालनै नआइकन मृत्युको मुखमा पुग्छन् । यसको मुख्य कारण भनेको शिक्षाको अभाव, कमजोर आर्थिक अवस्था र रुढीवादी परम्परा माथिको विश्वास हो ।

यिनीहरु धामी झाँक्री प्रथामा विश्वास गर्दछन् । प्रत्येक वर्ष गुरुद्वारा मन्त्र सिकेर त्यसको प्रतिक्रिया स्वरुप काम्दै दशरा (दशैं) को समयमा गाउँ घुम्ने प्रचलनले पनि झाक्रि प्रथा र तन्त्रमन्त्र प्रतिको विश्वासलाई देखाउँछ ।

ज्वरो आएमा, खोकी लागेमा, पेट दुखेमा, वा अन्य घाउ, खटिरा भएमा झारफुक गरि चित्त बुझाउने त्यसैवाट निको हुन्छ भन्ने विश्वास गर्ने चलन पाइन्छ । अधिकांश सतारहरुमा जङ्गली जडीवुटी पहिचान गर्ने क्षमता हुन्छ तर सर्पले टोक्दा पनि त्यसको विष मन्त्रद्वारा झार्ने कुरामा विश्वास गरेर विषालु सर्पको टोकाइबाट सतारहरुको मृत्यु हुनु दुर्भाग्यकै कुरा भएको छ देवताले दुःख दिने, भुत प्रेत लाग्ने आदि कुरामा सतार पनि विश्वास गर्छन । यो विश्वास अन्य जातजातिमा पनि पाइन्छ । जुन वेला औषधी उपचारको राम्रो व्यवस्था थिएन जङ्गलमा पाइने सामान्य जडीबुटीको प्रयोग मात्र थाहा थियो, वैद्यको पनि अभाव थियो, त्यस वेलादेखि लागेको विश्वासलाई तुरुन्तै हटाउन मुश्कील पर्ने रहेछ । त्यसमा पनि कमजोर आर्थिक अवस्थाले झन बल पुऱ्याउने गरेको छ ।

तराई क्षेत्रमा बस्ने भएकाले औलो ज्वरो, कालो ज्वरो, क्षयरोग, टिटनाश, इन्सेफ्लाइटिस, मेनिन्जाइटीस, अल्सर आदि रोग लागेर सतारहरुको मृत्यु हुने गरेको देखिन्छ । झुलको प्रयोग कमै गर्ने भएकोले मछडबाट लाग्ने रोग धेरै मात्रामा पाइन्छ । बच्चाहरु लहरे खोकी, ब्रोनकाइटीस, निमोनिया, पोलियो आदिले मर्ने गरेको पाइन्छ ।

गाउँ, गाउँमा पोलियो विफर, टिटी आदिको खोप र औषधी वितरण गर्ने व्यवस्था भएपनि इन्जेक्सनको डरले वा आवश्यक नठानेर नियमित रुपमा खोप नलगाउने चलनले गर्दा पनि बच्चाहरुको स्वास्थ्यमा प्रतिकुल असर पर्नु स्वभाविकै हो ।

जाडो होस या गर्मी प्राय यिनीहरुको बच्चा नाङ्गै रहने भएकाले र दिनभर धुलो फोहरमा खेल्ने भएकाले पनि विभिन्न प्रकारका रोग लाग्नु स्वभाविक हो । सधै शारिरीक परिक्रम गर्ने तर पोषणको अभाव हुनाले यिनीहरु के शरीर उमेर ढल्दै गएपछि जिर्ण हुँदै जानु स्वभाविक हो । ढयाङ्गो ठटाएर गर्ने उपचार परम्परादवादी धारणावाट ग्रसीत रोगीको मनोवैज्ञनिक उपचार भए पनि शारिरीक उपचार हुन सक्दैन तर हाल भने यिनीहरुमा पनि

डाक्टर प्रतिको धारणामा परिवर्तन आई अस्पताल जाने प्रक्रिया विस्तारै बढदै गएको पाइन्छ ।

## ५.१४ सतार जातिको सामाजिक व्यवस्था

मानिस जन्मेदेखि मृत्यु सम्म समाजमा रहन्छ, समाजमा मानिस यसरी बाधिएको हुन्छ कि समाज विना उसको जीवन निर्वाह हुन सक्दैन र समाज देखि अलग भएर आफ्ना इच्छा पूरा गर्न पनि सक्दैन । समयको परिवर्तन सँगै मानिसका इच्छा र आवश्कता पनि बढ्दै गयो जसको आवश्यकता पूरा गर्न नयाँ नयाँ संस्थाको जन्म भयो, जीवन पद्दति व्यतित गर्नका लागि निश्चित बाटो अपनाउनु पर्‍यो । यी संस्थाद्वारा मनुष्यको इच्छा पूरा हुदै गयो, विभिन्न नियमहरु बनाइए र कार्यको नियन्त्रण पनि गरियो यस्तै जीवन क्रमलाई हामी सामाजिक नियम भन्दछौं भने समाजको नियम पालना गरेर बस्नेलाई सामाजिक र उल्लघन गर्ने लाई असामाजिक भन्दछौ र समाजको नियम भित्र रहेर वसेको समूहलाई समाज भन्दछौ (पराजुली, २०५८) ।

समाजमा विभिन्न जाति उपजातिहरु बस्दछन्, जसको आ-आफ्नै मौलिक परम्परावादी संस्कृति हुन्छ जुन जीवनयापन गर्ने प्रथा हो । जीवन यापन गर्ने क्रममा सतार समुदायको जीवन पद्धति, वसोवास, पारिवारिक सामाजिक अन्तरसम्बन्ध र व्यवहार आफ्नै प्रकारको छ ।

सतारहरु परम्परागत रितिरिवाजलाई श्रेष्ठ ठान्दछन् किनकी सतारहरुको आफ्नै मुल्य मान्यता र विश्वासमा अडेको समाज छ तर पनि परिवर्तनशील समाजको प्रभावमा परेर केही पक्षमा परिवर्तन भएको पाइन्छ । वर्तमान आधुनिक युगको प्रभावमा परेर नयाँ शिलशिला अपनाउनुपर्ने अनुभव गर्न थालेका छन् ।

यहाँका सतारहरुले लवाई खुवाई रहन-सहन व्यवसायमा आएका केही परिवर्तन स्वीकार गर्दछन् । समाज व्यवस्था नियम र शासन प्रणालीलाई परम्परागत हिसावमा चलाउँदै लगेको देखिन्छ । परम्परागत मुल्य र मान्यतामा रमाउने सतार समुदायले समाजलाई व्यवस्थि तगर्न विभिन्न पदहरुको सृजना गरेको हुन्छ, ति क्रमशः यसप्रकार रहेको छ ।

### ५.१४.१ सामाजिक संगठन

**(क) माझीहडाम**

प्रत्येक गाउँमा गाउँको प्रमुखको रुपमा एक माझीहडामको व्यवस्था गरिएको हुन्छ । यो व्यक्ति तुलनात्मक रुपमा योग्य, बुद्धिमान, समस्याको निर्णय गर्न सक्ने हुन्छ । यस्तो व्यक्ति उसको चलाखी र नेतृत्व गर्न सक्ने क्षमाताका आधारमा चुन्ने गर्दछन् । यो व्यक्तिले गाउँमा परेको झैं-झगडा मुद्दा मामिला छिन्नुको साथै समाजको अन्य कार्यमा पनि अग्रणी भूमिका खेल्दछ । माझीहडामले समाजमा निर्वाह गर्नुपर्ने भूमिकाहरु

- सतार समाजमा भएका समस्याहरु जस्तो झगडा, सम्बन्ध विच्छेद विवाह, माझी हडामले सुल्झाउनु पर्दछ ।
- माझी हडामको निर्णय सबै सतारले मान्नुपर्दछ ।

**(ख) पाराणिक**

माझी हडामको अनुपस्थितिमा सम्पूर्ण जिम्मेवारी पाराणिकमा रहन्छ । अन्य समयमा माझी हडामको मुख्य सल्लाकारको रुपमा कार्य गर्दछ । गाउँमा विवाह भएको वेला पाराणीकलाई पनि एक जोर कपडा दिइन्छ । पाराणिकको विशेष कामले बाहिर जानु परेमा कुनै विश्वासिलो व्यक्तिलाई छोड्ने गरेको पाइन्छ । माझी हडामको अनुपस्थितिमा सम्पूर्ण निर्णय अधिकार चाहिँ पारणिकमा रहदैन ।

**(ग) जगमाझी**

जगमाझी पनि माझीहडामको सल्लाहकारको रुपमा रहन्छ । गाउँमा भएका नयाँ समाचारहरु घटनाहरुको सम्बन्धमा जानकारी माझीहडामलाई गराउने कार्य गर्दछ । अर्थात यसले संचार आदान प्रदान गर्ने काम र गाउँमा विवाहको अवसरमा मानिस बोलाउने साथै विवाह सम्बन्धी कुरा अघि बढाउने, केटाकेटी मन परापर भएमा कुरा मिलाउने र नाचगानको व्यवस्था पनि जगमाझीकै जिम्मेवारी हो ।

**(घ) नाइके**

नाइके मुर्मु समुदायको हुनु पर्दछ जुन पुजारी वर्गमा पर्दछ । सामूहिक रुपमा चाडपर्वको अवसरमा गरिने पूजा, बली दिने काम र बच्च जन्मिदा, मानिस मर्दा पण्डीतको काम नाइकेले गर्दछ ।

(ङ) **गुडीत**

समय समयमा माझीहडाम समक्ष मुद्दा छिन्न वस्ने सभामा उपस्थित हुनको लागि गाउँलेलाई घरघरमा गई सूचना दिन र पूजाआजा चाडपर्वको समयमा नाइकेलाई सहयोग गर्न गाउँमा एक चौकीदारको व्यवस्था गरेको हुन्छ जसलाई गुडीत भनिन्छ । गुडीतले घरघरमा गएर ढयाङ्गो ठोक्दै अब बस्ने सभाको जानकारी दिन्छ भने नाइकेलाई चाडपर्वका वेला कुखुरा भेला गर्न सहयोग गर्दछ ।

(च) **राइवर बुढा**

राइवर बुढाले विवाह गराउने लमीका साथै पण्डीतको पनि काम गर्छन् ।

## ५.१४.२ सभा

यी पदाधिकारीको अतिरिक्त समाज व्यवस्था अझ राम्रो बनाउन सभा र सभासदस्य र पदको व्यवस्था पनि गरिएको पाइन्छ यस्तो सभालाई विचार सभा भनिन्छ । विचार सभा ३ प्रकारको हुन्छ ।

(अ) **गाउँ सभा**

सतार समाजमा माझीहडाम र उसका सहयोगीद्वारा आफ्नो समस्याको समाधानको लागि गरिएको सभालाई गाउँसभामा भन्दछन् । यो सभावमा गाउँमा भएका झै झगडा, कटपीट, सम्बन्ध विच्छेद, केटाकेटी फकाउने, मुद्दा मामिला सुल्झाउने आदि काम गरिन्छ । दोषीलाई अब देखि यस्तो काम नगर्न भनी सबैको अगाडि माफी मगाउनुको साथै आवश्यक परे जरिवाना पनि तिराउँछन् ।

(आ) **प्रगन्ना सभा**

यो सभाको मूल मान्छेलाई प्रगन्ना भनिन्छ । प्रगन्ना सभाको गठन धेरै गाउँका २ वा सो भन्दा बढी मानिस मिलेर गरिएको हुन्छ । भौगोलिकताको आारमा सजिलो पर्ने गरि प्रगन्नाको लागि गाउँहरु मिलाएको हुन्छ । यस सभामा छुट्टै माझीको व्यवस्था गरिएको हुन्छ । गाउँ सभाबाट आएका मुद्दाहरु र समस्याहरु यो सभामा सुल्झाउन विचार बिमर्श वा छलफल गरिन्छ र फैसला गरिन्छ । यस सभामा पनि फैसला नभएका मुद्दाहरु वा समस्याहरु शिकार सभामा लगेर समाधान गरिन्छ ।

(ग) **शिकार सभा**

यो सभाको गठन विधि स्पष्ट छैन । सतारहरु पनि राम्ररी बताउन सक्दैनन् किनकी हाल यस किसिमको सभा समाजको व्यवस्था छुट्दै गएको हुनाले र पहिलेको रेकर्ड राख्ने व्यवस्था नभएकाले यस्तो समस्या भएको हो । यसको व्यवस्था सम्बन्धमा विचार गर्दा शिकार पर्व मनाउन जाने समूह नै शिकार सभाका सदस्य रहने प्रावधान छ । शिकार पर्व महत्वपूर्ण पर्वको रुपमा मनाउने या वर्षम एक पटक गाउँका प्रमुख व्यक्तिलाई भेला भई शिकार खेल्न जंगल जाने र २/३ दिनसम्म शिकार गरी मासु, रक्सी, जाँड खाने पिउने हुनाले यस्तै खाई पिई गर्ने ठाउँमै बाकी रहेका समस्या वा मुद्दाहरु सुल्झाइन्छ । यहाँ भन्दा माथि जाने ठाउँ नभएकाले यसको फैसला नै अन्तिम मानिन्छ ।

माझीहडामले गाउँ सभा गरी छिनेको मुद्दा त्यो भन्दा माथिल्लो सभामा जाने वा अपिल लाग्ने नभएकाले छिन्न नसकेका मुद्दा वा समस्याहरु मात्र अगाडि वढ्ने देखिन्छ । त्यसैले धेरै समस्या गाउँ सभामै सकिने र बाँकी रहेका परगन्ना सभामा सकिने भएकाले शिकार सभामा मुस्कीलले एक दुई समस्या मात्र पुग्ने अथवा नपुग्ने पनि अवस्था देखिन्छ । यसरी हेर्दा गाउँ सभाा र परगन्ना सभा नै विचार गर्ने विमर्श गर्न महत्वपूर्ण ठाउँ देखिन्छ । सतार जातिहरुलाइ इमान्दारीता र सहयोगी भावना भएका जातिका रुपमा लिइन्छ । सतार जातिहरु झगडा वा मुडा र अन्य समस्याहरुमा पनि आफनै समितिहरुमा छलफल गर्ने र दण्ड जरिवाना गर्ने गर्दथे । कुनै अड्डा , अदालत र प्रहरी समक्ष शरण पर्दैन थिए तर आज भोली समयको परिवर्तन संगै उनिहरु आफ्नो ग्रामिण नीतिमा परिवर्तन गरि गा.वि.स मा निणर्य र छलफलको लागि जानथालेको पाइन्छ ।

आजभन्दा करिव ढेडसय वर्ष पहिले खेतीयोग्य जमीनको खोजीमा भारतको विभिन्न ठाउँबाट नेपाल पसेका सतारहरुले आफ्ना बाहुबलले जंगल फडानी गरी वस्तीयोग्य जमीन बनाई बसेको यी जातिहरु हाल आएर यो जग्गाबाट पूर्णतः विस्थापित भई साहु महाजनका घरमा कामदारका रुपमा काम गर्न र मोहीका रुपमा साहुका जग्गा कमाउन बाध्य छन् ।

पहिला पहिला जग्गा फराकिला थिए । आफूले जोत्न सक्ने सम्मको जमिन जोत्न पाउँथे त्यसबाट उनीहरुलाई वर्षभरी खान लाउन पुग्दथ्यो । औलोको डरले मानिसहरुको वस्ती पातलो थियो । जब औंलो उन्मूलन हुँदै गयो त्यसपछि विस्तार विस्तारै वस्ती बाक्लो हुँदै गयो कुनै पनि देशको मेरुदण्डको रुपमा अर्थव्यवस्थालाई मान्न सकिन्छ । मानव

क्रियाकलापको हरेक पक्षलाई प्रभावित पार्ने आर्थिक पक्षले समुदायको सांस्कृतिक रितिरिवाज चालचलन र जीवनशैली आदिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । दिगो आर्थिक विकास विना कुनै पनि विकास कार्यहरु सफल हुन सक्दैन । उर्वर माटो र उत्पादनको हिसावले सवैभन्दा विकसित भाग तराईलाई मानिएको छ । जहाँ देशमा उत्पादन हुने खाद्यान्न, तेल र नगदेवालीको उच्च प्रतिशत उत्पादन हुन्छ । यति हुँदाहुँदै पनि यस प्रदेशका वासिन्दाहरुमा भूमीहिन कृषि जिवीहरुको संख्या पनि प्रसस्त छ । भूमीहिन बन्न गएका कृषि जीवीहरुमा सतार जाति पनि मुख्य बनेको छ । उनीहरुले जग्गाको महत्व बुझ्न नसकेको कारण यस्तो हुन गएको हो । यिनीहरुमा व्याप्त अशिक्षा, जाँडरक्सी, माछामासु आदिको अत्यधिक सेवन, सोझो प्रवृत्ति र स्वभाव भएका सतारहरु अरुको जग्गा कमाउने मोही र अरुको खेतमा काम गर्न कृषि मजदुरको रुपमा परिणत भएका छन् ।

## ५.१५ उत्तरदाताको आफ्नो स्वामित्वको जग्गा जमिनको सम्बन्धमा

यस गा.वि.स. मा रहेका सतारहरुको भनाई अनुसार २०२१ सालको भूमी सुधार ऐन आउनु अघि उनीहरु संग प्रशस्त जमीन थियो र पछि त्यही भूमि सुधार ऐनले उनीहरुलाई कंगाल बनायो । सतारहरु अशिक्षित भएको कारणले टाठावाठा ब्राह्मण, क्षेत्रीहरुले/पहाडे मुलका वासिन्दा/भूमी सुधारका कर्मचारीसँग मिलेर उनीहरुको जग्गा आफ्नो हात लिएको उनीहरुको भनाई छ । नागरिकता नभएकाले कतिपयले त नागरिकता बनाउने चक्करमा धेरै खर्च गरेको पनि भनाई छ । अध्ययनको क्रममा स्थलगत सर्वेक्षणमा ३७ घर परिवारको भू-स्वामित्वको स्थिति निम्न अनुसार रहेको पाइन्छ ।

**तालिका . ३ : भू-स्वामित्वको स्थिति**

| घर संख्या | आफ्नो स्वामित्वमा भएको जग्गा | आफ्नो स्वामित्वमा नभएको जग्गा |
|---|---|---|
| ३७ | २१ | १६ |
| प्रतिशत | ५६.७५ | ४३.२५ |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका अनुसार १६ घर अथवा ४३.२५ प्रतिशत घर परिवारको आफ्नो स्वामित्वको जग्गा नभएको र बाँकी २१ घर ५६.७५ घर परिवारको पनि अत्यन्त कम

मात्रामा जग्गा भएको पाइयो । यसरी जग्गा हुने नहुने दवै परिवार अर्काको अधिया, ठेक्का कमाएर आफ्नो जीविका चलाएको पाइन्छ ।

## ५.१६ प्रमुख व्यवसाय/पेशा

यस गा.वि.स.का प्रायः मानिसहरुको अर्थव्यवस्था कृषिमानै निर्भर रहको छ । केही व्यक्तिहरु नोकरी, कृषि, पशुपालन र व्यापारमा लागेका छन् । यस अन्तर्गत जगावाला वा मोही किसानले नगदे वाली (जुट) खाद्यान्न बाली (मकै, धान, गहुँ) दाल, तेलहुन, सागसब्जी, फलफूल खेती र पशुपालन अन्तगरगत गाई, भैसी, बाखा, कुखुरापालन, गरी आफ्नो जीवन निर्वाह गर्दछन् । भूमीहिन परिवार कृषि मजदुरको रुपमा रही कृषि सम्बन्धी ज्यालादारी गरि आफ्नो जीवन निर्वाह गर्दै आएका छन् । सतारहरुको पनि मुख्य व्यवसाय कृषि, पशुपालन, ज्याला मजदुरी र व्यापार आदि रहेको पाइन्छ । केही सतारहरु नोकरीमा पनि रहेको पाइन्छ । तर पनि नोकरी गर्नेको संख्या अत्यन्त कम रहेको छ । हाल यो क्षेत्रका धेरै युवा सतारहरु रोजगारीको शिलशिलामा औद्योगिक शहरहरु दिल्ली, मुम्बई, पंजाव आदि शहरमा गएको पाइन्छ । जसको कारण यिनीहरुको जीवनमा केही सरल बनाएको देखिन्छ ।

**तालिका . ४ :चन्द्रगढी गा.वि.स. का सतारहरुको पेशागत विवरण**

| विवरण | सक्रिय | प्रतिशत | निष्कृय | प्रतिशत | घर सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|
| नोकरी | २ | ० .७ | - | ० | - | २ |
| मजदुरी | ११७ | ४२.२३ | ५४ | १९ .४९ | २४ | १७१ |
| कृषि | ५२ | १८ .७७ | २७ | ९.७४ | ११ | ७९ |
| व्यापार | - | ० | - | ० | - | - |
| अन्य | १५ | ५.४१ | १० | ३.६१ | ५ | २५ |
| जम्मा | **१८६** | **६७.११** | **९१** | **३२.८९** | **४०** | **२७७** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२*

यस अध्ययनको तथ्याङ्कमा २७७ जनाबाट लिइएको तथ्याङ्क अनुसार सवैभन्दा बढी संख्या मजदुरी क्षेत्रमा संलग्न रहेको पाइन्छ  जसमध्ये ११७ सक्रिय (काम गर्न सक्ने)५४ जना काम गर्न नसक्ने तर यसै पेशामा आश्रीत रहेको देखिन्छ । कृषि गर्ने सक्रिय सतारहरु ५२

छन् भने निष्कृय २७ रहेको छ । नोकरी गर्ने सतारहरु २ जना रहेका छन् । जसमा शिक्षा पेशामा कार्यरत रहेको पाइन्छ । त्यसैगरी केही युवाहरु फुर्सदको समयमा कामको खोजीमा भारत तथा नेपालकै अन्य शहरहरुमा काम गर्न गएका हुन् ।

माथिको तालिकाको अध्ययन गर्दा यिनीहरुको समाजको ठूलो हिस्सा चिया मजदुरी पेशामा कुनै न कुनै रुपले आवद्ध देखिन्छ भने परम्परागत कृषि क्षेत्रमा ५२ जना सतारहरु सक्रिय रुपमा काम गरेको पाइन्छ । त्यसैले यहाँका सतारहरुको परम्परागत पेशा खेती रहेको र हाल त्यसमा केही परिवर्तन आएको देखिन्छ ।

## ५.१६.१ कृषि व्यवसाय

सतार जातिको मुख्य पेशा खेती नै रहेको छ । यिनीहरुको मुख्य पेशा कृषि भएर पनि उर्वरायुक्त जमीनको कमीले कृषिबाट कम उत्पादन हुने गर्दछ । यिनीहरुको नाममा केही जग्गा भएपनि प्रयाप्त उत्पादन हुने खालको देखिदैन । उत्पादन हुने जग्गा जमिन भने अरुनै साहु महाजनको मुठ्ठीमा छ ।

यस गा.वि.स. को मुख्य वाली धान, मकै, गहुँ, तोरी, फापर आदि रहको छ भने नगदे वालीमा सनपाट, अदुवा, चिया खेती रहेको छ । अध्ययन क्षेत्रमा सिचाईको सुविधा नभएकोले धानबाली र हिउँदेवालीको लागि आकाशे पानीमा भर पर्नुपर्ने हुन्छ ।

सतारहरु अशिक्षित र सोझा भएकाले आधुनिक खेतीपातीतिर ध्यान नगएको देखिन्छ । जे जति फल्छ त्यसैमा चित्त बुझाउने यिनीहरुको बानी हुन्छ । आफ्नो स्वामित्वमा जमीन नहुनेहरुले पनि अधिया ठेक्का बन्दकीको रुपमा अरुको जमिन लिएर खेतीपाती गर्ने गर्दछन् । अधियामा उब्जनीको आधा भाग जग्गा धनीलाई र आधा आफूलाई भाग लगाइन्छ । त्यस्तै ठेक्कामा एक विगाह बराबर १५ देखि २० मन सम्म धान दिने गरिन्छ ।

बन्दकीमा निश्चित रकम जग्गा धनीलाई दिए वाफत उक्त रकमको व्याजको सट्टा बन्दकी राखेको जमिनको उब्जनी प्रयोग गर्न पाइन्छ । रकम फिर्ता गरेपछि जमिन जग्गा धनीलाई नै फिर्ता गरिन्छ । चन्द्रगढी मा सतारहरुले बन्दकी जग्गा कमाएको संख्या अत्यन्त कम रहेको छ, यसरी कम हुनुमा उनीहरुमा रकमको अभाव मान्न सकिन्छ । तथ्याङ्क संकलनको आधारमा कृषि पेशामा यस गा.वि.स.का सतारहरुको जमिनको वर्गीकरण तलको तालिकामा देखाइएको छ ।

तालिका . ५ : कृषि पेशा गरेका सतार जाती

| गा बि स | कृषि पेशामा लागेका सतार घर संख्या | सतार अधियार संख्या | ठेक्कामा खेती गर्नेको संख्या | जम्मा कृषि पेस गरेका सतार संख्या |
|---|---|---|---|---|
| **चन्द्रगढी** | ११ | ४३ | ९ | ५२ |
| **प्रतिशतमा** | २७.५ | ८२.६९ | १७ .३० | १८ .७७ |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२*

माथिको तालिकाको अध्ययन गर्दा ४० बाट ११ घर परिवारले कृषि व्यवसाय गरेको पाइन्छ । जसको प्रतिशत २७.५हुन जान्छ । यसमा अधिया, ठेक्का आदि पर्न जान्छ । खेती नगरी अन्य कार्यमा संलग्नहरुको संख्या २९ घर परिवार रहेको देखिन्छ । कुल २७७ जंसन्ख्यमा १८.७७ सकृया रुपमा कृषि पेसामा देखिन्छन ।

## ५.१६.२ पशुपालन

सतारहरु खेतीको अतिरिक्त पशुपालन पनि गर्दछन् । पशुपालन मुख्य गरी दुई उद्देश राखी पालेको पाइन्छ । पहिलो हो खेत जोत्न र दोस्रो उद्देश्य पश विक्री गरेर दैनिक उपभोगका वस्तु र लत्ता कपडा खरिद गर्नु हो । यहाँ दैनिक ज्यालामा काम गर्ने मजदुर देखि लिएर ठूला किसानहरुले पनि पशुपालनमा विशेष जोड दिएको देखिन्छ । चरन क्षेत्रको अभाव भएपनि साधारणतया एक परिवारमा एक हल गोरु, दुईवटा गाई, वाखा, सुङ्गर पालेको पाइन्छ ।

सतारहरु जोत्नको लागि गोरु, रागाँ पाल्दछन् भने मासु खानको लागि सुङ्गर, बाखा, कुखुरा पाल्दछन् । जाँड रक्सी यिनीहरु प्रशस्तै प्रयोग गर्ने हुँदा माछा, मासु पनि बढीन नै खान्छन् । गाई, भैंसी पाल्ने हुँदा दुध बेच्ने र खाने गर्दछन् । पशुलाई राम्रो स्याहार गर्ने हुँदा पशु वस्तुहरु वलिया, स्वास्थ्य पनि हुने गर्दछ ।

कहिलेकाही पशुवस्तुमा रोग फैलनाले पशु मर्ने गर्दछन् । अशिक्षा र अन्धविश्वासको कारण यिनीहरु भगवान मराङवुरुको पूजा गर्दछन् भने हाल आएर उनीहरुले नजिकै पशु डाक्टरलाई बोलाएर उपचार गराएको पाइन्छ । कमजोर आर्थिक अवस्था भएका सतारहरुको पशु एकपटक मरिसकेपछि फेरी किनेर पाल्न प्राय असम्भव हुन्छ । केही जग्गा जमिन भएका सतारहरु स्थानीय साहु-महाजनसँग कर्जा लिएर पशु किन्ने गर्दछन् ।

**तालिका . ६: उत्तरदाताको पशुपालनको स्थिति**

| विवरण | पशु संख्या |
|---|---|
| कुखुरा/ हाँस | २०५ |
| खसी/बाख्रा | ४३ |
| सुङ्गर | १३ |
| गाई/गोरु | ३२ |
| राँगा भैंसी | १० |
| जम्मा | ३०३ |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

मथिको तालिकावाट कुल ४० घर संख्यमा कुखुरा र हाँस प्रय सबै घरहरुमा पालिएका छन जसको संख्या २०५ रहेको छ भने, १५ ,घरले ४३ वटा खसी वाखा, ६ घर सुगुर, २५ घर परिवारले गाइ गोरु,रांगा भैसी पालिएको देखिन्छ ।

## ५.१६.३ व्यापार व्यवसाय

यस गा.वि.स. मा व्यावसायिक रुपमा व्यापार गर्ने सतारहरु नगण्य छन् तर पनि यिनीहरु हाट बजारमा रक्सी व्यापार गर्ने, सुकेका माछा साथै ढाकि, धान राख्न बनाइएको वासको भकारी, मला, घुम, चकटी, डोरी आदि बेचविखन गरेको पाइन्छ । यसको वारेमा यथार्थ डाटा नभएकोले टेवुलमा देखाइएको छैन । मौसम अनुसार आफ्नो घरमा फलेका फलफूल, आँप, कटहर, केराको साथै सागसब्जी पनि सतार महिलाहरुले नजिकको बजारमा बेच्ने गर्दछन्।

## ५.१६.४ माछापालन

पेशागत रुपमा सतारहरुले माछा पालेको पाइदैन तर पनि नजिकैको खोला, पोखरीमा गई माछा मार्ने प्रचलन यहाँ रहेको छ । थोरै भए आफैलाई सब्जीको रुपमा प्रयोग गर्छन भने धेरै भयो भने नजीकैको हाट बजारमा लगी विक्री गरी नुन, तेल आदि खरीद गरी घर खर्च गर्दछन् ।

## ५.१७ सतार समुदयको वार्षिक बचत

कत्तिपय सतार समुदायले आफ्नो आम्दामीको केही हिस्सा भबिस्यको लागि बचाएको पाइयो । तर आम्दामी नै थोरै भएको हुँदा बचतको रकम तथा बचत गर्ने परिवार पनि सानो छ ।

**तालिका . ७ : वार्षिक बचत**

| वार्षिक बचत | घर संख्या | प्रतिशत |
|---|---|---|
| १०००० | ७ | ५३.८५ |
| १०००० -२०००० | ४ | ३०.७७ |
| २००००-३०००० | २ | १५ .३८ |
| **जम्मा** | **१३** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२*

माथिको तलिकाले के देखाउछ भने, कुल ४० घर मध्ये १३ घर परिवारहरु मात्र बचत गर्द छन् । १०००० वा त्यो भन्दा कम रकम वचत गर्ने घर संख्या ७ रहेको छ , रु २०००० भन्दा कम वार्षिक वचत गर्ने घर संख्या ४ छ भने रु ३०००० सम्म वार्षिक वचत गर्ने को संख्या २ मात्र रहेको छ ।

## ५.१८ सतार समुदायमा खेती गर्ने प्रविधि सम्बन्धी धारणा

चन्द्रगढी गा.वि.स. मा रहेका सतारहरुमध्ये ४० घरपरिवारमा गरिएको सर्वेक्षण अनुसार कृषिमा संग्लङ्न ११ घरपरिवर परम्परागत तरिकाले खेती गर्ने गरेको पाइयो । आधुनिक तरिकाले खेतीको वारेमा चेतनाको अभावले गर्दा उनीहरु परम्परागत तरिकाले नै खेती गर्दछन् । यहाँका अन्य शिक्षित मानिसहरुले पनि आधुनिक तरिकाले खेती गरेको पाइदैन ।

**तालिका . ८: खेती गर्ने प्रविधि**

| घर संख्या | परम्परागत तरिकाले | आधुनिक तरिकाले |
|---|---|---|
| ११ | ११ | |
| प्रतिशत | १०० | |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२*

माथिको तलिकाले के देखाउछ भने, कुल ४० घर मध्ये ११ घर परिवारले मात्र कृषि गर्ने गरेका छन । कुल १०० प्रतिशतमा सबै परम्परागत तरिकाले खेती गर्ने गरेका देखियो ।

# आध्याय छ

# सतार जातिको आर्थिक र सामाजिक अवस्था

यस अध्ययनको उदेश्य चन्द्रगढी गा. बि .स हाल भद्रपुर नगरपालिकाको सतार जतीको सामाजिक तथा आर्थिक अवस्थाको बिश्लेषण गर्नु हो ।

## ६.१ सतार जातिको वर्षीक आम्दामी

चन्द्रगढीका सबै सतार मज्दुर र कृषिमा लागेका छन जस्ले गर्दा आर्थिक अवस्था एकदम न्युन छ । स्थाइ आम्दमीको श्रोत नभएकोले, काम नगरेको दिन खान पनि नपाइने बाध्यता देखिन्छ ।

**तालिका . ९ :सतार जातिको वर्षीक आम्दामी**

| वर्षिक आम्दानी | घर संख्या | प्रतिसत |
|---|---|---|
| ७५,०००- १,००,००० | ७ | १७.५ |
| १,००,००० -१२५००० | १३ | ३२.५ |
| १,२५,००० -१,५०,००० | १६ | ४० |
| १,५०,००० - माथि | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

चन्द्रगढी गा बि स का ४० वटा घर संख्याको अध्ययन गर्दा वार्षिक आम्दमी १२५००० देखी १५०००० को हाराहारीमा कमाउनेको घर संख्या धेरै देखियो भने १५०००० या माथि कमाउनेको संख्या धेरै नै न्युन पाइयो ।

## ६.२ सतार जातीको वार्षिक खर्च

सतारहरु खर्चालु प्रवितीका हुन्छन । उनिहरुको परम्परागत प्रव्रीत्ती खानु र मनोरन्जन गर्नु मात्रा हो । पैसा कमाएर जम्मा गरी साचेर राख्नु यहाँका सतारहरु जान्दैनन् । सतारहरु मेला र पर्वमा भएको पैसा सबै नै खर्च गरेर खुब रमाइलो गर्दछन । मदिरा सेवन गर्नु र ऋृण लिएर भए पनि मेला जानु र पर्व मनाउनु उनीहरुको बाध्यतानै हो जस्तो लाग्छ । यिनीहरुको दैनिक खर्च चामल, दाल, नुन, तेल, साबुन, मासु, आदी मा हुने गर्छ । सतारहरु लगाउने लुगामा धेरै खर्च गर्दैनन् ।

**तालिका १० :सतार जातीको वार्षिक खर्च**

| वर्षिक खर्च | घर संख्या | प्रतिसत |
|---|---|---|
| ७५,०००- १,००,००० | ७ | १७ .५ |
| १,००,००० -१२५००० | १८ | ४५ |
| १,२५,००० -१,५०,००० | १२ | ३० |
| १,५०,००० - माथि | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तलिका वाट १००००० देखी १५०००० सम्म खार्च गर्नेको संख्या ऊच्च देखियो भने १५०००० देखी माथि र १००००० देखी को कम खार्च गर्नेको संख्या न्युन रहेको छ।

### ६.२.१ सतार जातीको खानामा खर्च

**तालिका .११: सतार जातीको खानामा खर्च**

| वर्षिक खर्च | घर संख्या | प्रतिसत |
|---|---|---|
| ५०,०००- ७०,००० | ९ | २२ .५ |
| ७०,००० –९०००० | १५ | ३७ .५ |
| ९०,००० -१,१०,००० | ११ | २७ .५ |
| १,१०,००० – माथि | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तलिका वाट ७०००० देखी ९०००० सम्म खर्च गर्नेको संख्या ऊच्च देखियो भने ११०००० देखी माथि र ७०००० देखी को कम खार्च गर्नेको संख्या न्युन रहेको छ।

### ६.२.२ सतार जातीको शिक्षामा खर्च

**तालिका .१२: सतार जातीको शिक्षामा खर्च**

| वर्षिक खर्च | घर संख्या | प्रतिसत |
|---|---|---|
| ०- ५,००० | ४ | १० |
| ५,००० –१०००० | १८ | ४५ |
| १०,००० -१५,००० | ११ | २७.५ |
| १५,००० – माथि | ७ | १७ .५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका वाट चार घर धुरीले ५ हजार भन्दा कम रुपैया शिक्षामा खर्च गरेको देखियो भने ७ घर धुरीले १५ हजर भन्दा माथि खर्च गरेको देखियो। साथै यो अध्ययन बाट सतार समुदायको ठुलो जमातले १०००० देखी १५००० सम्मा आफ्नो केटाकेटीलाई पढाउन खर्च गर्न पछी न हटेको पनि पाइयो ।

## ६.२.३ सतार जातीको स्वास्थ्यमा खर्च

**तालिका . १३ :सतार जातीको स्वास्थ्यमा खर्च**

| वर्षिक खर्च | घर संख्या | प्रतिसत |
|---|---|---|
| ५,००० | १५ | ३७.५ |
| ५,००० –१०००० | १२ | ३० |
| १०,००० -१५,००० | ११ | २७.५ |
| १५,००० – माथि | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

यो तलिकाले के देखाउछ भने सतार समुदयामा हाल चेतनाको वृद्धीले गर्दा स्वास्थ्य र उपचारमा वर्षिक रु५००० खर्च गर्ने संख्या धेरै पाइयो भने वृद्धिमा मधुमेह र उच रक्त चापको रोगले गर्दा वार्षिक १०००० देखी १५००० खर्च भएको पाइयो।

## ६.२.४ सतार जातीको लत्ताकपडमा खर्च

**तालिका . १४ : सतार जातीको लत्ताकपडमा खर्च**

| वर्षिक खर्च | घर संख्या | प्रतिसत |
|---|---|---|
| ५,००० | १९ | ४७.५ |
| ५,००० –१०००० | ११ | २७.५ |
| १०,००० -१५,००० | ७ | १७ .५ |
| १५,००० – माथि | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

यो तलिकाले के देखाउछ भने  सतारहरु प्राय लत्ताकपडामा ज्यादा खर्च नर्गने स्वभाबको भएकाले धेरै प्रतिशत सतार समुदायको वर्षिक खर्च रु५००० भन्दा कम देखियो भने कम प्रतिशत सतार समुदाय ले रु १५००० भन्दा माथि खर्च गरिएको देखायो ।

## ६.२.५  सतार जातीको आन्यमा खर्च

**तालिका . १५ : सतार जातीको अन्यमा खर्च**

| **वर्षिक खर्च** | **घर संख्या** | **प्रतिसत** |
|---|---|---|
| ५,००० | १४ | ३५ |
| ५,००० –१०००० | १३ | ३२. ५ |
| १०,००० -१५,००० | ७ | १७ .५ |
| १५,००० – माथि | ६ | १५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाले सतार समुदायको अन्य  खर्च जस्तो मोबाईल, विवाह, जन्म जस्ता संस्कार, घुमघाम, मेला, पर्व आदीलाई दर्साएको छ । धेरै प्रतिसत घर धुरिले वार्षिक १०००० सम्म खर्च गरिएको देखियो।

# अध्याय सात

# निष्कर्ष

## ७.१ निष्कर्ष

नेपालको पुर्वी तराइ का मोरङ र झापामा बसोवास गरिरहेका सतार जाती भारत बाट करीब ११० देखी १२० बर्ष अघी कहिले बढी कहिले कम गरी विस्तारै विस्तारै नेपाल पसेको पाईन्छ । उनिहरुले आफुलाई राजवंशी, धिमाल, मेचे, गनगाइ जाती जस्ता आदिवाशी भने पनि उनिहरु नेपालका आदिवासीमा पर्दैनन ।  नेपालको जातिय ईतिहासलाई केलाउदा धिमाल र राजबन्शी जातको जस्तो सतार जातिको उल्लेख नभएकोले यो जाती नेपालको आदीवाशी नभएको बुझिन्छ । भारतको सन्थाल प्रगन्ना र बाङ्लादेशको दुम्कामा दिनाजपुर वट २००७ साल अघी र २००७ पछी पनि प्रवेश गरेका हुनाले पनि उनिहरु यहाँका आदिवाशी होइनन भन्ने प्रमाणित भए सकेको छ । झापा र मोरङमा जङल बडी भएको अवस्थामा यि घुमन्ते जातीहरु यहाँ आइ जङ्गल फडानी गरी अथवा जमिन्दारको जग्गा आवाद गरी मोहीको रुपमा बस्दै आएका हुन । बस्दै जादा खाली रहेको यि क्षेत्रमा आफ्नै जग्गा पनि जोढ्ने गरेकाले केही सतार सँग ६० देखी ७० बिगाहा जग्गा पनि रहेको थियो । तर २०२५ सालको भुमी सुधार कार्यक्रमले उनिहरुको बढी जग्गा खोसिएकोले र आफ्नै परिवारमा बिभाजन गर्नु परेको र पहाडी क्षेत्र वा अन्य  ठाउँवाट वसाइ सर्ने हरु लाई जग्ग बेच्ने वा दिने काम वाट उनीहरु क्रमस सुकुम्वसी अवस्थामा पुगेका पैएन्छन । कृषि पहरा आपनाएका मलिकलाई कृषि उपज वस्तु बाढ्नु पर्ने वध्यताले गर्दा आती दयनीय अवस्थामा देखिन्छन ।

यस शोधपत्रको चन्द्रगढी गा.वि.स.का सतारहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन गर्नु यिनीहरुमा आएको परिवर्तनको चर्चा गर्नु हो । प्रस्तुत अध्यननमा सयौं वर्षदेखि झापा र मोरङ्गमा वसोवास गर्ने पिछडिएको जातिका रुपमा रहेका सतार समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक जीवनको अनुसन्धानात्मक अध्ययनमा केन्द्रिकृत रहेर वास्तविकता उजागार गर्नु यस शोधपत्रको उद्देश्य हो ।

आफ्नो इतिहास लोककथामा मात्र सिमित भएका यी जातिको छुट्टै आफूलाई जातिय सूचीबाट छुट्याउन प्रशस्तै निजी विशेषताहरु छन् । ति विशेषताहरुमा बहुसंस्कृतिले भरिएको नेपालमा एउटा अर्को सांस्कृतिक विभिन्नता थप्न सफल जातिको रुपमा यिनीहरुलाई लिनु पर्दछ । किनकी अन्य जाति भन्दा यिनीहरुको संस्कृति भिन्न रहेको पाइन्छ । यिनीहरुको सामाजिक संगठन गणतान्त्रिक देखिन्छ ।

सतार जाति सामुदायिक संस्कृतिमा हुर्केको जनजाति हो । एकै ठाउँमा भेला भएर आनन्द र मनोरञ्जन गरि सामूहिक रुपमा मान्ने संस्कृति भएकोले यिनीहरुले संस्कृति सामूहिकता हो ।

सतार जातिहरु चाडपर्व मनाउँदा अनुष्ठानपूर्वक मनाइन्छ । त्यसैगरी यिनीहरुको संस्कृति धेरै खर्चालु रहेको छ । चाडपर्व, विवाह, मृत्यु, नामाकरण जस्ता संस्कारमा ज्यादै खर्च गर्ने र गर्नुपर्ने हुन्छ । विभिन्न थरमा विभाजिकत सतार जातिको संस्कृति पनि जातिगत नै छ । त्यस्तो संस्कृति उनीहरुको जातिमा मात्र सिमित छ । यिनीहरुले मनाउने चाडपर्व पूजा गर्ने विधि, संस्कार, पराम्परा आफ्नै किसिमले गर्ने भएकाले जातिगत भनिएको हो । भेषभुषा, खानपान, रहनसहन पनि आफ्नै शैलीको छ । सतारहरु आफूलाई छुट्टै धर्मावलम्वी भएको बताएता पनि अधिकांश सतारहर हिन्दु धर्मावलम्बी भएको वताउँछन् । तर अहिले आएर केही सतारहरु क्रिश्चियन धर्मप्रति झुकाव राख्ने गरेको पनि पाइन्छ ।

भेषभुषा, रहनसहन, चाडपर्व, संस्कार, चालचलनमा अहिले आएर केही परिवर्तन भएको पाइन्छ । आफ्नो परम्परालाई चटक्कै छोडेका त छैनन् तर हाल आएर भेषभुषमा परिवर्तन आएको छ । केटाहरु पेन्ट, सर्ट, लगाउने र केटीहरु कुर्ता सलवार, पाइन्ट सर्ट, साडी, चोलो र केटीले पोते पनि लगाउने गरेका छन् । चाँदीका गहना लगाउने महिलाहरु हाल आएर आर्थिक विपन्नताको कारण साथै अन्य जातिहरुको देखासेकीले बजारमा पाइने नयाँ नयाँ वस्तुको प्रयोग गर्न थालेका छन् । केही युवायुवतीहरु चाडपर्व मेलामा आफ्नो परम्परागत पहिरन लगाउने गर्दछन् । चाडपर्वहरु पनि पहिलेको जस्तो ऋण खोजेर भएपनि माछा मासु, जाँड, रक्सी खाएर धुमधामका साथ मनाउने प्रचलनमा केही कम भएको छ । सोहराय, दशैं पर्व भन्ने मनाउने गरेको पाइन्छ ।

संगीतको मौलिकतामा परिवर्तन आएको छ । सतार भाषाको गीत संगीतमा मात्र रमाउने युवाहरु  अहिले हिन्दी, नेपाली गीत संगीतमा रमाउन थालेका छन् । छिमेकीहरुको विवाह पूजामा आमन्त्रण गरिएको छ भने उनीहरु गएर नाचेर मनोरञ्जन गर्दछन्, यसरी

उनीहरुमा गीत संगीत प्रति केही परिवर्तन भएको ठानिन्छ । भाषामा परिवर्तन आएको छ, नयाँ पूस्ताले नेपाली भाषा प्रयोग गर्ने गरेका छन् । जन्म, विवाह, मृत्यु संस्कारमा पनि परिवर्तन भएको छ । अहिले उनीहरुले पहाडे मूलका हिन्दुहरुले जस्तो बद्री, श्याम, हरि, कृष्ण, गोपाल, सिता, शान्ति, गीता, सपना, दिपा आदि जस्ता छोराछोरीको नाम राखेको छन् । यो उनीहरुको जीवनमा आएको संस्कृतिकरण र आधुनिकीकरणको प्रभाव हो ।

नेतृत्व विकास र राजनीतिमा पनि सतारहरु अहिले केही अगाडि बढेका छन् । नेपालमा तुर्सा हेनरम, सोम सोरेन जस्ता व्यक्तिले नेपालको राजनैतिक आन्दोलनमा आफ्नो जातिय उत्थानको लागि अगाडि बढेको पाइन्छ । मराङवुरु सन्थाली कला परिषद, हलियाड आन्दोलन समिति, नेपाल सन्थाली महिला संघ २०६३, आदिले संगठित रुपमा जातिय उत्थानको लागि नेतृत्वदायी भूमिका खेलेको पाइन्छ

उत्तरदाताको शैक्षिक स्थितिलाई हेर्दा ४० घर परिवारमा रहेका जनसंख्याको अध्ययनमा ४५ प्रतिशत घर धुरिले ५ देखी १० हजार सम्म शिक्षामा खर्च गरेको पाइएको छ । यसरी हेर्दा पहिलेको तुलनामा शिक्षितहरुको संख्या केही बढे पनि अन्य जातिको तुलनामा भने अत्यन्त कम मान्न सकिन्छ ।

औषधी उपचारको सम्बन्धमा अध्ययन गर्दा ४० घर परिवारमा १५००० भन्दा बढी औषधी उपचारमा खर्च गर्ने संख्या कम देखियो । धेरै सातर जतिहरु धामी झाक्रीमा विश्वास गर्दा रहेछन् । बच्चाहरुलाई दिइने खोप तथा प्राथमिक उपचार प्रती तत्परता देखियो । यति हुनु भनेको पनि यिनीहरुमा आएको स्वास्थ्य प्रतिको चेतना नै मान्नु पर्दछ ।

धेरैं जग्गा भएका भूमिपति सतारहरु आज त्यही आफ्नो जमिनमा मजदुरको रुपमा पसिना बगाउनु परिरहेको छ । यसको मुख्य कारण अशिक्षा नै मान्नुपर्ने हुन्छ भने अन्य कारणहरुमा समय सापेक्ष आफूलाई परिवर्तन गर्न नसक्नु, सम्पत्तिको महत्व नबुझ्नु, खर्चिलो परम्परा, पछौटेपन र अवसरको सदुपयोग गर्न नसक्नु, अथवा नजान्नु रहेको छ । जसको फलस्वरुप आज कि त मजदुरी गर्नुपर्ने वा अधिया ठेकामा खेती गर्नु पर्ने वाध्यता रहेको छ ।

व्यापार व्यवसायमा हाटवजारमा रक्सी, जाँड को व्यवस्थित व्यापार गर्ने, घुम, मला, भकारी, ढाकी, डोरी बनाएर बेच्ने गरेको पाइएता पनि अहिले आएर यस्तो व्यापारमा केही

कमी आएको पाइन्छ । युवाहरु पढ्ने, कोही कामको खोजीमा घर बाहिर रहने भएकोले पनि यस्तो काममा समय दिन नसकेको देखिन्छ ।

यिनीहरुको मुख्य पेशा कृषि हो भने मजदुर पेशा गर्नेहरुका पनि अधिकांश कृषि मजदुरीमा (चिया बगान तथा अन्य) मानै निर्भर रहनुपर्ने समस्या छ । शिक्षा, ज्ञान, सीप र आर्थिक अभावमा बैकल्पिक पेशा नभएकाले यिनीहरुले दैनिक हात मुख जोड्न पनि ठूलो समस्या देखा परेको छ ।

## ७.२ सुझावहरु

नेपालको सतार्हरुको बारेमा हाल आएर मात्र केही खोजी गरिएको पाइन्छ । जुन क्रमलाई जरी रखी विस्त्रित रुपमा खोजी गर्न आवश्यक छ । यहाँका सतार जातीको आर्थिक पाटन, अशिक्षा र आचेतनशिलताले गर्द उनिहरु को बिकास र प्रगतिमा गम्भिर भएर सोच्ने बेला आएको छ । सतार समुदयमा पइेएका कम्जोर पक्षलाई सुधारइनु पर्छ भन्ने उदेश्यले केही सुझावहरु पेस गरिएको छ जुन तल उल्लेख गरिएको छ ।

- सर्वप्रथाम शिक्षाको महत्व बुझौनु पर्ने, शिक्षा प्रती प्रोत्सहित गर्नु पर्ने , विद्यालयमा विशेष सुविधा उपलब्ध गराउनु पर्ने ।
- उच्छ शिक्षाको लागि निशुल्क प्रदान गर्नुपर्ने ।
- सतार हरुको आय श्रोत बढाउने तर्फ बिशेष ध्यान दिनु पर्ने ।
- परम्परागत पेशालाई ब्यवसायी किसिमले अघी बढाउने र शिपमुलक कार्यलाई सहयोग गरेर प्रोत्साहन दिने ।
- कृषि ब्यबसायीको लागि सिचाइ ,कुलो ,बाधको ब्यबस्था गरिदिनु पर्ने ,सरकारी रीण उपलब्ध गराइ आयश्रोतमा ब्रिध्धी गराउने ।
- यस्ता अपहेलित जातिलाई प्राबिधिक तालिमको आयोजना गरी उनिहरुको रोजगारको समस्या हटाउने साथै सिपमुलक तालिम हरुको आयोजना गरिनुपर्ने ।
- संस्कृति गत कुरालाई प्रशय र महत्व दिदै संरक्षण पनि गर्नु पर्ने तर धर्मिक कार्य र चाडपर्वमा गरिने अत्यधिक खर्चालुपन हटाउनलाई चेतना जगाउनु पर्ने ।
- जनसंख्या वृद्धि दर काम गर्न परिवार नियोजनको महत्व बारे जन चेतना फैलौनु पर्ने ।

- स्वास्थ्य सम्बन्धी प्रचार प्रसार गर्नु पर्ने । चुरूत तथा मदिरा सेवान वाट स्वास्थ्यमा हुने हनिकरकको बारे जानकारी गराउनु पर्ने ।
- नागरीकतामा सुलब पहुच पुर्याउनु पर्ने ।
- सतार भाषाको खोजी, लिपिको खोजी र अनुसन्धानमा सहयोग पुर्याउनु पर्ने ।
- कनुनी रुपले नै उनीहरुलाई संरक्षण गर्नु पर्ने ।

# सन्दर्भग्रन्थ सूची


कट्टेल, मदन प्रसाद(२०६२).'सतार सामाजिक जीवन र रितीरिवाज अप्रकाशित शोधग्रन्थ.त्रि.वि.वि. कीर्तिपुर

के.त.वि.(२०६८) .स्टाटिकल इयर बुक अफ नेपाल. काठमाडौं

के.त.वि.(२०५८) .स्टाटिकल इयर बुक अफ नेपाल. काठमाडौं

के.त.वि.(२०४८). स्टाटिकल इयर बुक अफ नेपाल. काठमाडौं

चन्द्रगढी गा.वि.स. (२०६८). चन्द्रगढी गा.वि.स. को चिनारी. झापा

जि.वि.स.,(२०६४) .झापा जिल्ला एक झलक झापा भद्रपुर

दाहाल, चिन्तामणी (२०५०). सतार जाति र तिनीहरुको सांस्कृतिक स्वरुप.अप्रकाशित शोधग्रन्थ. काठमाडौं : .ने.रा.प्र. प्रतिष्ठान

दाहाल, डिल्लीराम (२०३६). धिमाल लोक जीवन अध्ययन ने.प्र.प्र. कमलादी. काठमाडौं

नेपाल जनजाति महासंघ, संघीय परिषद विश्व आदिवासी दिवस. (अगस्ट ८, २००२) प्रतिवेदन

नेपाल, रत्नमणी, (२०६१) चन्द्रगढी झापाका सन्यालहरुको आर्थिक र शैक्षिक अवस्थाको विश्लेषण.अप्रकाशित शोधग्रन्थ, कीर्तिपुर

प्रसाई, जीवनाथ. (२०४०). सतारहरुको एक जातीय अध्ययन.अप्रकाशित शोधग्रन्थ .समाजशास्त्र विभाग कीर्तिपुर

पराजुली, मीना (२०५२). सामाजिक जीवन र रीतिरिवाज. अप्रकाशित शोधग्रन्थ. कीर्तिपुर

पाण्डेय, मधुसुधन (२०६०).नेपालका जनजातिहरु. साझा प्रकाशन.काठमाडौं

पन्त, शास्त्रदत्व(२०४१). झापाका आदिवासी.साझा प्रकाशन .काठमाडौं

विष्ट, डोरबहादुर(२०३०) .सवै जातको फूलबारी. साझा प्रकाशन, काठमाडौं ।

विष्ट, दौलत विक्रम(२०२४) .सतार जातिको नृत्य हाम्रो संस्कृति. वर्ष एक.अङ्क ३.सिंहदरवार. काठमाडौं

विष्ट, राजेन्द्र(२०५८) .सतार जाति सामाजिक जीवन र रितीरिवाज. अप्रकाशित शोधग्रन्थ. कीर्तिपुर

भट्टराई, टिका (२०६०).अनुसन्धान पद्दति. नेसनल बुक सेन्टर. काठमाडौं

मानव विकास प्रतिवेदन (२०६१).

शर्मा, टिकाराम(२०५४).नेपालका सतारहरु पैरवी प्रकाशन, काठमाडौं

शर्मा नगेन्द्र (२०५२) .नेपाली जनजीवन साझा प्रकाशन. काठमाडौं

अन्ना बुक लेण्ड(२०५०).सन्ताल जातिको एक परिचय रा.ज.म.स.

आर.एस.मसफ हल (1953). क्याम्पवेल्स सन्थाल इङ्गलिस डिक्सनरी. विहार

डोमन, साहु समीर (1960). संथाली भाषा और साहित्य. पञ्चदश लोक भाषा निवन्धवाली विहार राष्ट्र भाषा परिषद गया.

वास्के, केथरिन(1978). सन्याल जाति, समाज और साहित्य उडालगुडी साहित्य प्रकाशन. दुम्का

अंग्रेजी भाषाका सन्दर्भहरु

Bista, Dor. B. (1967).  People of Nepal. Ratna Pustak Bhandar. Ktm.

Caplon. L (1970). Land and Social Change in East Nepal. London.Roulledge and Kegun. Pant